
चैत १, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# चौपट हालत

## अन्तरिम सरकार गठन भए पनि मुलुकको हालत सुध्रिएला त ?

■ भारतीयलाई भटाभट नागरिकता

मूल्य रु. २५



बन्द विराटनगर नाका । अनिश्चितकालीन भन्सार नाकाबन्दीले तराईको अर्थतन्त्र प्रभावित भएको छ

समय




**आवरण :** चैत १ मा अन्तरिम सरकार बन्ने निर्णय भए पनि मुलुकको चौपट हालतमा तत्काल सुधारको कुनै लक्षण छैन । भन्सार नाकाबन्दी, अनिश्चितकालीन बन्द, पेट्रोलियम पदार्थ अभाव, कलकारखाना बन्दजस्ता समस्याले तराईमात्र आक्रान्त छैन, सिंगो मुलुक नै यसको चपेटामा परेको छ । के आठ दलसँग यसमा सुधार ल्याउने कुनै अस्त्र छ ? ३०

वर्ष ३, अंक १४७, फागुन २५–चैत १, २०६३




आवरण : भन्सार नाकाबन्दीले भारतसँगको सम्पूर्ण कारोबार ठप्प भएको छ
*तस्वीर : समय*

## विशेष रिपोर्ट

तराईमा अहिलेसम्म बाँडिएका १२ लाख नागरिकता सबै नेपालीले नै पाए त ? सीमावर्ती क्षेत्रका भारतीयहरूले ठूलो संख्यामा नागरिकता पाएको खुलासा भएको छ २६

## रिपोर्ट


कहाँ छन् बेपत्ता सुरक्षाकर्मीहरू ? १६
सुरक्षाको नाममा कानुन हातमा १८
सधैंको बन्द : अति भयो २०


## अन्तर्वार्ता

सरकारमा सामेल एमालेका केन्द्रीय सदस्य अमृतकुमारको प्रश्न छ, खै कहाँ छ सरकार ? २८

## नारीदिवस विशेष

नब्बे वर्षको नेपाली महिला आन्दोलन मुक्तिको मागबाट समान अधिकारसम्म पुगेको छ ३४



भास्कर ओझा

**रंग :** राजधानीमा साताव्यापी लोकदोहोरी महोत्सवको राम्रै रंग चढ्यो ५४


सम्पादकीय ................ ५
चसक ................ ६
डाँक ................ ८
टिपोट ................ १०
मुलुक ................ १४
साहित्य ................ ५१
अनुहार ................ ५७
शून्य समय ................ ५८

समय
का.जि.प्र.का.द.नं. १७०/०६०/६१


# अर्को खेलबाड

**बनावट र** संचालनशैली तथा स्पष्ट राजनीतिक पूर्वाग्रहका कारण विवादमा आएको रायमाझी आयोगको प्रतिवेदन सार्वजनिक गर्ने सरकारको निर्णय ढिलै भए पनि कानुनी र नैतिकरुपले स्वभाविक प्रक्रिया मानिनुपर्छ । तर सरकारको प्रस्तुति र निर्णयमा थुप्रै कमजोर पक्षहरू छन् र तिनीहरूले आगामी दिनमा गम्भीर परिणति निम्त्याउने स्पष्ट देखिन्छ । खासगरी सरकारी पक्षको राजनीतिक नेतृत्वसँग निजामती तथा सुरक्षानिकायको सम्बन्धलाई यसले खतरनाक रुपमा प्रभावित गर्नेछ ।

आयोगले गठनदेखि आफ्नो प्रतिवेदन बुझाउने अवस्थासम्म गृहमन्त्रीको कठपुतलीका रुपमा काम गरेका अनेकौं प्रमाणहरू छन् । कुनै पनि छानबिन आयोग कार्यकारीको हातमा राजनीतिक प्रतिद्वन्दी तथा निजामती र सुरक्षा प्रशासनका व्यक्तिहरूलाई अपारदर्शी र बदलाको नियतबाट सताउने औजारको रुपमा प्रयोग हुन सक्तैन । तर दुर्भाग्य रायमाझी आयोगले त्यही गरेको छ । उसको छानबिन, अनुसन्धान र दोषी ठहऱ्याउने वा सफाइ दिने शैलीमा एकरुपता छैन ।

मन्त्रिपरिषद् समितिले त्यसलाई केलाउने र अन्यायमा परेकाहरूप्रति न्याय गर्ने अवसर पाएको थियो । तर जुन आयोग जन्मदेखि नै नीति र नैतिकताबाट विचलित बन्न पुग्यो । त्यसको प्रतिवेदन सुधार्न सम्भव थिएन । त्यसैले त्यसको त्रुटिपूर्ण कार्यान्वयनको फल गम्भीर हुनेछ र स्वभाविकरुपमा त्यसको अपराध सरकारको थाप्लोमा जानेछ ।

## सम्पादकीय




भास्वर ओझा

मन्त्रिपरिषद्ले राजनीतिक नेतृत्व तहलाई राजनीतिक रुपमा कारबाही गर्ने निर्णय गरेर राज्य संचालनमा उत्तरदायित्वको सिद्धान्तको अन्त्येष्टि गरेको छ । तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष अर्थात् राजाबारे निर्णय गर्ने जिम्मा भविष्यमा जन्मिने संविधानलाई दिइएको छ भने राजनीतिक नेतृत्व वर्गलाई चुनावमा भाग लिन नपाउने निर्णय गरेर सत्ताको आडमा राजनीतिक फाइदा लिने अप्रजातान्त्रिक चरित्र वर्तमान सत्ताले प्रस्तुत गरेको छ ।

तेस्रो र अझ गम्भीर परिणति यसले प्रशासन र सुरक्षानिकायहरूलाई राजनीतिक निर्णय तथा आदेश अवज्ञा गर्ने छुट दिएको छ । निजामती तथा सुरक्षानिकायहरू सरकारका नीति निर्देशन कार्यान्वयन गर्ने अंगहरू हुन् । त्यो सम्बन्धलाई प्रभावित गर्नेछ यदि स्वेच्छाले र राजनीतिक आदेश तथा नीतिविना जनआन्दोलन दबाएको ठहर नभई केही सुरक्षा तथा निजामती सेवाका कर्मचारीहरूमाथि कारबाही गर्ने निर्णय सरकारले गर्छ भने ।

जनआन्दोलनताका प्रदर्शनकारीहरू मारिएका जिल्लाका सुरक्षा र निजामती सेवाका प्रमुखहरूलाई कारबाही गर्ने सिफारिसमा कुनै अपवाद छ वा छैन र आयोगमा बोलाइएका २५६ लाई ९४ लाई कुन आधारमा सफाइ दिइयो, कस्तो मोलतोल वा समझदारीपछि त्यो नकेलाएर सरकारले अर्को अपराध गरेको छ ।

कुनै पनि न्यायमा आधारित राज्य व्यवस्थामा रायमाझी आयोगको प्रतिवेदन औचित्यहीन र अन्यायपूर्ण मात्र हैन, राजनीतिक चरित्र र बदलाको नियतबाट ऊ प्रभावित भएकाले वास्तवमा उसले जनआन्दोलन दबाउनेहरूलाई बचाउन अपराध गरेको छ । मन्त्रिपरिषद्ले त्यो अपराधलाई राजनीतिक अनुमोदन प्रदान गरे पनि यो गम्भीर विषयमा अन्तिम निर्णयका लागि सम्भवतः उचित अवसर र परिस्थितिमा न्यायालय नै अगाडि आउनुपर्नेछ । ■

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
मनोज दाहाल
**विशेष संवाददाता (ब्यूरो चिफ)**
विश्वमणि पोखरेल
**प्रमुख संवाददाता**
किरण भण्डारी
**वरिष्ठ संवाददाता**
सुवास देवकोटा
मधुसूदन पौडेल
नवीन अर्याल
छत्र कार्की
**संवाददाता**
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (संयोजक)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (प्रबन्धक)
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा

**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा प्रकाशित तथा मिलेनियम प्रेस, हात्तीवन, ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२




## समय साता

**बन्द**
जनआन्दोलनका घाइते मुकेश कायस्थलाई सरकारले उपचार नगरेको भन्दै बनेपावासीद्वारा बनेपा बन्द। जनआन्दोलनमा गोली लागी घाइते भएका कायस्थ अहिलेसम्म अचेत छन्।

**बयान**
अख्तियार अनुसन्धान आयोगद्वारा राजाका पालामा जनआन्दोलन दबाउन पद दुरुपयोग गरेको र राज्यको कोष जथाभावी खर्च गरेको भन्दै तत्कालीन गृहमन्त्री कमल थापासँग बयान।

**सहयोग कटौती**
संयुक्त राष्ट्रसंघले नेपालमा जारी शान्ति प्रक्रियाका लागि छुट्याएको रकम कटौती गर्ने। राष्ट्रसंघले यसअघि करिब एक करोड डलर सहयोग गर्ने बताए पनि अहिले आएर झन्डै पाँच लाख डलर कटौती गर्ने बताएको छ।

**माफी मागे**
आफूसँग हतियार भएको र शक्ति भए कारबाही गर्न चुनौती दिएका माओवादीले व्यवस्थापिकासमक्ष माफी मागेका छन्। माओवादीका तर्फबाट अन्तरिम विधायिकामा सामेल सांसद लोकेन्द्र विष्टले यस्तो चुनौती दिएका थिए।



**दुर्घटना**
नवलपरासीको जौबारीस्थित फिरफिरे डाँडाबाट एक यात्रुवाहक जिप खस्दा ६ जनाको मृत्यु, १२ जना घाइते।

**वृद्धि**
चीनद्वारा सैन्य खर्च बढाएर यस वर्ष १८ प्रतिशतले वृद्धि। अब चिनियाँ सैनिक खर्च ४४ अर्ब ९४ करोड अमेरिकी डलर पुगेको छ।



**चेतावनी**
जनतान्त्रिक तराई मुक्तिमोर्चा ज्वालासिंहद्वारा सरकार वार्ताप्रति संवेदनशील नभएको भन्दै हाल मोर्चाद्वारा गरिएको एकतर्फी युद्धविराम भंग गरिने चेतावनी। ज्वालासिंहले संघीय, मधेस राज्य जस्ता मागहरू राखेको छ।

**निर्देशन**
माओवादीले अवैध हतियार राखेको हुन सक्ने बहस तीव्र भएपछि संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रदीप ज्ञवालीद्वारा एमालेका कार्यकर्तालाई गैरकानुनी हतियार जफत गरेर सरकारलाई बुझाउन निर्देशन।

**बर्खास्त**
मदिरा सेवन गरी स्थानीय बासिन्दासँग झगडा गरेर सैनिक आचार भंग गर्ने दुईजना नेपाली सेनालाई सैनिक अदालतद्वारा बर्खास्त। उनीहरूले नवलपरासीमा अनुमतिविना ब्यारेक छाडेर बाहिर गई मदिरा सेवन गरेर स्थानीय बासिन्दासँग झगडा गरेका थिए।

**वृद्धि**
भारत सरकारले नेपाललाई दिँदै आएको आर्थिक सहायता यसै वर्षदेखि वृद्धि गरेर दोब्बर बनाएको छ। विगतमा ६९ करोड आर्थिक सहायता दिँदै आएको भारतले यस वर्ष वृद्धि गरेर एक अर्ब ३८ करोड पुऱ्याएको हो।

**आग्रह**
प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा संविधानसभाको निर्वाचनका लागि र सरकारमा माओवादीलाई समेट्नका लागि माओवादीहरूले तत्काल आफ्नो व्यवहार सच्याउन आग्रह।




## माओवादीलाई फलामका चिउरा

*समय* (वर्ष ३, अंक १४४) मा नेपालको कम्युनिष्ट पार्टी माओवादीको आन्दोलनलाई विश्लेषण गरी सोमत घिमिरेद्वारा लेखिएको 'खै त वर्गीय मुद्दा' शीर्षकको विचार पढ्दा वास्तवमै माओवादीलाई शान्ति प्रक्रिया फलामकै चिउरा भएको हो कि जस्तो लाग्यो । माओवादीले जनयुद्ध सुरु गर्दा राजनीतिक चेतना भएका व्यक्तिलाई बन्दुक बोकाएर ठूलो उपलब्धि गुमाएको छ । हतियारसँग प्रेम गर्न थालिसकेका स्थानीय माओवादी कार्यकर्ताहरू यसलाई चटक्क छाडेर बस्न सक्लान् भन्नेमा साँच्चिकै द्विविधा छ । यति बेला हतियार प्रमाणीकरणमा ३२ हजार सेनाको हतियार ३ हजार मात्रै हुनुले पनि यस कुरालाई उजागर गर्छ । माओवादीका माथिल्लो स्तरका नेतामा देखिएको राजनीतिक छवि तथा प्रतिष्ठा र जनस्तरका माओवादी नेता र कार्यकर्तामा देखिने छविबीचको खाडल पुर्न माओवादी पार्टी निकै गम्भीर बनेर लाग्नु आवश्यक छ । माओवादीलाई युद्ध जितेर नै आएको भान भइरहने र हामी पनि अरू राजनीतिक दलकै पंक्ति बीचमा छौं, भन्ने कुरा बिर्सेर युद्धकालीन बोली र व्यवहार देखाइरहने हो भने माओवादीको क्षयीकरण हुने कुरामा दुई मत छैन । 'मेरो गोरुको बाह्रै टक्का' भनेझैं जस्तोगरी आफ्नै शक्तिकै मात्र बयान गरेर मानवअधिकार, स्वतन्त्रता र राजनीतिक प्रतिस्पर्धालाई नमान्ने माओवादी आजको अवस्थासम्म आइपुग्दा फेरि त्यही आधारस्तम्भमा उभिन पुगेको छ । यो माओवादीको लागि साह्रै अप्ठ्यारो र बोकी नसक्नुको भारी भएको छ । मधेस तथा कर्णाली प्रदेशको स्वायत्तता, वर्गीय, जातीय र लैंगिक मुद्दालाई माओवादीकै शब्दमा पुरानो सत्ताले प्रयोग गर्ने 'मुट्ठीभर' शब्द सापटी लिएर अध्यक्ष प्रचण्ड आफैंले बोल्नुले र तराई आन्दोलनको सुरुवातसँगै यसलाई दमन गरिनु पर्छ भन्ने प्रचण्डको अभिव्यक्तिले एक्काइसौं शताब्दीको 'महान् तथा गौरवशाली पार्टी' लाई शंकाकै घेरामा राखेको छ । दस वर्षसम्म एकदलीय शासनको बन्धनबाट उम्कन नसकेका माओवादी कार्यकर्तालाई बहुदलवादको प्रतिस्पर्धामा भिड्न साह्रै गाह्रो भएको छ । यसकारण शक्तिप्रदर्शन गर्न समेत पछाडि परेका छैनन् । अबका दिनमा माओवादीले थोरै भए पनि बहुदलवादी चिन्तनलाई व्यवहारमा नउतार्ने हो भने यो पार्टी आफूले खनेको खाडलमा आफैं नफस्ला भन्न सकिन्न ।

■ **मच्छिन्द्र तिवारी**
बेलकोट, नुवाकोट

## दण्डहीनताको पराकाष्ठा

यति बेला मुलुक अत्यन्तै अन्योलग्रस्त, भयभीत र आतंकित छ । जनतामा लोकतन्त्रको अनुभूति हुन नपाउँदै लोकतन्त्रमाथि धावा बोलिन थालिएको छ । निरंकुश र प्रतिगामी तत्त्वहरू अनेकन् तानाबाना बुनिरहेका छन् । अन्तरिम संविधानमा निलम्बित राजा ज्ञानेन्द्रले सन्ताउन्नौं प्रजातन्त्रको उपलक्ष्य पारेर आफू नै राजा हुँ भनी विज्ञप्ति जारी गर्नु वर्तमान सरकार तथा आठ राजनीतिक दलहरू लोकतान्त्रिक प्रक्रियामा असफल भएको प्रमाण हो । नेपाली जनताले १९ दिनको जन आन्दोलनमार्फत परास्त गरेका थिए । लोकतन्त्रको स्थापनापछि त्यति नै बेला गणतन्त्र घोषणा गरेका भए नेपाली राजनीतिले अर्कै मोड लग्ने थियो, तर त्यसो हुन सकेन । विकेन्द्रीकरण शासन प्रणालीअनुसार संघात्मक राज्य प्रणालीलाई समावेशी मान्यतामा दलित, जनजाति, पिछडिएका वर्ग तथा महिलाहरूको प्रतिनिधित्व हुने गरी जनतालाई वास्तविक मुलुकको मालिक बनाउनु पर्छ । सरकारले दण्डहीनतालाई प्रश्रय दिन खोजेका कारण मुलुकमा अराजकताको खतरा बढेको हो । बन्द, तोडफोड र ध्वसंबाट मात्र जनताको कुरा सुन्ने सरकारी बानीमा परिवर्तन आउनु पर्छ । वर्तमान मुलुकको सम्पूर्ण अवस्थाले दण्डहीनताको पराकाष्ठालाई प्रतिनिधित्व गर्छ ।

■ **भुमराज तिवारी**
बेल्कोट-७, अमारे

## त्याग्नु पर्‍यो हतियारको घमन्ड

*समय* (वर्ष ३, अंक १४६) को माओवादीको दादागिरी पढ्ने मौका पाइयो । सामयिक रिपोर्टिङका लागि *समय*लाई विशेष धन्यवाद ! हतियारको राजनीति त्यागेर खुला राजनीतिमा आएको माओवादीले दादागिरीले उनीहरूमाथिको विश्वासलाई नै ध्वस्त पार्छ । यो कुरा माओवादी नेतृत्वले बुझ्न सक्नुपर्छ । जनताको विश्वासलाई माओवादीको दादागिरी ओझेलमा पार्दै जाने हो भने उनीहरूको हार निश्चित हुन्छ । यसलाई माओवादीले मनन गर्नु आवश्यक सक्छ । सर्वसाधारण, कामकाजी, ज्यामी, मजदुर, यातायात मजदुरमाथि माओवादीले दादागिरी गर्न थाल्ने हो भने आउँदै गरेको संविधानसभामा उनीहरूको हारको सम्भावना रहन्छ । यसतर्फ माओवादीको समयमै ध्यान पुगोस् ।

■ **सुमन अधिकारी**
हेटौंडा

## यात्राको यो मोडमा

गुमाएर आमाको काख
भाइको हात
सट्टामा हामीले स्वतन्त्रता पाएका छौं
र सँगै कन्टेनर बिर्साउने
एउटा फोहर बस्ती पनि पाएका छौं
बन्धकी परेको आफ्नो टाउको फिर्ता पाएका छौं
पाउनु र गुमाउनुको दोसाँधमा उभिएर
दासता र दमनको खेतीबाट मुक्ति पाएका छौं
त्यसैले,
लामो अँध्यारोपछिको यो उज्यालोमा
अर्थोक केही गर्न नसके पनि
सहिदहरूको नाममा
हामी सबैले सबैलाई जोगाउनु परेको छ ।

■ **दिनेश अधिकारी**



## हतियारको घमन्ड

*समय* (वर्ष ३, अंक १४४)मा माओवादीले देखाउँदै आएको हतियारको घमन्ड पढ्ने मौका पाइयो । विधायिका जस्तो जिम्मेवार स्थानमा पुगेका माओवादी नेतृत्वले 'मसँग हतियार छ, कारबाही गर्न सक्छौं भने गर' भन्ने जस्ता कुराले माओवादीकै अस्तित्वलाई धरापमा पार्छ । मुलुकका विभिन्न स्थानमा माओवादीले गर्दै आएको हतियार प्रदर्शनले संविधानसभाको चुनाव कसरी निष्पक्ष हुन सक्छ भन्ने प्रश्न खडा भएको छ । यस्ता बेला माओवादीले आफूसँग भएको हतियारको घमन्ड त्याग्नु जरुरी छ ।

■ **विनयराज पन्त**
धापासी-काठमाडौं

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४**

**प्रसिद्ध चिनियाँ यात्री फाइयान र हुएन साङले बोधगयाको वैभवको वर्णन आफ्ना प्रसिद्ध यात्रा संस्मरणमा गरेका छन्, तर बाह्रौं शताब्दीदेखि मुसलमानहरूको आक्रमणले बुद्धतीर्थहरूले ठूलो दुर्दशा भोग्नु पर्‍यो ।**

# बुद्ध महातीर्थ



■ स्वामी आनन्द अरुण

**बुद्ध तीर्थहरूका** तीन वृत्तहरू छन् । पहिलो वृत्तमा चार स्थानहरू पर्छन् : लुम्बिनी जहाँ बुद्ध जन्मे, बोधगया जहाँ बुद्धले बुद्धत्व प्राप्त गरे । सारनाथ जहाँ बुद्धत्व प्राप्तिपछि असारपूर्णिमाका दिन बुद्धले पञ्चभद्रलाई उपदेश दिए र धम्मचक्र परिवर्तनको महान् कार्यको प्रारम्भ गरे । कुशीनगर जहाँ बुद्धले महानिर्वाण प्राप्त गरे ।

दोस्रो वृत्तमा ती स्थानहरू पर्छन्, जहाँ बुद्धले अनेकपटक परिभ्रमण गरे र जहाँ बुद्धका विहारहरू बने । ती हुन्, राजगृही, वैशाली, श्रावस्ती र संकिसा । यी आठ स्थानलाई बौद्धका महातीर्थको मान्यता प्राप्त छ ।

तेस्रो तीर्थमण्डलमा त्यस्ता स्थानहरू पर्छन्, जहाँ बुद्ध स्वयं पुगे वा बुद्धका प्रसिद्ध भिक्षुहरू बसे अथवा ठूला विहारहरू बने । यस मण्डलमा अनेक तीर्थहरू पर्छन्, जस्तोः कौशाम्भी, नालन्दा, पटना, कपिलवस्तु, मथुरा, अजन्ता एलोरा, साची र उडिसाको धौली, रत्नागिरी, उदयगिरी र ललितगिरी इत्यादि ।

बुद्धप्रति मेरो असीम श्रद्धा र प्रेम भएकाले लगभग यी सबै तीर्थहरूको अनेकचोटि मैले यात्रा गरेको छु । साथै यी स्थानहरूमध्ये कुनै एक स्थानमा प्रत्येक वर्ष ओशो तपोवनले साधना शिविर आयोजना गर्ने गर्छ । यस्तो ठाउँमा पुगिसकेपछि साधक वा गैरसाधक, जो कोहीलाई पनि आन्तरिक शान्ति र उल्लासको अनुभूति हुन्छ । आज संसारका बौद्ध र गैरबौद्ध लाखौं यात्रीहरू यी स्थानहरूको भ्रमण गर्छन् । जापान, थाइल्यान्ड, कोरिया, श्रीलंका, भियतनामका साधकहरू त्यहाँ पुगेपछि आह्लादले भावविभोर हुन्छन् र कोहीकोही त लामो प्रवासमा त्यही रहन्छन् ।

आषाढ पूर्णिमादेखि आश्विन पूर्णिमासम्म परिव्राजक संन्यासीहरू एकै ठाउँमा बस्छन्, जसलाई वर्षावास भनिन्छ । बुद्धले ३५ वर्षका उमेरमा बुद्धत्व प्राप्ति गरे र ८० वर्षको उमेरमा शरीर त्यागे । बुद्धत्व प्राप्तिपछिका ४५ वर्ष उनीले परिव्राजकको जीवन बिताए । जसमा ४२ वर्षावासको उल्लेख बुद्ध साहित्यमा भेटिन्छ, तीमध्ये २४ वर्षावास एकै ठाउँ श्रावस्तीमा भयो । अधिकांश उपदेशहरू बुद्धले वर्षावासकै समयमा दिए । किनभने एकै ठाउँमा बसेपछि नियमित प्रवचन हुन्थे र सबैभन्दा बढी प्रवचन पनि बुद्धले श्रावस्तीमै दिए । श्रावस्ती बुद्धको प्रिय नगरी थियो । त्यस मुलुकका राजा प्रसन्नजित उनका अनन्य भक्त थिए र अनाथपिडण्क जस्ता नगरसेठ पनि बुद्धका परम भक्त थिए, जसले राजकुमार चेतबाट बढो चर्को मूल्यमा किनेर बुद्धलाई चेतवन दान दिएका थिए । बुद्धका अधिकांश प्रवचन त्यही चेतवन विहारमा भएका हुन् । आज पनि बुद्धको आवास गन्धकुटीको भग्नावशेष त्यहाँ देख्न सकिन्छ । श्रावस्ती बुद्धको सबैभन्दा प्रिय नगरी भएकाले यसलाई बुद्धतीर्थको प्रथम वृत्तमा सामेल गर्नैपर्छ भन्ने मेरो धारणा मैले बौद्धधर्मावलम्बीहरूका बीचमा राख्दै आएको छु । बुद्धको तीर्थस्थलहरूमा देवदहको नाम पनि छुटेको छ । यो स्थल पनि समाविष्ट हुनुपर्छ, जुन बुद्धको मावली, ससुराली पनि हो ।

प्रत्येक वर्ष बुद्धतीर्थमा हुने ध्यान शिविरमध्ये यसपालिको शिविर २ देखि ५ फेब्रुअरी बोधगयामा सम्पन्न भयो । यसको सुखद संयोग के भयो भने दलाई लामाको प्रवास पनि त्यही क्रममा बोधगयामै



थियो । उनको दर्शनका लागि विश्वभरबाट हजारौं मानिसहरू बोधगयामा उर्लिएका थिए । त्यहाँ एक विशेष आयोजन थियो । बुद्धका प्रमुख दुई शिष्य सारिपुत्र र महामोद्गल्यानको अस्तु प्रसिद्ध अंग्रेज पुरातत्त्वविद् कनिङ्गमले मध्यप्रदेशको साचीमा उत्खनन गर्दा भेटाएका रहेछन् र ती लगेर बेलायतको राष्ट्रिय संग्रालयमा राखिएको थियो । प्रसिद्ध बौद्ध सिंहाली भिक्षु धम्मपालको विशेष आग्रह र बौद्ध धर्मावलम्बीको लगातार दबाबले अनागरिक धम्मपालले स्थापना गरेको महाबोधी सोसाइटीको कोलकाताको प्रमुख कार्यालयलाई बेलायत सरकारले ती अस्तुहरू हस्तान्तरण गर्‍यो । दलाई लामाको विशेष प्रयासले त्यी अस्तुहरू कोलकाताबाट बोधगयाको महाबोधि सोसाइटीको मन्दिरमा सारियो । त्यसै समय श्रीलंकाबाट बुद्धका अस्तुको अंश पनि दलाई लामालाई हस्तान्तरण गरियो र यी तिनै अस्तु महाबोधि सोसाइटीको मन्दिरमा प्रतिस्थापित गरियो । त्यस विशेष अवसरमा हामी पनि सम्मिलित हुन पाएकोमा हामीले पनि आफूलाई अत्यन्त भाग्यमानी ठान्यौं ।

हिन्दुहरूको पवित्र तीर्थ तथा पिण्डदान गर्ने गया निरञ्जना नदीको तटमा अवस्थित छ । बौद्धधर्मावलम्बीहरूको मान्यता छ कि अनन्त जन्मको दुःखपूर्ण संसारको मायाजालबाट मुक्ति पाएकाले गयामा हिन्दुहरूले पूर्वजहरूको मुक्तिको लागि पिण्डदान गर्ने चलन बुद्धको संबोधिपछि मात्रै बसालेका हुन् र गयाको त्यो प्रसिद्ध विष्णुपाद मन्दिर वास्तवमा बुद्धकै पादुकाको मन्दिर हो किनभने बुद्धको पाउको पूजा गर्ने चलन बुद्धको समयमै अजातशत्रुले चलाएका हुन् ।

तर हिन्दुहरूको मान्यता भने फरक छ । उनीहरूको भनाइमा गया नामको असुरले अत्यन्त तपस्या गरी विष्णुलाई रिझायो र विष्णुले टेकेकै ठाउँमा प्रसिद्ध विष्णुपाद मन्दिर बन्यो । गयासुरले विष्णुबाट के आशीर्वाद माग्यो भने तपाईं सधैं यही राज गर्नुस् र यहाँ आएर सन्तानबाट श्राद्ध स्वरूप स्मरण गरी पिण्डदान पाएका पितृहरूलाई मुक्ति दिनुस् । हिन्दुहरूको तर्क के छ भने गया तीर्थको माहात्म्य ऋग्वेद र महाभारतमा पनि उल्लेख छ, जुन बुद्धभन्दा पनि अघिका ग्रन्थहरू हुन् । बुद्ध गयामा तपस्या गर्न आएको मुख्य कारण त्यो सनातन हिन्दु तीर्थस्थल भएकैले हो ।

प्रसिद्ध चिनियाँ यात्री फाइयान र हुएन साङले बोधगयाको वैभवको वर्णन आफ्ना प्रसिद्ध यात्रा संस्मरणमा गरेका छन्, तर बाह्रौं शताब्दीदेखि मुसलमानहरूको आक्रमणले बुद्धतीर्थहरूले ठूलो दुर्दशा भोग्नु पर्‍यो । बोधगया लगायत सबै बुद्ध विहारले आफ्नो गौरव गुमाए तथा निर्जन र बिरानो क्षेत्रमा परिणत भए । भारत वर्षमा बुद्धविहार र बुद्धमन्दिरलाई आफ्नो भन्ने कोही रहेन । सबै बुद्धमत राख्ने मानिसहरूले आफ्नो प्राण रक्षाको लागि या त इस्लाम धर्म स्विकारे या त भारतबाट बाहिरिए । सबै बुद्धतीर्थ खण्डहर बने । भारतमा अंग्रेजहरूको शासनकालमा उनीहरूको पुरातत्त्व प्रेमले गर्दा बुद्धतीर्थको केही उत्खनन र संरक्षण भयो । तिनलाई आफ्नो भन्ने कोही बौद्ध धर्मावलम्बी भारतमा नभएकाले ती सबैमाथि हिन्दु महन्तहरूले अधिकार जमाए । ■

osho@tapoban.com

# बिउँतियो हुलाक बैंक


बसन्त कनौजिया

**लामो समयसम्म** निष्क्रिय रहेको हुलाक बचत बैंकलाई बाँकेमा पुनः सक्रिय पारिएको छ। विसं. २०३३ सालमा हुलाक सेवाको अतिरिक्त सरकारले हुलाकलाई बैंकिङ संस्था सरह स-सानो रकम बचत गर्ने अधिकार दिएको थियो।

विपन्न वर्गलाई सहयोग पुगोस् भन्ने उद्देश्य राखिए पनि स्वयं हुलाक कार्यालयहरूले यसमा ध्यान नदिएका कारण सरकारी उद्देश्यअनुसार विपन्न व्यक्तिहरूले हुलाक बचत बैंकबाट फाइदा लिन सकेका थिएनन्। विगत ७ वर्षदेखि यो सेवा बाँकेमा बन्द थियो।

'वित्तीय संस्थाहरूले ठूलो रकम मात्र कारोवार गर्न थालेपछि थोरै आम्दानी गर्नेहरूले पनि भविष्यको लागि बचत गरून् भन्ने लक्ष्य राखी पुनः हुलाक बचत बैंकको कारोवार सुरु गरेका हौं', बाँकेका हुलाक अधिकृत वसन्त कनौजिया भन्छन्, 'व्यक्तिगत पहलमा लगभग बन्द भइसकेको सरकारी सेवालाई प्रयोगमा ल्याइएको हो।' उनका अनुसार ७ वर्षपछि विसं. २०६३ साल असोजदेखि पुनः थालिएको हुलाक बचत बैंकमा हाल ३० लाखभन्दा बढी रकम संकलन भएको छ। एक सय रुपैयाँमा खाता खोलेर २५ रुपैयाँदेखि बढी रकम जुनसुकै बेला हुलाक बचत बैंकमा जम्मा गर्न पाइन्छ। साथै चाहिएका बेला २५ रुपैयाँको पनि चेक काट्ने व्यवस्था मिलाइएको छ। खाता व्यक्तिगत, नाबालक वा संस्थागत रूपमा खोल्न पाइन्छ। चालू आर्थिक वर्षको अन्त्यसम्म एक करोड संकलन गर्ने उद्देश्य रहेको बताउने कनौजियाले जोसुकै व्यक्तिहरूले पैसा जम्मा गर्न सक्ने बताए। वार्षिक ५ प्रतिशत ब्याज दिने हुलाक बचत बैंकमा रकम जम्मा गर्नाको उद्देश्य थोरै आम्दानी भएका व्यक्तिहरूले थोरै पैसा भन्दै जथाभावी खर्च नगरी भविष्यको लागि केही बचत गर्न सकून् भन्ने रहेको सञ्चालकहरू बताउँछन्।

■ **रुद्र खड्का/नेपालगन्ज** (तस्वीर पनि)








अन्धविश्वास र कुरीतिमा लाग्दा जीवनमा आइपर्ने दुष्परिणामबारे जन-साधारणलाई सचेत र शिक्षित बनाउन असल नागरिकहरू अग्रसर भई मार्ग निर्देशन गर्नुपर्दछ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# दलित आयोगमा प्रतिगमन




भास्कर ओझा

दलित आयोग अध्यक्षमा भागवत विश्वासीको नियुक्ति भएपछि प्रतिगमन भएको दलित अधिकारवादी आन्दोलनमा उत्रिएका छन्

**सरकारले राष्ट्रिय** दलित आयोगको अध्यक्षमा राजाको निरंकुश शासनकालमा शाही कदमलाई समर्थन गरेका एमालेका भागवत विश्वासीलाई पुनः नियुक्त गरेको छ। उनको नियुक्तिले सिंगो दलित समुदायको उपेक्षा भएको भन्दै नेपाल स्वतन्त्र दलित विद्यार्थी संगठन लगायतका दलित संस्थाहरूले राष्ट्रिय दलित आयोगको कार्यालयमा अनिश्चितकालीन तालाबन्दी गरेका छन्।

एमालेले विश्वासीलाई दलित आयोगको अध्यक्षमा नियुक्ति गर्न मन्त्रिपरिषद्को बैठकमा प्रस्ताव राखेको थियो। २०६१ माघ १९ अगाडिको शेरबहादुर देउवा र एमाले सरकारको पालामा आयोगको अध्यक्षमा नियुक्त भएका विश्वासीले राजाले माघ १९ मा शासन आफ्नो हातमा लिएपछि आयोगको बैठकबाटै निर्णय गराएर समर्थन गरेका थिए। विश्वासीलगायतका तत्कालीन आयोगका बहुमत सदस्यले राजाको कदमको मन, वचन र कर्मले सहयोग गर्ने भन्दै निर्णय गरेका थिए। दलित नेताहरूले प्रतिगामी विश्वासीलाई पुनः नियुक्त गरेर एमालेले मण्डले चरित्र प्रदर्शन गरेको आरोप लगाएका छन्।

नेपाल स्वातन्त्र दलित विद्यार्थी संगठनका उपाध्यक्ष राम नेपाली भन्छन्, 'राजाको निरंकुश शासन कालमा आयोगको बैठकबाटै माइन्युट गरेर शाही कदमको समर्थन गरेका विश्वासीलाई पुनः नियुक्त गराएर एमालेले आफ्नो मण्डले चरित्र देखाएको छ।' आयोगको अध्यक्षको नियुक्ति परिवर्तन नगरेमा आन्दोलन गर्ने चेतावनी विभिन्न दलित संघसंगठनले दिएका छन्। नेपाली भन्छन्, 'नियुक्ति बदर नगरेमा कडा कार्यक्रमसहित आन्दोलनमा उत्रन बाध्य हुनेछौं।'

जनआन्दोलन-२ का क्रममा तीनजना दलितले आफ्नो ज्यान उत्सर्ग गरेका छन्। समतामूलक समाज निर्माण हुने आशासहित जनआन्दोलनमा सयौं दलितहरू घाइते भएका थिए। अहिलेको परिवर्तित अवस्थामा समेत निरंकुश शासनका मतियारहरूको नियुक्ति पुनः भएकोमा दलितहरूले सरकारप्रति नै आक्रोश व्यक्त गरेका छन्। उता दलित आयोगलाई अधिकारसम्पन्न बनाउन सरकारलाई चौतर्फी दबाव परे पनि अझैसम्म स्वायत्त निकायको रुपमा स्थापित गरिएको छैन।

■ **गोविन्द परियार/काठमाडौं**



# 'माओवादीमा चरित्रगत सुधार जरुरी'

**अमेरिकी विदेश** मन्त्रालयले नेपालसम्बन्धी तयार पारेको पछिल्लो प्रतिवेदनले हिमाली मुलुकको मानवअधिकारको अवस्था सन्तोषजनक नरहेको, राजनीतिक परिवर्तनपछि पनि न्यायिक स्वतन्त्रतामाथि राजनीतिक हस्तक्षेप भएको र शान्ति सुरक्षाको स्थिति चिन्ताजनक रहेको उल्लेख गरेको छ। गत वर्षको नेपाल चित्रण गरिएको प्रतिवेदनमा राजा ज्ञानेन्द्रको शासनकालका पछिल्ला तीन महिनाको लेखाजोखा गरिएको छ भने त्यसपछिको ९ महिनामा सात राजनीतिक दल र माओवादीको क्रियाकलापबाट उत्पन्न परिस्थितिको विश्लेषण छ।

जनआन्दोलन-२ पछिको राजनीतिक परिवर्तनपछि र गत मंसिरमा सरकारसँग शान्ति सम्झौता भइसक्दा पनि माओवादीले अपहरण, चन्दा असुली, धम्की जस्ता आपराधिक चरित्रमा सुधार नल्याएको टिप्पणी प्रतिवेदनमा गरिएको छ। माओवादी ज्यादतीले निरन्तरता पाउनुका पछाडि गृहमन्त्रीको आदेशमा सुरक्षानिकायहरूले उनीहरूविरुद्ध कारबाही गर्न नसकेको तथ्य प्रस्तुत गरिएको छ। माओवादी शान्ति प्रक्रियाबाट बाहिरिएला भन्ने मानसिकताले उनीहरूविरुद्ध कुनै पनि कारबाही नगरिएको अमेरिकी विदेश विभागले उल्लेख गरेको छ।

अन्तर्राष्ट्रिय पर्यवेक्षक र मानवअधिकारका क्षेत्रमा कार्यरत नेपालकै गैरसरकारी संस्थाहरूको प्रतिवेदनका आधारमा तयार पारिएको प्रतिवेदनले नेपालको राजनीतिक, न्यायिक, शान्ति सुरक्षालगायतका सामाजिक मुद्दाहरूको बारेमा तितो सत्य ओकलेको छ।

प्रतिवेदनमा शान्ति सम्झौतापछि पनि काठमाडौंबाहिर माओवादी अदालतले काम गरिरहेको, त्यस्ता अदालतको कार्यशैली कानुनसम्मत नभएको र कानुनका मान्य सिद्धान्तविपरीत सञ्चालन भइरहेको अवस्था दर्शाइएको छ। माओवादी अध्यक्ष प्रचण्डकै आदेशमा त्यस्तो काम भएको प्रतिवेदनमा छ। नेपालको न्यायपालिकाको वर्तमान स्थितिबारे अमेरिकी प्रतिवेदनमा उल्लेख विवरणले मुलुकको लोकतान्त्रिक छविमै प्रश्नचिन्ह लगाएको छ। उता सर्वोच्च अदालतले संसद्ले पास गरेका कानुनहरूका बारेमा पुनरावलोकन गर्नसक्ने र प्रश्न उठाउन सक्ने प्रावधान राखिएको भए पनि पुसमा संसद् आफैंले प्रस्ताव पास गरेर जनआन्दोलनको भावनाअनुसार अनुमोदन गरिएका प्रस्तावहरूमाथि अदालतले प्रश्न गर्न नपाउने बन्देज गरेको प्रसंग प्रतिवेदनमा छ।

प्रतिवेदनमा राजाको शासनकाल र अहिलेको सरकारको सुरक्षानिकायको संचालनबारे तुलनात्मक टिप्पणी छ। 'राजाको शासनकालमा सुरक्षानिकाय तुलनात्मक प्रभावकारी थिए, तर ती निकायले सरोकारवाला सरकारी निकायलाई बवास्ता गर्दै स्वतन्त्र भएर काम गर्थे। तर, सात दलको सरकारले सुरक्षा संयन्त्रलाई प्रभावकारी ढंगले संचालन गर्न सकेको छैन', प्रतिवेदनमा छ। गृहमन्त्री कृष्णप्रसाद सिटौलाले माओवादीका हत्या, हिंसा, धम्की, अपहरणका घटनामा पनि सुरक्षानिकायलाई कुनै हस्तक्षेप नगर्न निर्देशन दिएको अवस्था प्रतिवेदनमा चित्रित छ।

विस्थापितहरूको पुन:स्थापना हुन नसक्नुमा पनि माओवादी प्रमुख कारण भएको र संयुक्त राष्ट्रसंघीय विभिन्न निकाय र नेपालमा कार्यरत कारितास, एक्सन एड, रेडक्रस जस्ता अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको पहल र सक्रियता पनि काम नलागेको स्थितिसमेत चित्रण गरिएको छ। माओवादी छापामारमध्ये ३० प्रतिशत युवाहरू १८ वर्षमुनिका भएको पनि उल्लेख छ। यसैबीच अमेरिकाकै इन्टरनेसनल नार्कोटिक्स कन्ट्रोल स्ट्राटेजी प्रतिवेदनमा माओवादीको संरक्षणमा नेपालमा व्यापक गाँजाखेती र अवैध व्यापार भइरहेको पनि सार्वजनिक भएको छ।

केही महिनादेखि मुलुकभित्र धम्की, जबरजस्ती चन्दा असुली र विरोधीलाई राजनीतिक सभा सम्मेलन गर्न नदिने व्यवहार माओवादीले प्रदर्शन गरिरहेको स्थितिमा यसको खरो आलोचकका रुपमा चिनिँदै आएको अमेरिकाको पछिल्लो प्रतिवेदनले पनि उनीहरूमा परिवर्तन नआएको सन्देश दिएको छ।

■ **विश्वमणि पोखरेल/काठमाडौं**



Mrs. Bharati Shrestha
SARADA EMPORIUM
A showroom of Modern Ladies Suits & Ladies Dresses
SHOP NO. 274 SUPER MARKET, 2ND FLOOR
(Left Side of the escalator)
KATHMANDU, NEPAL, Mobile : 9841542993

Simrik
..........the Boutique of your choice
Tel. { Off. : 2111190
Res. : 5524213
Pulchowk, Lalitpur

Tripureshwor
Party Palace
United World Trade Center, Tripureshwor Chowk


We do all kinds of Parties, Wedding Receptions, Seminars & Meetings
FOR BOOKING: Ph: 4117111, Mobile: 9851040199, 9841520000

# बजार फस्टायो, बाटो छेकियो

**करिब एक** हजार माओवादी छापामारहरू बस्न थालेपछि उदयपुरको बेलसोत बजारमा चहलपहल बढ्न थालेको छ। माओवादी दोस्रो डिभिजनअन्तर्गत सहायक शिविर रहेको यो क्षेत्रमा अहिले बजारसमेत विस्तार भएको छ। व्यापारी सञ्जीव पोखरेल भन्छन्, 'माओवादीको शिविर बसेपछि पसलहरू पनि थपिएका छन्, बजार पनि फस्टाएको छ।'

बेलसोतमा माओवादी शिविर बसेपछि होटल थपिएका छन् भने लजहरू खोलिएका छन्। माओवादी छापामारहरूलाई आवश्यक पर्ने सामानसाथै शिविर अवलोकनमा आउने पत्रकार, नागरिक समाज, मानवअधिकारवादी र संयुक्त राष्ट्रसंघीय प्रतिनिधिहरूले गर्दा बजार ह्वात्तै बढेको छ। छापामारहरूले सामान्य खाजा र आवश्यक सामान पनि यहीं खरिद गर्ने भएकाले पनि बजारको चहलपहल फेरिएको हो।

बजारमा अहिले फोटो स्टुडियोदेखि फोटोकपी र फ्याक्ससम्मका सेवाहरू उपलब्ध छन्। चेतनशील महिला समूह त्रिवेणीकी अध्यक्ष फूलसरी राई भन्छिन्, 'माओवादी शिविर बसेर अरू फाइदा नभए पनि बेलसोत बजारले रामै व्यापार गरेको छ।' नजिकै ठूलो बजार कटारी भएकाले पनि किनमेलका लागि यो बजार छायाँमा पर्दै आएको थियो।

बेलसोत लगायत त्यस वरपरका स्थानीय बासिन्दाहरूले प्रयोग गर्दै आएको बाटो पर्ने गरेर शिविर बसेपछि उनीहरूको दाउरा, घाँस र जंगल जाने बाटो भने छेकिएको छ। करिब १५ मिनेटमा जंगल पुग्ने स्थानीयवासीहरू बाटो छेकिएपछि एक घन्टा लगाएर घुमाउरो बाटो हिँड्न बाध्य छन्। घाँसदाउरादेखि वस्तुहरूको चरनसमेत जंगलमै हुने भएकाले मूलबाटो छेकिएकोमा यहाँका जनताले दुःख झेल्नु परेको छ।

शिविर राखेपछि पनि केही समय स्थानीयवासीहरू यही बाटो हिँड्ने गर्थे, तर शिविर नेतृत्वले यो बाटो आफ्नो शिविरभित्र पर्ने भएकाले नहिँड्न भनेपछि उनीहरू घुमाउरो बाटो हिँड्न थालेका छन्। बाटो प्रयोग गर्न पाउनु पर्छ भनेर स्थानीयवासीहरूले शिविर नेतृत्वसँग अनुरोध गरेका थिए, तर सुरक्षाका कारण नमिल्ने बताएपछि उनीहरूको पहल तुहिएको थियो। स्थानीयवासी फूलसरी राई भन्छिन्, 'सरकार र माओवादीबीच सम्झौता भएर राखिएको शिविरले पहिले नै त्यस क्षेत्रका जनतालाई कस्तो नोक्सान पुग्छ भनेर हेरिनु पर्थ्यो।' शिविरस्थलको छनोटमा सरकार, माओवादीसाथै राष्ट्रसंघसमेत संलग्न छ।

छापामारहरूले जंगलका रुखहरू जथाभावी काटेको आरोप पनि स्थानीयवासीले लगाएका छन्। उदियाचौरी महिला सामुदायिक वनको करिब २० बिघा क्षेत्रफल ओगटेर बसेको माओवादी शिविरले सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूसँग सल्लाह नगरी रुखहरू फडानी गरेको आरोप सामुदायिक वन पदाधिकारीहरूले लगाएका छन्। उपभोक्ता समूहकी अध्यक्ष कला घले भन्छिन्, 'साल लगायतका शिविरभित्र परेका रुखहरू वैज्ञानिक ढंगले काटेमा काठ पनि आउथ्यो रुख पनि बच्थ्यो तर उनीहरूले जथाभावी फाडे।'

शिविर क्षेत्रभित्र लगाएका आँपका रुखहरू समेत छापामारहरूले फडानी गरेको आरोप उनीहरूको छ। केही अगाडि माओवादी शिविर बसेकै क्षेत्रबाट एकजनाले सालको लाप्रा काटेर घर बनाउँदा सामुदायिक वनले घरको छानो उप्काउने निर्णय गरेको थियो। तर, अहिले माओवादीले खुलेआम वन काट्दा पनि उनीहरू बोल्न सकिरहेका छैनन्। तर, सहायक शिविर कार्यालय सचिव वसन्त भन्छन्, 'सकेसम्म रुख जोगाउने पहल गरेका छौं, तर शिविर बनाउन आवश्यक पर्ने काठहरू भने सामुदायिक वनको अग्रिम सहमति लिएर प्रयोग गरेका छौं।' तर, माओवादीले सामुदायिक वनको नीति नियम र ऐन कानुन मिचेर जंगल फडानी गरेको आरोप स्थानीयवासीहरूको छ।

■ **गोविन्द परियार/बेलसोत, उदयपुर**





अदालतको निर्णयपछि खुसी भएका टीकाराम अधिकारी र कमलजंग कुँवर

# शिखाराममलाई न्याय भयो ?

**चितवन निकुञ्जको** हिरासतमा रहेका एक अभियुक्तको मृत्यु प्रकरण नौ महिनापछि सरकारले नै मुद्दा फिर्ता लिएपछि टुंगिएको छ। मृत्युपछि निकुञ्जका वरिष्ठ कर्मचारी समेतलाई विपक्षी बनाएर कर्तव्य ज्यान मुद्दा लगाए पनि फैसला हुन सकेन। सरकारको निर्णयमा अदालत पनि सहमत भएपछि मुद्दा खेपेका निकुञ्जका पाँचैजना कर्मचारीहरूले मृत्यु काण्डबाट मुक्ति पाएका छन्। सरकारले मुद्दा फिर्ता लिएसँगै शिखाराम चौधरीको मृत्यु प्रकरणको सत्यकथा इतिहासमा धकेलिएको छ।

गैंडा मारी खाग बिक्री गरेको अभियोगमा गत जेठमा निकुञ्जले पश्चिम चितवनको दिव्यनगर गाविसका चौधरीलाई समातेको थियो। केही दिनमै हिरासतमा उनको मृत्यु भएपछि उनका दाजुले निकुञ्जका प्रमुख संरक्षण अधिकृत टीकाराम अधिकारी, सहायक संरक्षण अधिकृत कमलजंग कुवँर, रेन्जर रितेषभूषण बस्नेत, गेम स्काउटहरू यमबहादुर खनाल र केदारबहादुर गुरुङविरुद्ध ज्यान मुद्दा दायर गरेका थिए। हिरासतमा भएको कुटपिटले शिखारामको मृत्यु भएको मगनरामको आरोप थियो।

उनको उजुरीपछि संरक्षण अधिकृत, सहायक संरक्षण अधिकृत र रेन्जर पक्राउ परे। गेम स्काउटहरू फरार भए। मुद्दामा बस्नेत र गेम स्काउटलाई जन्मकैद तथा अधिकारी र कुवँरलाई ६ महिनादेखि तीन वर्षसम्म कैद माग गरिएको थियो। पुर्पक्षका लागि अधिकारी २७ हजार रुपैयाँ धरौटी राखेर तारेखमा छुटेका थिए भने कुँवर र बस्नेत कारागार चलान भएका थिए। यो काण्ड लगत्तै चितवन निकुञ्जमा रहेका दुर्लभ एकसिंगे गैंडा चोरी सिकारीले भटाभट मर्न थाले। निकुञ्जका वरिष्ठ कर्मचारीको गिरफ्तारीले संरक्षणकर्मीको मनोबल घटेको भन्दै सरकारले मुद्दा फिर्ता लिने निर्णय गर्‍यो, मन्त्रिपरिषद्को फागुन ४ गतेको बैठकबाट। अदालतले पनि यो निर्णय सदर गर्‍यो।

अदालतको निर्णयलगत्तै कारागारमा रहेका कुँवर र बस्नेत उसै दिन रिहा भए। तारेखमा रिहा भएपछि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभाग बबरमहल सरुवा भएका अधिकारी पनि चितवन आएका थिए। अदालतको निर्णयपछि अदालत परिसरमै अबीर जात्रा भएको थियो। निकुञ्जका बहालबाला अरू कर्मचारी पनि अबीरमा डुबेका थिए।

शिखारामको मृत्युपछि निकुञ्जका कर्मचारीविरुद्ध जनदबाब बढेको थियो। निकुञ्जको मध्यवर्ती क्षेत्रमा बस्ने आदिवासी समुदायको अधिकारका लागि काम गर्ने संस्था सामुदायिक विकास संगठनले यसको नेतृत्व गरेको थियो, जसका कारण सरकारले त्यहाँका कर्मचारीलाई समातेर मुद्दा पनि लगायो। यसलगत्तै मृतक परिवारलाई राहत स्वरुप सरकारले ६ लाख रुपैयाँ दियो। शिखारामको मृत्यु सातवटा करङ भाचिएकाले भएको शवपरीक्षण प्रतिवेदनमा उल्लेख भएकाले उनीमाथि कुटपिट भएको पुष्टि भएको थियो।

शिखारामको हिरासतमै मृत्यु भएको आठ महिनाअघि पनि चितवन रत्ननगरका समनबहादुर विश्वकर्माको निकुञ्ज हिरासतमै मृत्यु भएको थियो। उनको मृत्युलाई निकुञ्जले आत्महत्या भन्दै आएको छ। समातेर लगेको भोलिपल्टै लास बुझेको समनको परिवार निकुञ्जको यो भनाइमा विश्वस्त हुन नसके पनि राजाको प्रत्यक्ष शासनकालमा घटना भएकाले आवाज उठाउन सकेन।

■ **रमेशकुमार पौडेल/चितवन** (तस्वीर पनि)



# कहाँ छन् उनीहरू?

■ रुद्र खड्का/नेपालगन्ज (तस्वीर पनि)



**बेपत्ता भएकाहरूमा अधिकांश घरबाट कार्यालयमा र कोही कार्यालयबाट घर आवत-जावत गर्ने बेला बेपत्ता भएका हुन् । उनीहरूलाई माओवादीले बेपत्ता बनाएको आशंका गरिँदै आए पनि प्रमाणको अभावमा केही भन्न नसकिएको सैनिक अधिकारीहरू बताउँछन् ।**

**माओवादी** आक्रमणमा घाइते भएका अनिल दर्लामीले उपचारको लागि काठमाडौं जानुअघि पत्नी ममतासँग भनेका थिए, 'उपचार गरेर चाँडै फर्कन्छु, त्यसपछि बस्न घर बनाउँला ।' ममताले पनि लडाइँमा घाइते भएका पतिलाई ढाडस दिँदै 'पहिला उपचार त्यसपछि घर' भन्दै सैनिक अस्पतालमा पठाएको यतिखेर तीन वर्ष पुगिसक्यो ।

उपचारपछि घर बनाउने धोको लिएका अनिलले यतिखेर पत्नी र बच्चाहरूको लागि बस्ने व्यवस्थाको जोहो त गर्न सकेका छैनन् । तर उपचारका लागि घर छोडेका अनिल कहाँ छन् र के गर्दै छन् भन्ने जानकारीसमेत दर्लामी परिवारले पाउन सकेको छैन ।

माओवादीले अर्घाखाँची सदरमुकाम सन्धिखर्कमा गरेको आक्रमणमा घाइते भएका ३७ वर्षीय अनिल उपचारकै क्रममा २०६१ साल असार ४ गते घरमा आई एक साता बसेर पुन: उपचारको लागि काठमाडौंको छाउनीस्थित सैनिक अस्पतालमा गएदेखि नै कुनै खबर नपाएको पत्नी ममता बताउँछिन् । लडाइँमा घाइते भएका बाँके रझेना-४ का अमलदार अनिल २०६१ साल असार १० गते उपचारको लागि भन्दै कोहलपुरबाट काठमाडौंको बसमा चढेको पत्नी ममता बताउँछिन् । 'एक महिनापछि आफू विरामी परेका बेला श्रीमान्लाई खबर गर्दा त अनिल कार्यालयमा हाजिर नभएको जानकारी पाएँ', ममता भन्छिन्, 'त्यसपछि खोजेको खोज्यै छु अहिलेसम्म मरे-बाँचेको कुनै खबर छैन ।' सन्धिखर्कको आक्रमणपछि माओवादीले अनिललाई तीन दिनसम्म अपहरण गरेका थिए ।

'काठमाडौं फर्कने बेला माओवादीले अपहरण गरेका पनि हुन सक्छन्', श्रीमान् हराउन सक्ने विभिन्न कारणहरूबारे अनुमान लगाउँदै उनी भन्छिन्, 'त्यति बेला राजमार्गमा चल्ने बसहरू माओवादीले जाँच गर्ने चलन पनि थियो ।' तर, ममता श्रीमान् यसरी नै हराए भन्न सक्ने अवस्थामा भने छैनन् । सेनाकै एक जवानले अनिल अस्पतालको शय्याबाटै भागेको भन्ने अपुष्ट खबर पनि उनलाई सुनाएको थियो । गाउँका केही व्यक्तिहरूले अनिललाई माओवादीले काठमाडौं जाने बेला बसबाटै अपहरण गरी हत्या गरेको खबर पनि सुनाएको ममता बताउँछिन् । 'कसको कुरा पत्याउने हो ?', प्रश्न गर्दै उनी भन्छिन्, 'माओवादीहरू सधैं आफ्ना मात्र समस्या सुनाउँछन् । सम्बन्धित कार्यालय खोजबिन नगरी बसेको छ ।' निकै अप्ठेरा काम गर्ने सेनाले हराएका अनिललाई खोजेको खण्डमा अवस्था पत्ता लगाउन नसक्ला भनेर सोच्न नसकिने अनिलकी आमा बताउँछिन् । आमा भन्छिन्, 'मान्छे हराउँदा समेत वास्ता नगर्ने कस्तो चलन हो ?'

घरबाट कार्यालयमा जान्छु भनी हिँडेका अनिल बेपत्ता भएपछि सेनाले सक्रिय रुपमा खोजी नगरेको गुनासो घरपरिवारले गरिरहेको छ । पत्नी ममता भन्छिन्, 'मरे-बाँचेको खोजीको लागि पटक-पटक सैनिक हेडक्वाटरमा गएँ, उनीहरूले भनेअनुसारकै कागजपत्रहरू पनि तयार पारेँ तर अहिलेसम्म जिउँदो अथवा मरेको कुनै जानकारी पाउन सकेकी छैन ।' जिउँदो छैन भने पनि मरेको घोषणा गरेर पाउनु पर्ने पैसा दिनुस् भन्दा पनि सञ्चयकोषलगायत अन्य सुविधाहरू नपाएको गुनासो गर्छिन्, ममता ।

'एकातिर श्रीमान् नहुँदाको पीर त छँदै छ, साथै आर्थिक अभावले तीनवटा बच्चाहरूको पढाइको खर्च जुटाउन गाह्रो भइरहेको छ', ममता दुःखेसो पोख्छिन्, 'भिडन्तमा मरेका सुरक्षाकर्मीहरूले राहत स्वरूप पैसा र पेन्सन पाएर घर खर्च धाने पनि मैले अहिलेसम्म कुनै सुविधा नपाउँदा गाह्रो परिरहेको छ ।' अनिललाई भगुवाको रेकर्डमा राखेको सैनिक हेडक्वाटरले उनको पाउनु पर्ने सुविधा दिनको लागि मरेको हो भन्नलाई लास भेटिनुपर्ने नभए १२ वर्ष पर्खनु पर्ने बताउँदै आएको छ । तर ममता भने आफूलाई श्रीमान् जिउँदो छ जस्तो नलाग्ने गरेको बताउँछिन् । उनी भन्छिन्, 'माओवादीले अपहरण गरेको भए पनि अरूलाई सार्वजनिक गर्ने बेला अनिललाई पनि गर्नुपर्थ्यो । अन्यत्र गएका भए पनि देशको अवस्था फेरिएपछि फर्कनुपर्थ्यो ।' माओवादीले नै अपहरण गरेर हत्या गरेको प्रमाण पनि उनीसँग छैन । 'जसरी पनि पाउनु पर्ने सुविधा पाउनु पर्छ', ममता भन्छिन्, 'लोग्नेले पाउनु पर्ने पैसा सेनाले दिएमा छोराछोरीको पढाइखर्च त धान्थ्यो ।'

११ वर्षसम्म युद्ध सञ्चालन गरेको माओवादी यतिखेर देशको नीति र निर्माणको तहमा पुगिसके पनि विगतमा आफूहरूले गरेका कामहरू सर्वसाधारणलाई जानकारी दिनुपर्ने ममता माग गर्छिन् । 'सधैं आफ्ना कार्यकर्ताहरूको बारेमा मात्र बोल्ने माओवादीले अनिल जस्ता रोजीरोटीको लागि सेनामा जागिर खाएका व्यक्तिहरूलाई शत्रुको रूपमा हेर्न मिल्दैन', ममता आफ्नो धारणा सुनाउँछिन्, 'माओवादीले मारेको हो अथवा होइन, यतिमात्र



माओवादी जनयुद्धकालमा बेपत्ता पारिएका सुरक्षाकर्मीका पत्नीहरू यतिखेर आन्दोलनमा उत्रिएका छन्

बताइदिए धेरै राहत हुने थियो ।'

माओवादी जनयुद्धको क्रममा सेनाका एक अमलदार अनिल मात्र गायब भने भएका छैनन् । सैनिक निर्देशनालयका अनुसार २०५९ देखि २०६३ को बीचमा देशभरबाट ११ जना सुरक्षाकर्मी बेपत्ता भएका छन् । बेपत्ता भएकाहरूमा अधिकांश घरबाट कार्यालयमा र कोही कार्यालयबाट घर आवत-जावत गर्ने बेला बेपत्ता भएका हुन् । उनीहरूलाई माओवादीले बेपत्ता बनाएको आशंका गरिदै आए पनि प्रमाणको अभावमा केही भन्न नसकिएको सैनिक अधिकारीहरू बताउँछन् । सेनाका अनुसार कार्यरत रहेकै बेला बेपत्ता हुनेहरूमा सिपाही कृष्ण अधिकारी, मानबहादुर साउद, रामकुमार सहनी, वेदबहादुर सार्की, धमेन्द्र अधिकारी, जंगबहादुर चन्द, पदमप्रसाद तिवारी, विष्णुप्रसाद सापकोटा, उदयकुमार श्रेष्ठ र कुशवीर गौतम छन् ।

उनीहरूमध्ये बर्दिया घर भएका भवानी बक्स गणका कृष्ण अधिकारी घरमा पुगेका बेला २०६१ साल साउन २ गते बेपत्ता भएको उनका आफन्तहरूले बताएका छन् । 'घरमा आएका बेला गाउँमा घुम्न गएको अवस्थामा माओवादीले अपहरण गरेको सुनेका थियौं', अधिकारीका ठूलाबुबाका छोरा विनोदले भने ।

बेपत्ता भएका अरूहरूमा रणशेर गणका प्युठ धर्मेन्द्र अधिकारी ६ असोज २०६२ मा बर्दिया र कैलालीको सीमावर्ती कर्णालीपुलमा भएको माओवादी भिडन्तपछि बेपत्ता भएका हुन् । त्यस्तै अमलदार पदमप्रसाद तिवारी पनि कर्णाली क्षेत्रमा भएको भिडन्तपछि बेपत्ता भएको बताइएको छ ।

युद्ध रोकिएर मुलुक शान्तिपूर्ण राजनीतिमा प्रवेश गरेको झन्डै एक वर्ष बित्न लाग्दा पनि बेपत्ता भएकाहरूमध्ये शिवदल गणका सिपाही जंगबहादुर चन्द ३० मंसिर २०६१ मा अर्घखाँचीको सिक्टारामा माओवादीसँग भएको भिडन्तपछि र बटुक दल गणका सिपाही विष्णुप्रसाद सापकोटा २०६१ फागुन १० गते विरामी आमालाई भेट्न गएका बेला हराएकाहरूको अवस्था अझै अज्ञात छ । त्यस्तै २ नम्बर फिल्डका सिपाही उदयकुमार श्रेष्ठ ३ असोज २०५९ सालमा उदयपुरबाट र भवानीबक्स गणका अमलदार कुशवीर गौतम २०६१ पुस २५ गते घर जाने बेला अपहरण भएका हुन् । इन्द्रध्वज गणका सिपाही रामकुमार सहनी ३० असोज २०६१ मा कपिलवस्तुबाट तथा फर्स्ट राइफल गणका सैन्य वेदबहादुर सार्की ३ असोज २०६३ र नरसिंह दलका सिपाही मानबहादुर साउद सल्यानमा माओवादीसँग भएको भिडन्तपछि २०५९ साल जेठ २१ गते बेपत्ता भएका थिए ।

तर उनीहरूका बारेमा कुनै जानकारी नहुँदा घरपरिवारले पाउनु पर्ने सुविधासमेत पाउन सकेका छैनन् । यसले गर्दा घरपरिवार आर्थिक समस्याबाट सताइएका छन् । कार्यरत रहेकै अवस्थामा बेपत्ता भएका सैनिकका परिवारहरूझै बेपत्ता भएका प्रहरीहरूको बारेमा पनि लामो समयसम्म कुनै जानकारी हुन नसक्दा पीडित परिवारहरूलाई समस्या परिरहेको छ ।

काठमाडौंबाट सुर्खेत सरुवा भएका प्रहरीजवान लालबहादुर नेपाली तीन वर्षअघि कार्यक्षेत्र जाने क्रममा भेरी नदीमा डुबेको अवस्थामा फेला परे पनि अहिलेसम्म पाउनुपर्ने सुविधा नपाएको पत्नी सेतु नेपाली बताउँछिन् । 'सुर्खेत फर्कने क्रममा माओवादीले हत्या गरेर नदीमा फालेको दाबी गर्ने सेतु भन्छिन्, 'भिडन्तमा मारिएका प्रहरीलाई जस्तै दिनुपर्ने सुविधा पाएकी छैन ।'

यता साथीको घरमा चिठी पुऱ्याउन जाँदा विसं २०६२ साल साउन ५ गते माओवादीले बाँकेको खजुरामा हत्या गरेका रुकुम, गोतामकोट घर भई प्रहरीमा कार्यरत हरिप्रसाद जैसीकी पत्नीले पनि पाउनु पर्ने पैसा नपाएको गुनासो गर्छिन् । माओवादीले हत्या गर्ने बेला जैसीले प्रहरी ड्रेस नलगाएको र हत्या हुँदा कुनै मुठभेड नभएकाले पैसा दिन नमिल्ने प्रहरी संगठनले बताउँदै आएको छ ।

यसैबीच द्वन्द्वको क्रममा मारिएका प्रहरीका आफन्तहरूले सरकारले दिने भनेको राहत नदिएको भन्दै लामो समयदेखि जारी राखेको आन्दोलन यतिखेर पनि जारी राखेका छन् । उनीहरूका अनुसार सरकारले मृतकका परिवारहरूलाई दिने भनेको साढे सात लाख रुपैयाँ, बच्चाबच्चीहरूको पढाइको व्यवस्थालगायतका सुविधा नियमानुसार उपलब्ध गराउन सकेको छैन । माओवादीसँगको मुठभेडमा घाइते भएका सशस्त्र प्रहरी हवल्दार शेरबहादुर खत्रीका अनुसार सरकारले अधिकांश मृतकका परिवारहरूलाई भनेअनुसारको सुविधा दिएको छैन । द्वन्द्वको क्रममा अधिराज्यभर १ हजार ४ सय ९० प्रहरीको मृत्यु हुनुका साथै ४ सय ९० जना अशक्त र अपांग भएका थिए । युद्धको क्रममा पीडित हुने प्रहरीको संख्या बाँके र बर्दियामा ६४ छ । तीमध्ये ३२ जनाको हत्या र ३२ जना युद्धको क्रममा घाइते भएका थिए । ■



तस्बीरहरू : भास्वर ओझा

# कानुन हातमा

■ गोविन्द परियार/काठमाडौं

**राज्यको सुरक्षा संयन्त्र बलियो बनाउन राज्यका निकायलाई सहयोग गर्नु नागरिकको कर्तव्य हो, तर यस्ता गतिविधि संचालन गर्दा कानुनी शासनको मान्यतालाई भने आत्मसात गर्नु पर्छ ।**

**राजधानीको** 'अपराध नियन्त्रण' गर्ने बताउँदै माओवादीले राजधानीमा सुरक्षा गस्ती लगायतका गतिविधि तीव्र बनाएको छ । सरकार र माओवादीबीच बृहत् शान्ति सम्झौतामा हस्ताक्षर भएर अन्तरिम व्यवस्थापिकामा माओवादीको सहभागिता भइसक्दासमेत माओवादीको व्यवहार परिवर्तन नभएको गुनासो विश्लेषकहरूले गरेका छन् । विगत एक दशक लामो सशस्त्र द्वन्द्वका अवधिमा ग्रामीण क्षेत्रमा माओवादी र सरकार दुवैको दोहोरो नियम कानुन मान्न जनता बाध्य भएका थिए । अहिले माओवादीले अपराध नियन्त्रणको नाममा फेरि शासकीय चरित्र देखाएको आरोप विज्ञहरूले लगाएका छन् ।

राज्यको सुरक्षा संयन्त्र बलियो बनाउन राज्यका निकायलाई सहयोग गर्नु नागरिकको कर्तव्य हो, तर यस्ता गतिविधि संचालन गर्दा कानुनी शासनको मान्यतालाई भने आत्मसात गर्नु पर्छ । अपराधशास्त्री माधवप्रसाद आचार्य भन्छन्, 'नागरिकले अपराध नियन्त्रणको लागि प्रहरी प्रशासनलाई सहयोग गर्न सक्छ, तर आफैंले कारबाही लगायतका अन्य प्रक्रिया अपनाउनु कानुनविपरीत हो ।' कुनै पनि दल विशेष वा नागरिकले आफ्नो क्षेत्रमा भएका अपराध नियन्त्रण गर्नका लागि सुरक्षानिकायलाई सहयोग गर्ने नागरिकको कर्तव्य हो । तर राज्यका ऐन कानुनविपरीत कानुन हातमा लिएर अपराध नियन्त्रण

गर्ने अधिकार कसैलाई पनि नभएको आचार्य बताउँछन् । माओवादीको भातृ संगठन युथ कम्युनिष्ट लिगका उपत्यका प्रमुख चन्द्रबहादुर थापा 'सागर'ले भने आफूहरूले अपराध नियन्त्रणमा प्रहरीलाई नै सहयोग गरेको दाबी गर्दै भन्छन्, 'प्रहरी र हाम्रो समझदारीमा नै आपराधिक गतिविधि नियन्त्रण गरिने भएकाले पक्राउ परेकाहरूलाई आवश्यक कारबाहीको लागि प्रहरी प्रशासनलाई बुझाएका छौं ।'

माओवादीले राजधानीमा सुरु गरेको अपराध नियन्त्रण अभियान यो दोस्रोपटक हो । यसअगाडि पनि राजधानीमा माओवादीले जनमुक्ति सेना भ्याली कमान्डको नाममा 'अपराध नियन्त्रण' अभियान संचालन गरेका थिए । अहिले राजधानीमा माओवादी र प्रहरी दुवैले रात्रि गस्ती सुरु गरेका छन्, तर पनि अपराधका क्रियाकलापमा तुलनात्मक कमी भने आएको छैन । काठमाडौं प्रहरी प्रमुख ढकबहादुर कार्की भन्छन्, 'सबै नागरिक विनाबर्दीका प्रहरी भएकाले अपराध नियन्त्रणमा सक्रिय हुनु सकारात्मक कुरा हो, तर त्यसको नाममा राज्यका कानुनलाई नै हातमा लिनु भने हुँदैन ।'

संक्रमणकालीन अहिलेको अवस्थामा राजधानीमा अपराधका घटना पनि बढ्दै गएका छन् । विगत केही महिनादेखि राजधानीमा बढेको अपराधको मात्रालाई नियन्त्रण गर्न राति १० बजेदेखि ४ बजेसम्म राजधानीमा भएका सबै प्रहरी परिचालन गरिएको कार्की बताउँछन् । उनी भन्छन्, 'मुलुक नै संक्रमणकालीन अवस्थामा रहेको समयमा अपराधीहरू सक्रिय हुन्छन् । त्यसैलाई मद्देनजर गरेर अहिले रातको समयम हुने अपराधलाई नियन्त्रण गर्न पूरै प्रहरी परिचालन गरिएको छ ।' 'ल एन्ड अर्डर'को सन्दर्भमा अहिले एक किसिमको अन्योल छ । यसले गर्दा अपराधीहरूलाई अनुकूलता पुगेको छ । आचार्य भन्छन्, 'मुलुक संक्रमणकालीन अवस्था रहेको अवस्थामा राज्यका निकायहरू कमजोर हुने भएकाले अपराधीहरूलाई अनुकूलता हुन्छ र अपराधको मात्रा वृद्धि हुन्छ ।' तर सोअनुरुपको रणनीति सुरक्षानिकायहरूले लिनु पर्ने सुझाव आचार्यको छ ।

उता माओवादीको युथ कम्युनिष्ट लिगले राजधानीको सुरक्षाका लागि गस्ती सुरु गरेको छ । लिगका उपत्यका प्रमुख 'सागर' भन्छन्, 'हामीले समानान्तर सरकार चलाउन खोजेको होइन, प्रहरीलाई नै अपराध नियन्त्रणमा सहयोग गर्न खोजेका हौं ।' संविधानसभाको निर्वाचनमा प्रतिगामीहरूले धाँधली गरेमा त्यसको प्रतिरोध गर्ने उद्देश्यले माओवादीले 'युथ कम्युनिष्ट लिग' गठन गरेको बताएको छ । माओवादीले जनयुद्ध सुरु गर्दा तत्कालीन 'युथ कम्युनिष्ट लिग'लाई नै छापामारमा रुपान्तरण गरेको थियो । अपराध नियन्त्रणको नाममा कार्यालय खोलेर बस्नु राजनीतिक संगठनको अधिकार क्षेत्रभित्र नपर्ने भएकाले माओवादीहरूले व्यवहारमा परिवर्तन गर्नुपर्ने सुझाव विज्ञहरूको छ ।

माओवादीको सेना र हतियार संयुक्त राष्ट्रसंघले पहिलो चरणको दर्ता प्रक्रिया पूरा गरेको अहिलेको अवस्थामा माओवादीले लिगको नाममा 'अपराध नियन्त्रण अभियान' राजधानीमा संचालन गरेका



छन् । विज्ञहरूले माओवादीले आफैंले सुरक्षाको नाममा मानिसहरूलाई गिरफ्तार र कारबाही गर्न नमिल्ने र त्यो सरकार र माओवादीबीच भएको शान्ति सम्झौता लगायतका समझदारीविपरीत हुने बताएका छन् । राष्ट्रिय मानवअधिकार आयोगका पूर्व सदस्य सुशील प्याकुरेल भन्छन्, 'काम राम्रो-नराम्रोभन्दा पनि काम गराइको प्रक्रिया प्रमुख कुरा हो । त्यसैले प्रक्रिया मिचेर माओवादीले अपराध नियन्त्रण गर्नु कानुनी शासनको उपहास हो ।'

माओवादीले राजधानीलाई अपराध निषेधित क्षेत्र बनाएर नागरिकको सुरक्षा गर्नु सकारात्मक पहल हो, तर अपराध नियन्त्रणको नाममा राज्यको ऐन कानुनलाई मिच्ने अधिकार कसैलाई पनि हुँदैन । आचार्य भन्छन्, 'माओवादीले राज्यका ऐन/कानुनअनुसार अपराध नियन्त्रणमा प्रहरीलाई अत्यधिक सहयोग गर्न सक्छ, तर आफैंले कारबाही गराउन भने मिल्दैन ।' प्रजातान्त्रिक शासन प्रणालीमा कानुनी शासन महत्त्वपूर्ण विशेषता हो । राज्यका ऐन कानुनमा टेकेर जुनसुकै पनि दल वा समूहका गतिविधिहरू संचालन हुनपर्छ, तर माओवादीले राजधानीमा सुरु गरेको सुरक्षागस्तीले जनतामा नकारात्मक असर पुग्ने विज्ञहरू बताउँछन् । प्याकुरेल भन्छन्, 'कानुनी राज्यको सिद्धान्तको आधारमा चलेको राज्यमा व्यवस्थापिका संसद्मा प्रवेश गरिसकेको दलले कानुनलाई हातमा लिएर अपराध नियन्त्रण गर्छु भन्नु माओवादी र सरकारबीच भएका सम्झौताविपरीतको कार्य हो ।'

अपराध नियन्त्रणमा नागरिक चासो पक्कै पनि सकारात्मक कदम हो । राजधानीको सुरक्षा र अपराधमा नागरिकलाई दायित्व बोध हओस् भनेर सामुदायिक प्रहरीको अवधारणाअनुसार केही क्षेत्रमा सामुदायिक प्रहरीसमेत गठन गरिएको छ । यसले आफ्नो क्षेत्रमा भएका अपराध, चोरी लगायतका घटनामा जनतालाई सचेत बनाउनुका साथै अपराधीलाई पक्राउ गर्न प्रहरी प्रशासकलाई सहयोग गर्छ । माओवादीले पनि सामुदायिक प्रहरीको अवधारणाअनुसार अपराध नियन्त्रणमा सहभागी भए आफूहरूलाई आपत्ति नहुने काठमाडौं प्रहरी प्रमुख कार्की बताउँछन् । माओवादीले सुरु गरेको अपराध नियन्त्रण अभियानमा भएका गतिविधिले उनीहरूमा शासकीय चरित्र प्रदर्शन भएको बताइएको छ । प्याकुरेल भन्छन्, 'माओवादीले साँच्चिकै अपराध नियन्त्रण गर्न चाहने हो भने राज्यका सुरक्षा संयन्त्रलाई बलियो बनाउनतर्फ लाग्नु पर्छ, आफैं गर्छु भन्नु शासकीय चरित्रमात्र नभई राज्यलाई नै चुनौती हो ।' सरकार र माओवादीबीच भएको शान्ति सम्झौतामा कुनै पनि क्षेत्रमा समानान्तर वा अन्य स्वरूपको संयन्त्र संचालन नगर्न सरकारमा संलग्न दल र माओवादी सहमत भएका छन्, तर त्यसपछि पनि मुलुकको अधिकांश क्षेत्रमा माओवादीले आफ्नो पुरानै शैली दोहोर्‍याएको आरोप लाग्दै आएको छ । आचार्य भन्छन्, 'अपराध नियन्त्रणमा सकारात्मक भूमिका खेले पनि अपराधीलाई कारबाही लगायतका अन्य प्रक्रिया व्यक्ति वा दल विशेषले गर्न पाउँदैनन् । त्यसको लागि प्रहरी प्रशासनलाई नै बुझाउनु पर्छ ।'

युथ कम्युनिष्ट लिगले बालाजु, गंगबु लगायतका क्षेत्रबाट अपराधमा संलग्न भएको भन्दै दर्जनौंलाई पक्राउ गरेको छ । लिगका उपत्यका संयोजक सागरले भने अपराधमा संलग्नहरूलाई पक्राउ गरेर सम्बन्धित प्रहरी कार्यालयमा बुझाएको बताएका छन् । सागरका अनुसार उपत्यका अपराध नियन्त्रण अभियान सुरु गरेपछि विगतमा अपराधमा संलग्नहरू आत्मसमर्पण गर्नेको संख्या राजधानीमा ह्वात्तै बढेकाले अपराधमा सुधार भएको छ । उपत्यका अपराध नियन्त्रण अभियानले राजधानीको अपराधमा सकारात्मक सुधार भएको बताउँदै सागर भन्छन्, 'जनताले हाम्रो अभियानबाट प्रभावित भएर सधैं यो अभियान जारी राख्न अनुरोध गरेका छन् ।' लिगले गंगबु, बालाजु, कलंकी, ठमेल, पुतलीसडक, नयाँबानेश्वर, कोटेश्वर र लगनखेलमा अहिले राति सुरक्षागस्ती सुरु गरेको छ । रात्रि गस्तीको लागि माओवादीले ६ वटा गाडी परिचालन गरेको छ । एकातिर माओवादीको सुरक्षागस्ती र अर्कोतिर प्रहरीको सुरक्षागस्तीका कारण रात्रि राजधानीमा दुई राज्यको आभास हुन्छ । विज्ञहरूले माओवादीले सरकारसँगको समझदारीविपरीत राजधानीमा गस्ती गरेको आरोप लगाएका छन् । ■




# जनताको नाममा, जनताको विरुद्ध

मधेश आन्दोलनका क्रममा सवारीसाधनहरू सबैभन्दा बढी निसाना बनाइए

**माओवादीको १० वर्षभन्दा लामो 'जनयुद्ध'ले यातायात व्यवसायमा जति असर पुऱ्यायो, त्योभन्दा बढी क्षति मधेसी जनाधिकार फोरमले तीन सातासम्म गरेको मधेस बन्दले पुऱ्याएको छ ।**

■ **ओमआस्था राई/धरान** (तस्वीर पनि)

**सात वर्षदेखि** अर्काको गाडीमा काम गर्दै आएका झापाका लक्ष्मी बानियाले गत साउनमा बैंकबाट ११ लाख २५ हजार रुपैयाँ ऋण लिएर आफ्नै गाडी किने । तर, उनले लामो समयसम्म गाडी मालिकको अनुभव गर्न पाएनन् । मधेसी जनाधिकार फोरमका कार्यकर्ताले गत माघ ५ गते लहानमा उनको ना. २ ख ८८२ नम्बरको बस जलाएर खरानी बनाइदिए ।

गाडी किन्न बानियाले दमकमा आफ्नो नाममा रहेको एक बिघा जग्गा बैंकमा राखेर थप ३ लाख ५० हजार रुपैयाँ निकालेका थिए । 'ऋण नतिरी नै गाडी खरानी भयो', बानिया भन्छन्, 'बिमाको रकमले बैंकको पैसाचाहिँ उक्सेला, मेरो जग्गाचाहिँ जाने भयो ।' आफूले जानेको पेसा नै यातायात व्यवसाय र मजदुरी भएको तर केही यता खासगरी पूर्वाञ्चलमा भइरहेको लगातारको बन्द र चक्काजामले यो पेसा निल्नु न ओकल्नुको स्थितिमा पुगेको बानिया बताउँछन् ।

शान्ति कायम हुने र निर्बाध आफ्नो पेसा तथा व्यवसाय सञ्चालन गर्न पाइने आशामा १९ दिन लामो जनआन्दोलनमा सक्रिय सहभागिता जनाएका यातायात व्यवसायी तथा मजदुरहरू त्यसपछि पनि विभिन्न राजनीतिक संगठनले बन्द र चक्काजाम गर्न नछाडेकाले दिक्क भएका छन् । बैंक र सहकारीको ऋणमा फसेका यातायात व्यवसायीलाई दैनिक किस्ता बुझाउन नसकिने र ब्याज झन् खप्टिँदै जाने चिन्ता छ । अर्कोतिर यातायात मजदुरलाई हातमुख जोर्ने समस्या छ ।

नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका कोशी अञ्चल सचिव भीम राई भन्छन्, 'कति मजदुरको घरमा चुल्हो बल्न छाडेको छ ।' फागुन २२ गते पूर्वाञ्चल मोटर सिन्डीकेटको कार्यालयमा आयोजित छलफलमा राईले मजदुरको समस्या दर्शाउँदै यातायात सुचारु गर्नुपर्ने धारणा राखेका थिए । तर, त्यसका लागि यातायात व्यवसायीहरू तयार भएनन् । उनीहरू सुरक्षाको प्रत्याभूति नभए यातायात चलाउन नसकिने बताउँछन् ।

त्यसै दिन, काठमाडौंमा यातायात व्यवसायी तथा मजदुर संघ, संगठनका केन्द्रीय प्रतिनिधिहरूलाई गृह मन्त्रालयका अधिकारीहरूले महेन्द्र राजमार्गको इटहरी-पथलैया खण्डमा 'स्कर्टिङ'को व्यवस्था गर्ने आश्वासन दिए । तर, घरजग्गा नै बैंकमा राखेर, बैंककै नाममा गाडी किन्ने यातायात व्यवसायीहरू खतरा मोल्नसक्ने सामार्थ्य राख्दैनन् । कोशी बस व्यवसायी संघका उपाध्यक्ष कृष्ण सुवेदी भन्छन्, 'बारम्बारको बन्दले आजित भएर कति साथीले गाडी नै बेचिसके ।'

उपाध्यक्ष सुवेदीको भनाइमा माओवादीको १० वर्षभन्दा लामो 'जनयुद्ध'ले यातायात व्यवसायमा जति असर पुऱ्यायो, त्योभन्दा बढी क्षति मधेसी जनाधिकार फोरमले तीन सातासम्म गरेको मधेस बन्दले पुऱ्याएको छ । खासगरी सानो पुँजीमा यातायात व्यवसाय सञ्चालन गर्नेहरू सुकुमवासी हुने अवस्थामा पुगेका छन् । 'बैंकबाट ७० प्रतिशत ऋण लिएर गाडी किन्नेहरूले दैनिक झन्डै १ हजार रुपैयाँ किस्ता बुझाउनुपर्छ', सुवेदी

लक्ष्मी बानियाँ



भन्छन्, 'एक दिन गाडी चलेन भने किस्ता खप्टिजान्छ ।'

गृहमन्त्री कृष्णप्रसाद सिटौलाको राजीनामा नआएको भन्दै पुनः आन्दोलन सुरु गरेको मधेसी जनाधिकार फोरमले होली मनाउन ३ दिन यातायात सञ्चालन गर्न आग्रह गरेको थियो । तर, यातायात व्यवसायी तथा मजदुरहरूले त्यो आग्रह स्विकारेनन् र फागुन १९, २०, २१ गते पनि गाडी थन्क्याइदिए । 'यो सांकेतिक प्रतिरोध हो', यातायात व्यवसायी तीलक राई भन्छन्, 'गाडी बन्द गर भन्दा गर्नुपर्ने, चलाउ भन्दा चलाउनुपर्ने अवस्था हामीलाई स्वीकार्य छैन ।'

विभिन्न राजनीतिक दलसँग सम्बद्ध ट्रेड युनियनहरूले त एक कदम अघि बढेर कुनै पनि प्रकारको बन्द, चक्काजाम सामूहिक रुपमा अवज्ञा गर्ने घोषणा गरेका छन् । फागुन १९ गते इटहरीमा भएको कांग्रेस, एमाले, माओवादी र जनमोर्चा सम्बद्ध ट्रेड युनियनहरूको बैठकले बन्द अवज्ञा गर्ने निर्णय गरेको हो । लगातारको बन्दले सर्वसाधारण, व्यवसायी र देशलाई नै घाटा भइरहेको भन्दै यस्तो निर्णय गरेका हुन् ।

## उखुमा असर

अरू बेला फागुन तेस्रो सातासम्म प्रायः सबै किसानको उखुबारी खाली भइसकेको हुन्थ्यो । गाडी चलेको हुँदो हो त यस वर्ष पनि किसानहरू यतिखेर उखुको पैसा गनिरहेका हुन्थे । तर, यस वर्ष पैसा गन्ने बेलामा किसानहरू मधेसी जनाधिकार फोरमका स्थानीय नेताहरूको घर चहार्दै मिलसम्म उखु पुऱ्याउन सकिने अवस्था सिर्जना गर्न आग्रह गरिरहेका छन् ।

पूर्वाञ्चलमा प्रत्येक वर्ष २४ लाख क्विन्टल उखु उत्पादन हुन्छ । यस वर्ष सुनसरीको अमाहीबेल्हास्थित इस्टर्न सुगर मिलले १३ लाख क्विन्टल उखुमात्रै पेल्न सकेको छ । बाँकी उखु बारीमै छ । चैत दोस्रो सातासम्म पनि मिल पुऱ्याउन नसकिए उखुमा आगो लगाइदिँदा पनि फरक नपर्ने किसानहरू बताउँछन् ।

नेपाल उखु उत्पादक किसान संघका सचिव मुरारी घिमिरेका अनुसार फागुन र चैतमा चल्ने पश्चिमी हावाका कारण प्रत्येक दिन एक क्विन्टल उखुको तौल ५ देखि १० किलोसम्म घट्छ । उखु जति सुक्दै जान्छ, यसबाट निस्किने गुलियो रसको मात्रा पनि उति नै घट्दै जान्छ । रस कम निक्लिनुको अर्थ चिनी कम उत्पादन हुनु र उखुले मूल्य नपाउनु हो ।

पूर्वाञ्चलमा १० हजार किसान उखु खेतीमा संलग्न छन् । कतिले बैंकबाट ऋण लिएर २५ बिघासम्म खेतमा उखु लाएका छन् । यति धेरै खेतमा लाएको उखु बयलगाडामा हालेर मिलसम्म पुऱ्याउन पनि सम्भव छैन । 'अझै केही दिन गाडी चलेन भने पूर्वाञ्चलका उखु किसानलाई झन्डै १५ करोड रुपैयाँ घाटा हुन्छ', घिमिरे भन्छन् । सिरहाको मिर्चैयामा २० प्रतिशत उखुमात्रै मिलमा पुऱ्याउन सकिएको घिमिरे बताउँछन् ।

उता, बारम्बारको बन्दले औद्योगिक क्षेत्र पनि तहसनहस हुने स्थितिमा पुगेको छ । बन्दका कारण कच्चापदार्थको अभाव भएकाले सुनसरी र मोरङका ५ सयभन्दा बढी उद्योग बन्द हुने अवस्थामा पुगेका छन् । जेनतेन चलिरहेका उद्योगको उत्पादन पनि बजारसम्म पुऱ्याउन सकिएको छैन । बन्दका कारण दैनिक १० करोड रुपैयाँभन्दा बढीको क्षति भइरहेको उद्योगीहरू बताउँछन् । उद्योग संगठन मोरङले फागुन २१ गते एक पत्रकार सम्मेलन गरी बारम्बार बन्द हुने अवस्था अन्त्य गर्न माग गर्दै त्यसो नभएसम्म राजस्व नबुझाउने घोषणा गरेको छ । उता, विराटनगरको रानीस्थित भन्सार कार्यालय झन्डै दुई सातादेखि बन्द छ । ■




# फेरि पाँच करोड

■ मधुसूदन पौडेल/काठमाडौं

**माओवादी सेनाका** लागि सरकारले थप ५ करोड रुपैयाँ निकासा दिने भएको छ। रकम अभावका कारण माओवादी सेना भोकै बस्नु परेको भन्दै अस्थायी शिविरबाट बाहिरिन थालेपछि सरकारले थप रकम निकासा दिन लागेको अर्थ मन्त्रालय सम्बद्ध स्रोतले जनाएको छ। तर, सरकारबाट प्राप्त रकम बुझ्न माओवादीबाट तोकिएका वार्ताटोली संयोजक कृष्णबहादुर महरा राजधानीबाहिर रहेका कारण माओवादीले उक्त रकम बुझिसकेको छैन। माओवादी नेता दीनानाथ शर्माका अनुसार महरा रोल्पाबाट काठमाडौं फर्किनासाथ माओवादीले उक्त रकम लिनेछ।

संयुक्त राष्ट्रसंघद्वारा माओवादी सेनाको प्रारम्भिक चरणको प्रमाणीकरणपछि सरकारले माओवादीलाई थप रकम निकासा दिने न्यूनतम आधार भने तयार गरेको छ। अधिकारीहरूका अनुसार अहिले माओवादी सेनाको संख्या करिब ३० हजार मानिएको छ र सरकारले प्रत्येक सैनिकका लागि दैनिक ६० रुपैयाँका दरले खर्च उपलब्ध गराउने निर्णय गरेको छ। यसैका आधारमा एक महिनामा करिब ३० हजार सेनाका लागि आवश्यक पर्ने ५ करोड रुपैयाँ सरकारले माओवादीलाई उपलब्ध गराउन लागेको छ। माओवादी भने सरकारको यो निर्णयप्रति सन्तुष्ट छैन। माओवादी नेता शर्मा भन्छन्, 'एकजना कामदारका लागि प्रतिदिन ज्याला न्यूनतम १ सय रुपैयाँ दिनुपर्छ भन्ने छ, तर माओवादी जनसेनाका लागि एक दिनको खर्च ६० रुपैयाँ मात्रै तोक्नु न्यायोचित हुन सक्दैन।' माओवादीले अस्थायी शिविरमा बस्ने सेनाका लागि तलबभत्ता उपलब्ध गराउने आश्वासनसहित युवाहरूलाई त्यसतर्फ आकर्षित गरेको थियो। तर, दुवै सेनाको समायोजनअघि सरकारले उनीहरूका लागि यो सुविधा उपलब्ध नगराएपछि माओवादी नेतृत्वलाई उनीहरूको चित्त बुझाउन अलि गाह्रो परेको छ। शर्मा भन्छन्, 'सरकारले लोकतन्त्रविरोधी सेनालाई सबै सुविधा दिएको छ, तर लोकतन्त्रका लागि लडेको माओवादी सेनालाई भने सधैं समस्यामा पारेको छ।'

माओवादी सेनाका लागि सरकारले यसअघि विभिन्न किस्तामा गरी ३५ करोड रुपैयाँ उपलब्ध गराएको छ। उक्त रकम आफ्ना सेनाका लागि निकै कम रहेको दाबी माओवादी नेतृत्वले गर्दै आएको छ। रकम अभावका कारण भोकै बस्नु परेको भन्दै चितवनको शक्तिखोरलगायत अन्य अस्थायी शिविरबाट सेना बाहिर निस्किन थालेपछि गृहमन्त्री कृष्ण सिटौलाले उनीहरूका लागि आगामी महिनाको खर्च अघिल्लो महिना नै उपलब्ध गराइने प्रतिबद्धता जनाएका थिए। त्यसकै आधारमा अहिले माओवादीलाई रकम दिन लागिएको जानकारी सरकारी अधिकारीले दिएका छन्।

तर माओवादीलाई रकम उपलब्ध गराउने मामिलामा अर्थमन्त्री रामशरण महत र गृहमन्त्री कृष्ण सिटौलाबीचमा एक मत छैन। अर्थमन्त्री महत सरकारी रकम खर्च गर्दा न्यूनतम कानुनी मान्यताहरू पालना गर्नुपर्ने अडान राख्दै आएका छन् भने गृहमन्त्री सिटौलाले माओवादीको मागका आधारमा उनीहरूलाई सहजरूपमा बजेट निकासा गर्नु पर्ने पक्षमा देखिएका छन्। गृहमन्त्रीको यो चाहना सरकारी रकम खर्च गर्ने मामिलामा सरकार र माओवादीबीच सम्पन्न सम्झौताको भावनाविपरीत रहेको देखिएको छ। दुवै पक्षबीच सम्पन्न सम्झौताअनुसार सरकारले उपलब्ध गराएको रकमको फर्स्योट माओवादीले निकासा गरिएको ३५ दिनभित्र सरकारसमक्ष पेस गर्नुपर्छ। त्यसका आधारमा थप रकम माओवादीलाई दिन मिल्छ। यो प्रावधानअनुसार माओवादीले यसअघि लिएको प्रत्येक किस्ताको रकम फर्स्योट गरिसकेपछि मात्र सरकारले थप रकम दिन मिल्छ। अर्थमन्त्री महतले यो विषयलाई मुख्य रुपमा उठाएका छन् र थप रकम लिनका लागि यसअघि दिइएको रकम फर्स्योट गर्न माओवादीलाई आग्रह गरिरहेका छन्। गृहमन्त्री सिटौला भने राज्यको रकम उपलब्ध गराउने सरकारी पद्धतिलाई बेवास्ता गरी माओवादीलाई आवश्यकताअनुसार रकम दिनु पर्ने पक्षमा देखिन्छन्।

सम्झौताअनुसार सरकारबाट लिएको रकम फर्स्योट गर्ने दायित्व माओवादीको हो, तर माओवादीले अहिलेसम्म लिएको रकम फर्स्योट गरेको छैन। यो व्यवहार अख्तियार दुरुपयोगको दायराभित्र पर्ने आर्थिक तथा प्रशासनिक क्षेत्रका विज्ञहरू बताउँछन्।

सरकारी निर्णयले माओवादी सेनाका लागि मासिक ५ करोड रुपैयाँ खर्च लाग्ने देखिएको छ। यो हिसाबले माओवादी सेना समायोजनमा जति ढिला गरिनेछ, सरकारले थप रकम उपलब्ध गराउँदै जानु पर्नेछ। रकमको न्यूनताभन्दै माओवादी नेतृत्वको असन्तोष चर्को भएमा सरकार रकम थप्न बाध्य हुनेछ।

अस्थायी शिविर व्यवस्थित गर्न सडक, बिजुली, खानेपानीलगायतका विकासका भौतिक पूर्वाधार निर्माण गर्नु पर्ने दबाब माओवादीबाट बढ्दो छ। अस्थायी शिविर निर्माणका क्रममा सरकार र माओवादी सैद्धान्तिक रुपमा यस मामिलामा सहमत देखिएका थिए। अहिले सरकारसँग बजेटको अभावका कारण सबै शिविरमा यी काम हुन सकेका छैनन्। राज्यले आफ्नो दायित्व बिर्सिएको र माओवादी सेनाप्रति पूर्वाग्रही व्यवहार गरिरहेको आरोप माओवादी नेताहरूले लगाउन थालेका छन्।


चितवनमा रहेका माओवादी जनसेना

विनोद त्रिपाठी

# सिंहलाई मानसिक यातना

■ **विश्वमणि पोखरेल/काठमाडौं**

**प्रहरी प्रशासनको** एक दशकको इतिहासमा पहिलोपटक ३० वर्षे सेवा अवधि पुगेर 'अनिवार्य अवकाश'को पत्र थमाइएका अतिरिक्त महानिरीक्षक राजेन्द्रबहादुर सिंह अहिले गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयको मानसिक यातनाको सिकार भोल्दै छन्। लामो समयदेखि चुनौतीपूर्ण सुरक्षा संयन्त्रको जिम्मेवारी सम्हाल्दै आएका सिंहका सुरक्षाकर्मी रातको अँध्यारोमा भिकिएको छ भने अवकाश पाप्त गरेपछि एक महिनासम्म गाडीलगायतका सुविधा प्रयोग अवसर पनि दिइएन। स्रोतहरूका अनुसार फागुन २० मा सिंहको निवासबाट तीन वर्षदेखि उनको सुरक्षामा खटिएका तीनजना प्रहरीलाई आदेशानुसार भन्दै राति ९ बजे फिर्ता बोलाउने काम गरिएको छ। सोही दिन दिउँसो सिंहलाई उपलब्ध गराइएको गाडी एक घन्टाभित्र बुझाउने आदेश दिने काम भएको थियो- नै ३० वर्ष सेवा पुगेको लेख्यो वा गल्ती भएको थियो, यो रहस्यमय बनेको छ। सिंह, पत्रमा गलत मिति लेख्नुका पछाडि गलत नियत रहेको आशंका गर्छन्। सिंह भन्छन्, 'एकपटक अवकाशको पत्र बुझिसकेको व्यक्तिले बारम्बार पत्र किन बुझ्ने ?' सिंहलाई जुन प्रहरी आधारको हवाला दिएर अनिवार्य अवकाशको पत्र थमाइयो थियो, ३० वर्षअघि एकै दिन भर्ना भएका अन्य ६ जना डिआइजीहरूले २ वर्ष सेवा अवधि थप पाएका छन्। सिंह भन्छन्, '१० वर्षको अवधिमा म मात्रै त्यस्तो प्रहरी अधिकारी हुँ, जसमाथि प्रहरी नियमको गलत व्याख्या गरेर अनिवार्य अवकाश दिने काम भएको छ।'

प्रजातन्त्र पुनःस्थापनापछि तत्कालीन गिरिजाप्रसाद कोइरालाको सरकारले ३० वर्षे सेवा अवधि र ५८ वर्षे उमेरको दोहोरो हद लगाएर कर्मचारी र प्रहरीमा अवकाश दिने नियम बनाएको थियो। पछि सरकार दोहोरो अवकाशको नीति व्यवहारिक नहुने निष्कर्षमा आफैं पुगेको थियो। कार्यविभागका प्रमुख सिंहलाई निलम्बन गरेको थियो भने सशस्त्र प्रहरीका कार्यविभाग प्रमुख वासुदेव ओलीलाई महानिरीक्षकको जिम्मेवारी सुम्पिएको थियो। रायमाझी आयोगको प्रतिवेदन तयारसमेत नभएको स्थितिमा निलम्बनमा राखिएका सिंहलाई ६ महिनाको निलम्बनपछि कात्तिक २९ देखि गृह मन्त्रालयमा हाजिर गराएर राखिएको थियो। प्रहरी संयन्त्रमा लोकप्रिय सिंहलाई कानुनीभन्दा मानसिकता यातनाको सिकार बनाउँदै अन्त्यमा अनिवार्य अवकाश दिने काम भएको छ।

कानुनी आधारमा दोषी देखाउने र अभियोग लगाएर कारबाही गर्नेभन्दा गृहमन्त्री कृष्णप्रसाद सिटौलाको कोपभाजनको सिकार बनाएको छ, सिंहलाई। सिंहको अनिवार्य अवकाशको लगत्तै ६ महिनादेखि रिक्त रहेका दुईवटा अतिरिक्त प्रहरी महानिरीक्षकमा तीनजना डिआइजीहरूको बढुवा गरिएको छ। फागुन १४ गते अतिरिक्त महानिरीक्षकमा बढुवा पाउनेहरूमा दीपकसिंह थाङदेन, केशव बराल र हेम गुरुङ छन्।




तेज बस्नेत

टेलिफोनबाट। सामान्यतया अवकाशप्राप्त वरिष्ठ अधिकारीहरूलाई एक महिनाभित्र बरबुझारथको छुट दिने चलन छ।

रमाइलो पक्ष के छ भने अनिवार्य अवकाशको पत्र थमाइएको १२ दिनपछि सिंहको निवास बूढानीलकण्ठमा फागुन २० मा गृह मन्त्रालयका कर्मचारी पुगेर पहिलेको पत्र गलत भएको भन्दै सच्याइएको नयाँ पत्र थमाउने प्रयास गरे। सिंहले पहिल्यै पत्र बुझेको जानकारी दिँदै नयाँ पत्र नबुझ्ने बताएपछि उनको घरमा पत्र टाँस गरिएको छ। गृह मन्त्रालयले फागुन ८ मा सिंहलाई दिइएको पत्रमा भनिएको थियो, 'तपाईंको सेवा अवधि २०६३।९।५ गते ३० वर्ष पूरा हुने हुँदा प्रहरी नियमावली २०४९ को ९८(१) अनुसार मिति २०६३।११।६ गतेदेखि अनिवार्य अवकाश हुनुभएको व्यहोरा जानकारी गराइएको छ।'

गृहको सो पत्र सिंहले फागुन ८ मा बुझेका थिए। खासमा सिंहको ३० वर्ष सेवा फागुन ५ मा पुगेको हो। तर, गृह मन्त्रालयले पूर्वाग्रह राखेर २ महिनाअघि सरकारले २०५२ साल असोज २० गतेको मन्त्रिपरिषद्को बैठकले, निजामती सेवा ऐनबाट ३० वर्षे सेवा अवधिको नीति संशोधन गर्ने निर्णय गरेको थियो। सोही मितिदेखि, ३० वर्ष सेवा अवधि पुगेर अवकाश पाउने निजामती कर्मचारीको हकमा ५८ वर्ष उमेर ननाघ्ने गरी सबैलाई स्वतः २ वर्षको सेवा अवधि थप गर्ने व्यवस्था गरेको थियो। उता प्रहरी नियमावलीमा सोहीअनुसार उमेरको हद ननाघ्ने गरी स्वतः २ वर्ष थपिने व्यवस्था गरिएको जानकार स्रोत बताउँछ। निजामती सेवा ऐन र नियमावलीमा संशोधन भइसकेकोले ३० वर्षे अवकाशको प्रावधान छैन। प्रहरी नियमावली भने संशोधन नभएकाले नियमावलीमा ३० वर्षे अवकाशको नियम हटेको छैन।

गृह मन्त्रालयले सिंहको अनिवार्य अवकाशको लगत्तै ६ महिनादेखि रिक्त रहेको अतिरिक्त महानिरीक्षक पदमा तीनजनालाई बढुवा गरेको छ। राजाको प्रत्यक्ष शासनपछि बनेको सरकारले प्रहरीको ओमविक्रम राणा ६ महिनाअघि महानिरीक्षक भएपछि अतिरिक्त महानिरीक्षकको एक पद रिक्त थियो भने मंसिर १ मा गठित महानगरीय प्रहरी प्रभागमा अतिरिक्त महानिरीक्षकको दरबन्दी सृजना गरे पनि नियुक्ति गरिएको थिएन। तर, सिंहको अवकाशको लगत्तै भने लामो समयदेखि खाली ती पद मात्र भरी हेमबहादुर सिंहलाई ठाडो निर्णयमा बढुवा गर्ने काम पनि गरियो। स्रोतका अनुसार मन्त्रिपरिषद्को बैठकमा औपचारिक प्रस्तावविना नै हेमबहादुरको ठाडो बढुवा भएको छ। गृहमन्त्री सिटौलाले थाङदेन र बरालको मात्र औपचारिक प्रस्ताव पेश गरेका बुझिन्छ।

लामो समय प्रहरी संगठनमा बिताएका वरिष्ठ अधिकारीमाथि प्रचलित कानुन र नियमअनुसार कारबाही चलाउने प्रजातान्त्रिक संस्कार र व्यवहार प्रदर्शन गर्नुको साटो राजनीतिक प्रतिशोधमा निलम्बन गर्ने, गृह मन्त्रालयमा हाजिर गराएर अपमान गर्ने र एक दशकदेखि व्यवहारमा औचित्यहीन ठहर भएको नियमको आडमा अवकाश दिने काम गरिएको छ।■

# आलटाले चाला

**सरकारले एक दशकदेखि प्राथमिक तहमा मातृभाषामा शिक्षा दिन थालेको भए पनि भाषागत शिक्षक, पाठ्यपुस्तकलगायत शैक्षिक सामग्रीको अभावमा पठनपाठनको स्तर भने माथि उठ्न सकेको छैन ।**

■ **छत्र कार्की/काठमाडौं**

सरकारले प्राथमिक तहमा मातृभाषाको पढाइ थालेको एक दशक बितिसकेको छ, तर यो अवधिमा न मातृभाषा पढ्ने विद्यार्थीको संख्या बढेको छ, न त मातृभाषाको प्रवर्द्धनमा सहयोग पुगेको देखिएको छ । तामाङ भाषा तथा संस्कृतिविज्ञ अमृत योञ्जन भन्छन्, 'दस वर्षअघि र अहिलेको अवस्था तुलना गर्दा मातृभाषाको अवस्थामा केही तात्त्विक फरक पाइएको छैन ।'

पाठ्यक्रम विकास केन्द्र, सानोठिमीले ठूलो धनराशि खर्च गरेर अहिलेसम्म १२ भाषाभाषीको पाठ्यक्रम र पाठ्यपुस्तक तयार पारिसकेको छ । भाषा शिक्षणको अनुसन्धान र तालिमका नाममा पनि धेरै स्रोत र साधन खर्च भइसकेको छ । आखिर, मातृभाषाको शिक्षाको स्तरचाहिँ किन ज्यूँकात्यूँ रहयो त ? किराँत याक्थुङ चुम्लुङका अध्यक्ष अर्जुन लिम्बू भन्छन्, 'चालीस प्रतिशत आदिवासी तथा जनजाति रहेको मुलुकमा मातृभाषाको शिक्षा कहिल्यै सरकारको प्राथमिकतामा परेन । लोकतन्त्रपछि पनि यथास्थितिवादी सोच यथावत् रहनु विडम्बना हो ।' अध्यक्ष लिम्बूका अनुसार सरकारमा पाठ्यक्रम बनाउनेबित्तिकै आफ्नो काम सकिएको ठान्ने प्रवृत्ति देखियो । तर, मातृभाषालाई कसरी व्यवस्थितरूपमा अघि बढाउने भन्ने सम्बन्धमा नीतिगत स्पष्टता आएन । अध्यक्ष राई थप्छन्, 'सरकारी नीतिहीनता र आलटाले चाला नै मातृभाषाको शिक्षाको यो हविगत हुनुका प्रमुख कारक हुन् ।'

भर्खरै मात्र जारी भएको अन्तरिम संविधानमा आधारभूत तहसम्म मातृभाषामा शिक्षा दिइने कुरा उल्लेख गरिए पनि धेरै अस्पष्टता देखिएको छ । नयाँ प्रावधानलाई टेकेर मातृभाषाको विकासमा तत्काल केही गर्न सक्ने अवस्था देखिँदैन । वैशाखबाट सुरु हुने आगामी शैक्षिक सत्रमा पनि मातृभाषाको पढाइ पहिलेकै ढाँचामा अघि बढ्ने देखिएको छ । नयाँ शैक्षिक सत्रको संघारमा आइपुग्दा शिक्षा मन्त्रालयले मातृभाषाको शिक्षा चुस्त रुपमा प्रदान गर्न कुनै योजना अघि सारेको छैन । यसबाट के देखिन्छ भने आगामी वर्ष पनि मातृभाषाको पढाइ शिक्षकविहीनता, अपर्याप्त पाठ्यपुस्तकलगायत विगतका समस्याका कारण अन्योलबाट गुज्रने निश्चित देखिएको छ ।

### खै शिक्षक ?

अहिले प्राथमिक तहमा मातृभाषाको पढाइ ऐच्छिक विषयको रूपमा साताको ३ दिन हुँदै आएको छ, जसको पूर्णांक १ सय राखिए पनि यो विषयलाई उत्तिसारो महत्त्व दिइएको छैन । अरू विषय पास गरेर भाषामा फेल भए पनि कक्षा उत्तीर्ण हुने व्यवस्था छ । मातृभाषालाई माध्यम वा अनिवार्य नगरीकन ऐच्छिक विषयको रुपमा राख्दा खासै प्रभावकारी नभएको अवस्था छ । मातृभाषाको अध्यापनलाई निरन्तरता दिन सबैभन्दा ठूलो चुनौती हो- भाषा पढाउने शिक्षकको अभाव । सरकारले मातृभाषालाई प्राथमिक तहमा पढाउने त निर्णय गऱ्यो, तर भाषागत शिक्षकको व्यवस्था हुन सकेको छैन । तामाङ भाषा तथा संस्कृतिविज्ञ योञ्जन भन्छन्, 'अरू विषय पढाइरहेका शिक्षकले आफ्नो भाषाप्रतिको मोहले गर्दा थप पारिश्रमिक नलिईकन स्वयंसेवकको रुपमा भाषा पढाइरहेका छन् । यसले गर्दा जेनतेन पढाइसम्म चाहिँ चलेको छ ।'

सरकारले भाषा शिक्षकको दरबन्दी व्यवस्था नगरेको अवस्थामा कि त विद्यालयको निजी स्रोत नत्र भने स्थानीय समुदायको सहयोगबाट मात्र थप भाषागत शिक्षकको व्यवस्था गर्न सकिन्छ । खासगरी पिछडिएका जनजाति र आदिवासी समुदायको आर्थिक हैसियत सबल नभएको अवस्थामा उनीहरूको बलबुताबाट शिक्षक जुटाउनु असम्भवप्रायः हुन्छ ।

मातृभाषाको पढाइलाई सहयोग पुऱ्याउन विद्यालयमा अरू नै विषय पढाइरहेका विभिन्न भाषाभाषी शिक्षकहरू तत्पर नभएका पनि होइनन्, तर आफ्नो रुटिनमा परेका अरू विषय पढाएर अतिरिक्त समयमा भाषा पढाउँदा प्रभावकारी नदेखिएको विज्ञहरूको विश्लेषण छ । २०५५ सालमा कक्षा १ मा तामाङ भाषाको पढाइ सुरु भएपछि रामेछाप, दोलखा र सिन्धुपाल्चोक जिल्लाका २७ जना शिक्षकलाई तालिम दिइएको थियो । तालिम पाएपछि शिक्षकहरूले गाउँको विद्यालयमा गएर भाषा पढाउन उत्प्रेरकको भूमिका पनि खेलेका

| भाषा | जनसंख्या (प्रतिशतमा) |
|---|---|
| नेपाली | ४८.६१ |
| मैथिली | १२.३० |
| भोजपुरी | ७.५३ |
| तामाङ | ५.८६ |
| थारू | ५.१९ |
| नेवार | ३.६३ |
| मगर | ३.३९ |
| अवधि | २.४७ |
| बान्तवा | १.६३ |
| गुरुङ | १.४९ |
| लिम्बू | १.४७ |
| राजवंशी | ०.५७ |
| शेर्पा | ०.५७ |
| चाम्लिङ | ०.१९ |

*स्रोत : राष्ट्रिय जनगणना, २०५८, केन्द्रीय तथ्यांक विभाग*


प्राथमिक तहमा नेवारी भाषा पढिरहेका जगतसुन्दर ब्वनेकुथीका बालबालिका

## नेवारी भाषामा पढाइ

आगामी शैक्षिक सत्र २०६४/६५ देखि राजधानीका तीनवटा विद्यालयमा प्राथमिक तहमा नेवारी भाषामा पठनपाठन सुरु गरिने भएको छ। नेवा: बस्ती, नेवा: प्रोजेक्ट अन्तर्गत काठमाडौंको दरवारमार्गस्थित नेवा: इङलिस स्कुल, नयाँबजारस्थित नेवा: किन्डरगार्डेन स्कुल र ललितपुरको ठेचोमा रहेको नेवा: इङलिस स्कुलमा नेवारी भाषाबाट पढाइ सुरु गर्न लागिएको छ। माध्यम भाषाका रुपमा नेवारी राखिए पनि नेपाली र अंग्रेजी विषयको पनि पठनपाठन गरिने बताइएको छ। यसअघि राजधानीको डल्लुमा डेढ दशकदेखि सञ्चालित जगतसुन्दर ब्वनेकुथीमा नेवारी माध्यमबाट कक्षा १० सम्म पढाइ सञ्चालन भइरहेको छ। स्मरणीय के छ भने जगत सुन्दर ब्वनेकुथीमा क्षेत्री, बाहुन, तामाङलागयत गैरनेवार विद्यार्थी पनि पढ्छन्।

थिए, तर स्रोतसाधन, जनशक्तिलगायत अरू विभिन्न अड्चनले गर्दा भाषाको पढाइले अपेक्षित गति लिन सकेन। तामाङ भाषा संस्कृतिको प्रचारप्रसार र संवर्द्धनका लागि अहोरात्र खटेका केही भाषाप्रेमीहरूको पहलमा २०५६ सालमा पनि काठमाडौं, काभ्रे र धादिङमा पनि २१ शिक्षकलाई प्रभावकारी भाषा शिक्षणबारे आधारभूत तालिम प्रदान गरिएको थियो। तामाङ भाषा तथा संस्कृतिका अनुसन्धाता रवीन्द्र तामाङ भन्छन्, 'तालिम लिएका शिक्षकहरूको भाषा शिक्षण क्षमता राम्रो थियो, तर उनीहरूलाई उत्प्रेरणा प्रदान नगरिएका कारण भावनात्मक जोस जाँगर लामो समयसम्म रहन सकेन।'

२०५४ सालमा पठनपाठन सुरु भएको लिम्बू मात्र होइन, मैथिली, भोजपुरी, शेर्पाभाषीले पनि आफ्नो निजी स्रोतसाधनले शिक्षकलाई साधारण तालिम दिएका थिए, जसले पछिसम्म निरन्तरता पाउन सकेन। प्राथमिक तहमा लिम्बू भाषाको पढाइ थालिएका धनकुटा, पाँचथर, ताप्लेजुङ, इलाम, मोरङ तथा मैथिली, भोजपुरी, अवधि भाषाको पढाइ हुने धनुषा, महोत्तरी, सिरहा, सप्तरी, सर्लाहीलगायत जिल्लामा पनि भाषा कसरी पढाउने भन्नेबारे तालिम दिइएको थियो। मैथिली संस्कृतिका अध्येता डा. गंगाप्रसाद अकेला भन्छन्, 'आफ्नो मातृभाषाप्रतिको मोहले गर्दा त्यस बेला विभिन्न भाषाभाषी जागरुक भएका थिए, भाषाभाषीको तदारुकतालाई सरकारले वास्तै गरेन।'

### झारा टार्ने प्रयास !

प्राथमिक तहमा इच्छाधीन विषयको रुपमा पठनपाठन सुरु भएको मातृभाषाको पाठ्यक्रम तयार गर्ने काम सम्बन्धित भाषाका विज्ञहरूको सहयोगमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमीले गर्दै आएको छ। विभिन्न दातृ संस्थाको अनुदान रकमको उचित सदुपयोग भएको छ भन्ने देखाउन प्रशस्त गृहकार्य र तयारीविना हतार गरेर पाठ्यक्रम बनाएको बताउनेहरू पनि कम छैनन्। मातृभाषाजस्तो संवेदनशील विषयको पाठ्यक्रम बनाउने जिम्मेवारी भाषाप्रति केही नै जानकारी नभएको एक कर्मचारीको हातमा सुम्पेपछि भाषाविज्ञहरूले असहमति जनाएका थिए। पाठ्यक्रम बनाउँदा संयोजकको जिम्मेवारी उपयुक्त व्यक्तिलाई नदिइँदा तल्लो तहमा जति अन्तर्क्रिया हुनुपर्ने हो, त्यो हुन सकेको देखिँदैन।

प्राथमिक तहमा मातृभाषाको पढाइ हुन थालेको सुरुका दिनदेखि अहिलेसम्म पाठ्यपुस्तकको समस्या उस्तै रुपमा रहेको छ। एक त मातृभाषाका किताब थोरै संख्यामा (एक हजारदेखि दुई हजारसम्म) छापिन्छन् र छापिएका किताब पनि शैक्षिक सत्र सुरु भएको ५-६ महिनामा मात्र विद्यालयमा पुगेको पाइन्छ। भाषागत शिक्षक नभएको अवस्थामा किताब पनि ढिलो पुग्दा पढाइ झनै चौपट्ट भएको धेरैको विश्लेषण छ। शिक्षा पत्रकार समूहका कोषाध्यक्ष एमडी कुलुङ भन्छन्, 'सरकारबाट मातृभाषाको पनि पढाइ भएको छ भन्ने देखावटी काम मात्र भएको छ, प्रभावकारिताको हिसाबले कुरा गर्दा पाठ्यक्रम र पाठ्यपुस्तक तयार पार्ने कार्य झारा टार्ने प्रयासजस्तो मात्र देखिएको छ।'

मातृभाषाका किताबको वितरण व्यवस्था साझा प्रकाशनले गर्दै आएको छ। समयमै छापिएका किताब पनि साझाले नपुर्‍याएको गुनासो भाषाभाषीले गर्दै आएका छन्। त्यसो त ३-४ वर्षअघि छापिएका केही भाषाका किताबचाहिँ माकुराले जालो लगाएको अवस्थामा थन्किएर रहेका किताब हेर्दा अव्यवस्था ऐनाझैं छर्लंग देखिन्छ।

### लोप हुने खतरा

२०४९ सालमा प्राथमिक तहको पाठ्यक्रम परिमार्जन गर्ने क्रममा स्थानीय मातृभाषा, संस्कृत, अंग्रेजी वा स्थानीय आवश्यकताका विषयलाई ऐच्छिक रुपमा पठनपाठन गर्ने प्रावधान राखिएको थियो। त्यसपछि मातृभाषामा पाठ्यक्रम बनाउने कामको थालनी पाठ्यक्रम विकास केन्द्रले गरेको थियो। २०५३ सालमा नेवार, लिम्बू, मैथिली, भोजपुरीलगायत भाषाको पाठ्यक्रम तयार भएर पढाइ नै सुरु भएको थियो भने २०५४ सालदेखि थारू, तामाङलगायत भाषाको पठनपाठन पनि थालनी गरियो। अहिले प्राथमिक तहमा मैथिली, भोजपुरी, अवधि, थारू, तामाङ, नेवार, मगर, बान्तवा, गुरुङ, लिम्बू, शेर्पा, चाम्लिङ गरी १२ भाषाको पढाइ हुन्छ। पाठ्यक्रम विकास केन्द्रका शाखा अधिकृत डिक राईका अनुसार अहिले राजवंशी र सुनुवार भाषाको पनि पाठ्यक्रम निर्माण भइरहेको छ।

एक तथ्यांकअनुसार मुलुकभर ६ हजारजति विद्यार्थीले मातृभाषालाई ऐच्छिकरुपमा पढ्ने गरे पनि अध्ययन-अध्यापन सशक्तरूपले बढ्न नसकेको यस क्षेत्रका विज्ञहरूको धारणा छ। तामाङ भाषा तथा संस्कृतिका विज्ञ योञ्जन भन्छन्, 'हाम्रो भाषा, हाम्रो शिक्षा भन्ने भावना जागेको छ, तर यसलाई ऐच्छिकमा राख्दा प्रभावकारी भने बन्न सकेको छैन।' मातृभाषा, संस्कृत, अंग्रेजीमध्येबाट छान्नुपर्दा अभिभावक र विद्यार्थीले अंग्रेजीलाई प्राथमिकतामा राख्छन्। त्यसैले पनि मातृभाषालाई प्राथमिक तहसम्म माध्यमभाषाका रूपमा पढाउनुपर्ने माग उठिरहेको छ। त्यसो त प्राथमिक तहका नेपालीबाहेक विषयलाई मातृभाषामा अनुवाद गराएर 'द्विभाषिक शिक्षा' दिने कार्य पनि थालनी गर्न लागिएको छ।

मातृभाषामा पढाइ सुरु भएपछि एक दशकको उपलब्धि उत्साहप्रद बन्न नसकेको अवस्थामा यथास्थितिकै निरन्तरता कायम रहेमा मुलुकमा रहेका भाषाहरू लोप हुँदै जाने अनुसन्धाताहरूको धारणा छ। तामाङ भाषा संस्कृति विज्ञ योञ्जन भन्छन्, 'मातृभाषा संरक्षणको लागि यही गतिमै काम गर्ने हो भने अधिकांश भाषा लोप हुने खतरा बढेको छ।' योञ्जनका अनुसार मुलुकका १ सय ४२ भाषामध्ये १९ भाषा लोप भइसकेका छन् र ४० भाषा पनि लोपोन्मुख हुने क्रममा छन्। ■



भाष्कर ओझा


संप्तरीको एउटा गाउँमा नागरिकता लिँदै गाउँले

# भटाभट भारतीयहरूलाई

**नागरिकता वितरण टोलीले थुप्रै भारतीयहरूलाई नागरिकता बाँडेको छ। नागरिकता पाउनेहरूको सूचीमा भारतीय प्रहरीको कालोसूचीमा परेका डाँका र आपराधिक गिरोहका सदस्यहरू समेत छन्।**

■ **श्यामसुन्दर यादव/राजविराज** (तस्वीर पनि)

**वर्षौंदेखि राष्ट्रियताको** पहिचानबाट वञ्चित नेपाली नागरिकलाई सहज रुपमा नागरिकता प्रमाणपत्र उपलब्ध गराउने उद्देश्यका साथ घरदैलोमा खटिएको नागरिकता वितरण टोलीबाट भारतीयहरूले नाजायज फाइदा उठाउन थालेका छन्। खासगरी तराईका सीमावर्ती जिल्लाहरूमा व्यापक रुपमा भारतीय नागरिकहरूले अनियमित रुपबाट नेपाली नागरिकको वैधानिकता पाएका छन्। भारतीयहरूले तराईमा रहेका आफन्त र नाताकुटुम्बमार्फत २ देखि १० हजार रुपैयाँसम्म खर्च गरेर नागरिकता लिइरहेका छन्।

मुलुककै सबैभन्दा बढी गाविस भएको सप्तरीमा हालसम्म टोलीबाट ३५ हजार नागरिकता वितरण भएकोमा ५ सयभन्दा बढी भारतीयले नागरिकता पाएको स्रोतले बताएको छ। १ सय १४ मध्ये ५२ वटा गाविसमा अहिलेसम्म नागरिकता वितरण कार्य सकिएको र अन्यमा जारी रहेको सप्तरी जिल्ला प्रशासनले जनाएको छ।

सप्तरीबाट नागरिकता पाएकामध्ये कतिपय भारतीय डाँका र आपराधिक गिरोहका सदस्यसमेत छन्। भारतीयहरूले नेपालस्थित नाताकुटुम्ब वा नागरिकता बनाउने दलालसँग समन्वय गरी जन्मका आधारमा जन्मसिद्ध नागरिकता बनाइरहेका छन्। कुनै बेला एक लाख रुपैयाँ खर्च गर्दा पनि नागरिकता हत्याउन नसकेका भारतीयहरूले थोरै रकममा नागरिकता पाउन थालेपछि लिनेहरूको संख्या बढेको स्रोत बताउँछ।

भारतीय नागरिकहरूले जन्मसिद्ध नागरिकता लिन गाउँकै आठजनाले नागरिकताको फोटोकपीसहित सर्जमिन र सनाखत गर्नु पर्छ। तर, नागरिकता टोलीको आसपासमै २ सयदेखि ५ सय रुपैयाँमा नागरिकताको फोटोकपी बिक्री हुने पाइएको छ। छेउमै फोटोकपी खरिद गरेर टोली प्रमुखसमक्ष निवेदन दिएको देखिन्छ। जन्मसिद्ध नागरिकताका लागि टोलीसमक्ष तीनजनाले सनाखत र पाँचजनाले सर्जमिन गर्नु पर्छ। तर, नागरिकता फोटोकपी खरिद गरी अरू व्यक्तिहरूले नै नक्कली सहीछाप गर्ने गरेको र सोही आधारमा सहज रुपमा नागरिकता दिने गरेको स्रोत बताउँछ। नागरिकताका लागि निवेदन दिएकाहरूको नामावली टोलीले २४ घन्टाअगाडि सार्वजनिक गर्नु पर्ने कानुनी व्यवस्था भए पनि अत्यधिक चापका कारण त्यसो गर्न न भ्याएको टोली प्रमुख स्विकार्छन्।

जन्मसिद्ध नागरिकता वितरण गर्नुअघि नामावली सार्वजनिक गरिए पनि उजुरी नै नपरेकाले नागरिकता दिन बाध्यता हुने एक टोली प्रमुख बताउँछन्। उनी भन्छन्, 'सम्पूर्ण प्रक्रिया पूरा भइसकेपछि हामीले नागरिकता रोक्न मिल्दैन।' कतिपय स्थानमा फोनबाट वा प्रत्यक्ष रुपमा धम्की आउनुका साथै कोठामा समेत थुनिनु परेको टोली प्रमुखहरूको बाध्यता छ। जनतान्त्रिक तराई मुक्तिमोर्चा, मधेसी टाइगर्स लगायतका कारण प्रहरी गाउँ जान नमान्दा सर्वसाधारणकै आग्रहमा असुरक्षित वातावरणमा नागरिकता वितरण गर्नु परेको टोली प्रमुखहरूको दुखेसो छ।

भारतीय प्रहरीको सूचीमा अपराधी ठहरिएका डाँका र आपराधिक गिरोह सदस्यले आफू सुरक्षित

नागरिकताका लागि आवश्यक प्रक्रिया पुरा गर्दै सर्वसाधारण





हुन नेपाली नागरिकता लिन थालेको स्रोतको दाबी छ । नेपाली नागरिकता प्राप्त गरेका अपराधीहरूले सुरक्षित वासस्थानका रुपमा तराईका जिल्ला उपयोग गर्न थालेका छन् । मधेस आन्दोलन र स्वतन्त्र तराई राज्यको माग गर्दै हतियारबन्द आन्दोलन गरिरहेकाको आडमा भारतीय आपराधिक गिरोहहरू सक्रिय देखिन्छन् । दिनभर स्वतन्त्र रुपमा डुली हिँड्ने भारतीय आपराधिक गिरोहले लुटपाट, चोरी, डकैती समेत गर्ने गरेको स्रोत बताउँछ ।

सप्तरीको भारदह, वभनगमाकट्टी, कोइलाडी, मधेपुरा, हनुमाननगर, नर्घो, १ नम्बर योगिनिया, २ नम्बर योगिनियालगायतका भारतीय सीमावर्ती गाविसहरूबाट भारतीय नागरिकले अत्यधिक संख्यामा नेपाली नागरिकता लिएको स्रोत बताउँछ । वभनगामाकट्टीबाट भारत विहारका केशोरी रजक, कैलाश झा, रामविलास मण्डल, रामसुन्दर मण्डल, लक्ष्मी मण्डल, लालविकास देव, पंकजकुमार सिंह, शिवनारायण मण्डल, जितनीदेवी मण्डल, शिवनारायण साह, राजेन्द्रप्रसाद दास, मौजेलाल महतो गरी झन्डै पाँच दर्जन भारतीयले नागरिकता लिएका छन् । यसैगरी सिरहाको बरियारपट्टी र राजपुर गाविसका टोली प्रमुखहरूलाई धम्क्याएर सयौंको संख्यामा भारतीयहरूले नागरिकता लिएका छन् । अवैध रुपमा नागरिकता लिने क्रम अझै जारी रहेको स्थानीय बासिन्दाहरूको गुनासो छ ।

भारतीय नागरिकले नेपाली नागरिकता लिएपछि यहाँका जनताले पाएसरह नागरिक हक उपभोग गर्न पाउने भएकाले भारतीय प्रहरीको कालोसूचीमा रहेका कतिपय युवाले वैदेशिक रोजगारीमै जान मोटो रकम खर्च गरेरै भए पनि नागरिकता लिने गरेको देखिन्छ । कतिपयले नेपालमा जग्गाजमिन खरिद गरी व्यापार व्यवसाय गर्न, जागिर खान तथा अपराधबाट बच्न नागरिकता लिने गरेका छन् ।

गैरनेपालीले नागरिकता पाएकोमा कुनै पनि निकाय जिम्मेवारी लिन चाहँदैन । प्रक्रिया पुऱ्याएर आएपछि सिफारिस गर्न बाध्य हुने गाविस सचिवहरू बताउँछन् । नाम नखुलाउने सर्तमा एक गाविस सचिव भन्छन्, 'हामीले सिफारिस नगर्दा आठ राजनीतिक दलको दबाब आउँछ, हतियारधारी समूहको धम्की खेप्नुपर्छ ।' उता नागरिकता वितरण टोलीको पनि आफ्नै पीडा छ । 'प्रक्रिया पूरा गरेर आउँछन्, भारतीय नागरिकविरुद्ध उजुरी गर्ने कोही हुँदैन, नागरिकता नदिए ज्यान लिने धम्कीसम्म आउँछ', एक टोली प्रमुख भन्छन्, 'हामीले बुझ पचाएरै भए पनि ज्यान जोगाउन नागरिकता दिनु पर्ने बाध्यता छ ।' भारतीयहरूले नागरिकता प्राप्त गरेको तथ्यलाई नागरिकता टोली अस्वीकार गर्दैनन् ।

नागरिकता वितरण टोलीलाई सघाउन खटिएका राजनीतिक दल, स्थानीय प्रतिनिधिहरूले टोलीलाई दबाब नदिएको दाबी गरे पनि भारतीयले नागरिकता पाएको वास्तविकतालाई अस्वीकार गर्ने हिम्मत गर्दैनन्, उनीहरू पनि । नागरिकता वितरण टोलीको नाजायज फाइदा केही भारतीयले उठाएको आफूले पनि सुनेको नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का केन्द्रीय सदस्य मनीषकुमार सुमन बताउँछन् । उनी भन्छन्, 'गैरनेपालीले जन्मसिद्ध नागरिकता लिएको विषयमा स्थानीय प्रशासनले तत्काल छानबिन गरी त्यस्ता गलत कार्य रोक्नु पर्छ ।' पुस्तौंदेखि मधेसमा बसोवास गर्दै आएका मधेसी जनताले पहिचानको रुपमा सजिलै नागरिकता पाउनु पर्ने, तर नाजायज फाइदा लिन खोज्ने गैरनेपालीलाई निरुत्साहित गर्ने संयन्त्र बनाउनु पर्ने सुमनको धारणा छ ।

पुस्तौंदेखि नागरिकताबाट वञ्चित गरिब तथा दलितहरूले भने अझै सहज रुपमा नागरिकता पाउने वातावरण छैन । सर्जमिन, सिफारिस एवं सनाखतमा बस्नेहरू समयमा नभेट्टिएकाले खासगरी डोम, मुसहर, बाँतर, पासवान, चमार, खत्वे लगायतका जातिका सदस्यहरूले अझै नागरिकता पाउन सकेका छैनन् । टोलीसमक्ष नागरिकताका लागि जाँदा दलितहरूलाई हेपेर पठाइने गरेको कोइलाडी मधेपुरा-७ का मुखिलाल राम बताउँछन् । उनी भन्छन्, 'सुकिला लुगा लगाएका धनीमानी व्यक्तिलाई तुरुन्तै नागरिकता उपलब्ध गराइन्छ, तर हामीलाई किन भेदभाव गरिन्छ ?'

टोली एउटा गाविसमा एक सातामात्रै बस्ने भएकाले कतिपय, दलित उत्पीडित नै नागरिकताबाट वञ्चित हुने गरेको सप्तरीका विधायक असर्फी सदा बताउँछन् । चेतनाको अभावमा प्रक्रिया पुऱ्याउन नसक्दा नागरिकताबाट वञ्चित हुने गरेको उल्लेख गर्दै उनी भन्छन्, 'दलित एवं उपेक्षित वर्गले सहज रुपमा नागरिकता पाउने वातावरण मिलाउनु पर्छ । केही भारतीयले नागरिकता लिएको चर्चा चलेकाले त्यसमा संलग्न गिरोहलाई कडा कारबाही हुनु पर्छ ।'

भारतीयहरूलाई नागरिकता उपलब्ध गराउन सहयोग वा सिफारिस गर्नेलाई कानुनी प्रक्रिया र दण्डसजायबारे ज्ञान नभएको पनि पाइएको छ । नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका-२०६३ अनुसार झूटो विवरण दिई नागरिकता लिएमा १ वर्षदेखि ५ वर्षसम्म कैद वा ५० हजारदेखि १ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने प्रावधान छ । विदेशीलाई नागरिकता दिलाउने कार्यमा सनाखत गरेमा ६ महिनादेखि ३ वर्ष कैद वा ५० हजारदेखि १ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था भए पनि यसबारे आम जनसमुदायलाई जानकारी नभएकाले यस्तो समस्या सिर्जना भएको महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजका सह-प्राध्यापक शिवनारायण यादव बताउँछन् ।

भारतीयले नागरिकता पाएको विषयमा सप्तरीका प्रमुख जिल्ला अधिकारी शम्भु कोइराला अनभिज्ञता व्यक्त गर्छन् । 'गैरनागरिकले नागरिकता लिएको छ भने रद्द हुन्छ । नागरिकता टोली प्रमुखलाई बाध्यतामा पारेर यस्तो कार्य भएको हुन सक्छ', कोइराला भन्छन्, 'तराईमा हतियारबन्द आन्दोलन जारी रहेकाले नागरिकता अभियानमा खटिएका टोलीहरू आफैं सुरक्षित छैनन् ।'

नागरिकताका सम्बन्धमा अहिलेसम्म सप्तरीमा पाँचजनाको मात्र उजुरी परेको सहायक प्रमुख जिल्ला अधिकारी ऋषिराम ढकाल बताउँछन् । गैरनेपालीले नागरिकता लिएको भए पनि लिखित उजुरी नआएसम्म कारबाही गर्न नसकिने उल्लेख गर्दै उनी भन्छन्, 'किटानीसाथ व्यक्तिको नाममा उजुरी नआएसम्म कारबाही गर्न अप्ठ्यारो छ ।' नागरिकतासम्बन्धी दण्ड सजायको व्यवस्थाबारे जानकारीको अभावमा पनि यस्तो समस्या देखिएको ढकालसमेत स्वीकार गर्छन् । नेपाली नागरिकले आफ्नै नागरिकताको फोटोकपी बेच्न थालेपछि स्थानीय प्रशासनलाई नियन्त्रण गर्न गाह्रो हुने उल्लेख गर्दै उनी थप्छन्, 'भारतीयलाई नागरिकता लिनबाट रोक्न स्थानीय राजनीतिक दलका प्रतिनिधि एवं नेपाली जनता आफैं सचेत हुनु पर्छ ।'

भारतीयले नागरिकता लिएको प्रहरी अधिकारी पनि अस्वीकार गर्दैनन् । सप्तरीका प्रहरी उपरीक्षक सुभाषचन्द्र चौधरी सीमामा प्रहरीको सुरक्षा एकाइ नभएकाले आपराधिक व्यक्तिहरूले प्रवेश पाएर यसरी अवैध रुपमा नागरिकता लिने गरेको हुनसक्ने स्वीकार गर्छन् । हतियारधारी समूहका कारण प्रहरीचौकीहरू समेत सदरमुकाममा गाभिएपछि अवाञ्छित तत्त्वहरूको चलखेल बढेको हुनसक्ने उनी बताउँछन् ।

नागरिकता प्राप्त गर्नेमध्ये कतिपय भारतीय आपराधिक व्यक्ति भएकाले सुरक्षा अभावले ज्यान जोखिममा पर्ने हुँदा किटानी उजुरी दिन साहस नहुने र असहज परिस्थितिका कारण नागरिकता टोलीको अनुगमनसमेत राम्ररी नहुँदा अवैधानिक रूपमा गैरनेपालीले नागरिकता पाएको बुझ्न सकिन्छ । तर, समयमै यस्ता क्रियाकलाप नियन्त्रण नगरे राष्ट्रियता नै संकटमा पर्ने स्थिति आउन सक्छ । ■

# भाषणले मात्र राजतन्त्र जाँदैन

**अमृतकुमार बोहरा**
स्थायी समिति सदस्य, नेकपा (एमाले)

**प्रजातन्त्र दिवसका दिन राजा ज्ञानेन्द्रले मुलुकवासीलाई सम्बोधन गर्ने नाममा निकालेको वक्तव्यलाई लिएर अन्तरिम व्यवस्थापिकाले सर्वसम्मतरुपमा राजामाथि कारबाही गर्ने निर्णय गरिसकेको छ । एमालेले भने अन्तरिम संविधानमा महाभियोगको प्रावधान राखी त्यसैमार्फत प्रक्रिया अघि बढाएर फेरि निरंकुश बन्न खोज्ने राजाको चाहना चकनाचुर पार्नुपर्ने प्रस्ताव अघि सारेको छ । एमालेको प्रस्ताव लोकप्रिय बन्ने दाउ मात्र भएको चर्चा चलिरहेका बेला माओवादीले भने एमाले राजा जोगाउने दाउमा लागेको आरोप लगाएको छ । एमाले स्थायी समिति सदस्य अमृतकुमार बोहरा भन्छन्, 'हल्का ढंगबाट अरूलाई तथ्यहीन आरोप लगाउने काम ठिक होइन ।' समसामयिक राजनीतिक विषयवस्तुबारे समय संवाददाता छत्र कार्कीले बोहरासँग गरेको कुराकानी ।**

**शान्तिप्रक्रियाले किन गति लिन नसकेको होला ?**


शान्ति र लोकतन्त्र सँगसँगै जाने कुरा हुन् । लोकतन्त्रका लागि शान्ति चाहिन्छ । शान्तिका लागि पनि लोकतन्त्र अपरिहार्य हुन्छ । यिनीहरुलाई सँगसँगै लैजानुपर्ने जनआन्दोलनको 'म्यान्डेट' हो । जनताको माग र चाहना पनि हो । तर, जनताको माग, चाहना, भावना र मुलुकको आवश्यकताअनुसार सरकारको गति, सोच र शैली त्यति मिल्न सकेन । उसको सक्रियता र उत्साहमा पनि कमी देखियो । अग्रगामी परिवर्तनका निम्ति सरकार जति चिन्तित हुनुपर्थ्यो, जति जिम्मेवार र संगठित ढंगले लाग्नुपर्थ्यो, त्यो नहुँदा पनि अपेक्षित सफलता प्राप्त गर्न नसकेको हो ।

**त्यसो भए सरकारलाई असफल भन्न खोज्नु भएको हो ?**

हाम्रो पार्टी पनि सरकारमा छ । सरकारको समग्र मूल्यांकन त गरिसकिएको छैन । गर्न बाँकी छ । तर, परिणामले देखाएको छ, सरकारको कार्यशैली प्रभावकारी छैन, उसले जनचाहना राम्ररी प्रतिबिम्बित गर्न सकेको छैन । जति चुस्त, छरितो हुनुपर्ने हो, त्यो हुन सकेको छैन । त्यसले मुलुकमा धेरै खालको अव्यवस्था, अस्तव्यस्तता सिर्जना भएको छ । लोकतन्त्रमा जनताको तर्फबाट विभिन्न माग उठ्नु स्वभाविक हो, लोकतान्त्रिक सरकारले नै त्यस्ता गम्भीर विषयमा पहल गर्नु पर्ने हुन्छ । सरकारले जनताबाट उठेका जायज मुद्दा समयमै सम्बोधन गर्न सकेको छैन । जति भएको छ, त्यत्तिमै रमाउने र चित बुझाउने यथास्थितिवादी सोचले सरकार आक्रान्त छ ।

**सरकारलाई माओवादीसहित सात दलको समर्थन छ, तैपनि किन विश्वासको संकट देखिएको ?**

सरकारमा नेतृत्वदायी भूमिका प्रधानमन्त्रीको हुन्छ । मुलुक अहिले जटिल र संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । यस्तो अवस्थाबाट अघि बढ्नुपर्ने अवस्थामा एक त प्रधानमन्त्री आफैं अस्वस्थ हुनुहुन्छ । व्यक्ति अस्वस्थ भए पनि सिंगो सरकार त एउटा संयन्त्र हो, त्यहाँ विभिन्न दलबाट प्रतिनिधित्व गर्ने मन्त्रिपरिषद्का बीसजना सदस्य छन् । संयन्त्रले काम गर्नुपर्ने हो, त्यस्तो केही देखिँदैन । सामूहिकरुपबाट जुनखालको पहल, प्रयत्न, उत्सुकता, जिम्मेवारी र उत्तरदायित्वको भावना हुनुपर्ने हो, त्यो छैन । सरकार र दलका बीचमा


भास्कर ओझा

**सरकार कहाँ छ ? जनताले कहाँ सुरक्षा पाएका छन् ? यति धेरै अस्तव्यस्त छ, जनताले पाउनुपर्ने सहुलियत र सुविधाका कुरामा कहाँनेर सरकार उपस्थित छ ? कहाँ उसले आफ्नो काम प्रभावकारी ढंगले गरेको छ ?**

समन्वय राख्ने प्रभावकारी संयन्त्र छैन ।

**सरकारका कामलाई एमालेले कसरी मूल्यांकन गरेको छ ?**

जनआन्दोलनको बलबाट आएको सरकार भएकाले यसले सकेसम्म राम्रो काम गरोस् भन्ने हाम्रो चाहना छ । यसलाई यति धेरै जनता, दलको साथ र सद्भाव छ । सरकारका निम्ति योभन्दा उपयुक्त अवस्था त अब सायदै आउला । यस्तो अवस्थामा टिप्पणी र आलोचना गर्नुपर्ने धेरै नकारात्मक कुरा हुँदाहुँदै पनि त्यसलाई आन्तरिक वा बाह्य आलोचनाको विषयवस्तु बनाएनौं । हामीले आठै दलको बैठकमा पनि ती कुरा राख्यौं । प्रधानमन्त्रीलाई भन्यौं । पार्टीका तर्फबाट सरकारमा सामेल मन्त्रीलाई पनि भने पनि सार्वजनिक टिप्पणी गरेर उहाँहरुलाई हतोत्साहित गरेनौं । यत्रो अवसर पाउँदा पनि सरकार प्रभावकारी र सफल भने हुन सकेन । अहिले त सरकार प्रभावकारी नभएकोमात्र होइन कि उसकै अस्तित्वबारे धेरै प्रश्न उठेका छन् । सरकार कहाँ छ ? जनताले कहाँ सुरक्षा पाएका छन् ? यति धेरै अस्तव्यस्त छ, जनताले पाउनुपर्ने सहुलियत र सुविधाका कुरामा कहाँनेर सरकार उपस्थित छ ? कहाँ उसले आफ्नो काम प्रभावकारी ढंगले गरेको छ ? त्यसकारण छिटो यसलाई अन्त्य गरेर नयाँ सरकार निर्माण गर्नुपर्छ ।

**एमालेबाट प्रतिनिधित्व गर्ने मन्त्रीहरु पनि त उही ड्याङको मूलाजस्तो देखिए नि ?**

मैले समग्रतामा भनिसकेँ सरकारको कार्यशैली प्रभावकारी भएन । पद जोगाउनेबाहेक अरु धेरै काम यसले गर्न सकेको छैन ।

**किन मन्त्रीहरु र पार्टीबीच आवश्यक समन्वय हुन नसकेको त ?**

विभिन्न समुदाय, वर्ग र पेसाबाट आएका गुनासा हामीले विभिन्न माध्यमबाट सरकारमा जाने साथीहरुको बीचमा पुऱ्याएका छौं । मन्त्रालय विशेषमा मन्त्रीहरुको पनि विशेष दायित्व र जिम्मेवारी हुन्छ, तर सिंगोमा सरकारको नेतृत्वको पनि कुरा आउँछ । नेतृत्व विशेषले त्यसमा ध्यान नदिएपछि कयौं समस्या आउँदो रहेछ ।

**प्रसंग बदलौं, माओवादीसहितको अन्तरिम सरकार किन अहिलेसम्म गठन हुन नसकेको हो ?**

माओवादीको व्यवहार सन्तोषजनक छैन । उनीहरूले आफूलाई वैचारिक र शैलीगतरुपबाट जुन किसिमले रुपान्तरण गर्नुपर्ने हो, त्यो भएको छैन । जनताले जे अपेक्षा गरेका छन्, त्यो भएको छैन । यी कुरालाई गम्भीररुपमा लिनुपर्छ र आफ्ना व्यवहार सच्याउनुपर्छ भनेर हामी बारम्बार भनिरहेका छौं ।

अब कुनै खालका जोरजबर्जस्ती हुनु हुँदैन । हामी शान्तिपूर्ण ढंगले छलफल, बहस, विवाद गर्न तयार छौं भन्ने आश्वस्त पार्न सक्नुपर्छ। माओवादीले सबैसँग राजनीतिक व्यवहार गर्न सक्नुपर्छ, त्यो अहिले भइरहेको छैन । अन्तरिम व्यवस्थापिकामा सामेल भइसकेपछि नीति निर्माणको तहमा उनीहरु आइसकेका छन् । अब सहमति किन नगर्ने, अन्तरिम सरकारका लागि ? हाम्रो लक्ष्य त संविधानसभाको निर्वाचनमा पुग्नु हो । निर्वाचनमा जाने कुरामा ढिलाइ भइरहेको छ । माओवादीकै व्यवहार र हतियारसम्बन्धी कुरामा थुप्रै आलोच्य पक्षहरु छन् । ती कुरा पनि सुधार्दै जानुपर्छ, तर यिनै कारणले नै अन्तरिम सरकार बनाउने कुरामा ढिलाइ गर्नुहुँदैन ।

**माओवादी व्यवहार सर्वत्र आलोच्य छ, यस अवस्थामा नै कसरी छिटो अन्तरिम सरकार बन्ला ?**

माओवादी फेरि जंगलतर्फ जानुपर्छ भन्ने त कसैको अभिप्राय छैन । माओवादीका व्यवहार सुधारेर उनीहरुलाई यथाशीघ्र शान्तिपूर्ण बहुदलीय अभ्यासमा लैजानुको विकल्प छैन । तर, माओवादी पटक्कै गम्भीर छैन, कब्जा गरेको घरसम्पत्ति फिर्ता भएको छैन, विस्थापितलाई घर फर्काउने कुरा लागू भएको छैन । अहिले पनि ठाउँठाउँमा हातहतियार प्रदर्शन भइरहेको छ । त्यसको एक प्रकारको त्रास जनतामा अहिले पनि छ, शान्ति प्रक्रियामा केही गम्भीर र केही जटिल समस्या पनि छन् । यी कुरालाई जस्ताकोतस्तै राख्नुपर्छ भन्ने मेरो अभिप्राय होइन । माओवादीले यसलाई पनि सुधार गर्नुपर्छ । माओवादी अध्यक्ष प्रचण्डले विगतमा आफ्नो तर्फबाट भएका ज्यादती र गल्तीका बारेमा त प्रशस्त आत्मालोचना र पश्चात्ताप गरेका छन् । त्यो भावनालाई कार्यकर्ताको आफ्नो आधारभूत तहसम्म पुऱ्याउनुपऱ्यो । सबैलाई आश्वस्त पार्नुपऱ्यो । यी समस्या अगाडि सारेर हामीले सरकार बनाउने कुरामा बिलम्ब गरेमा त्यसले घाटा हुन्छ ।

**अन्तरिम सरकार कहिलेसम्म बन्ला त ?**

हामीले प्रधानमन्त्रीलाई बारम्बार आग्रह गरेका छौं । कुनै पनि बहानामा अन्तरिम सरकार गठन ढिलो गर्नुहुँदैन । यसले धेरै किसिमको अस्तव्यस्तता सिर्जना गर्छ । तसर्थ सबै दलको प्रभावशाली सरकार बनाएर अविलम्ब संविधानसभामा जानुपर्छ ।

**यही चालाले जेठमा संविधानसभाको निर्वाचन होला त ?**

विभिन्न कारणले समयमा निर्वाचनसम्बन्धी ऐन नआएको हुनाले समस्या त छन् । अझै पनि फटाफट काम थाल्ने हो भने जेठमा संविधानसभाको निर्वाचन गर्न सकिन्छ । ।

**एमालेले अघि सारेको महाभियोग प्रस्तावलाई माओवादीले राजा टिकाउने खेल भनेको छ नि ?**

हल्काढंगबाट अरुलाई आरोप लगाउने काम ठिक होइन । यो आरोप तथ्यमा आधारित छैन । यो गैरजिम्मेवार कुरा हो । एमाले नीति र विचार कुन हिसाबले राजतन्त्रको पक्षमा छ ? एमाले राजतन्त्र र सामन्तवादका विरुद्धमा सुरुदेखि लडेको छ । हामीले नवौं बैठकबाट लोकतान्त्रिक गणतन्त्रको निर्णय गरेका छौं र अहिले पनि त्यसैका निम्ति प्रयत्नशील छौं । हामी त एक मिनट पनि यो राजा राख्न चाहँदैनौं । जहाँसम्म महाभियोग छ, राजाले यस्तै षड्यन्त्र बारम्बार गर्छन्, लोकतान्त्रिक शक्तिहरुमाथि यस किसिमको चुनौती खडा गर्छन् भने उनीविरुद्ध त कारबाहीको विधिवत् प्रक्रियामा जानुपऱ्यो नि । त्यसको निम्ति मानसिक र भौतिकरुपबाट पनि तयार हुनुपऱ्यो नि । त्यो प्रक्रियामा जानको लागि सबैको सहमति छ र महाभियोगबारे कसैको विमति छैन । राजाले यसैबीचमा त्यो संविधानसभासम्म पुग्न नदिने षड्यन्त्र गर्छन् भने बारम्बार अनधिकृतमा प्रतिगामीलाई संगठित गर्ने उनको मनोबल उठाउने र लोकतान्त्रिक शक्तिलाई हतोत्साही गर्ने वक्तव्यबाजी गर्छन् भने यस्तो राजालाई किन पर्खेर बस्ने ? त्यसैले हामीले अविलम्ब राजालाई कारबाही हुनुपर्छ भन्दा कसरी राजतन्त्रको पक्षमा हुन्छ ।

**फेरि माओवादीले त संसद्बाटै गणतन्त्रको घोषणा हुनुपर्छ भन्ने कुरा उठाइरहेको छ नि ?**

राजनीतिक दलहरु मानसिकरुपबाट तयार छन् भने यो लोकतन्त्रको विरुद्धमा षड्यन्त्र र संकट पैदा गर्ने सामन्त राजतन्त्रप्रति मोह राख्नुपर्ने कुनै जरुरी छैन । एमाले यसलाई सदाका निम्ति अन्त्य गर्न चाहन्छ । हामी पटकपटक लोकतन्त्रको निम्ति संघर्ष गर्नुपर्ने आवश्यकता अन्त्य गर्न चाहन्छौं, तर भाषणले मात्र राजतन्त्र जाँदैन । गणतन्त्र आउँदैन । त्यसका निम्ति विधि र प्रक्रियाका कुरा पनि हेर्नुपर्छ ।

**संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रको टुंगो लगाउने निर्णय भइसकेका बेला एमालेले लोकप्रिय बन्न यो प्रस्ताव ल्याएको त होइन ?**

यो बिल्कुल बेठिक कुरा हो । हामी कुनै सस्तो लोकप्रियता चाहँदैनौं । हामीले जनताको पक्षमा, लोकतन्त्रको अग्रगामी परिवर्तन होस् जनआन्दोलनले प्राप्त गरेको उपलब्धि संस्थागत सुदृढ होस् । कसैले पनि त्यसमाथि धावा बोल्ने र खोस्ने काम नहोस् भनेर महाभियोग ल्याएको हो । गणतन्त्रको पक्ष एउटा हो, राजतन्त्र अन्त्य गर्ने प्रश्न एउटा हो, तर संविधानसभा भनेको जनआन्दोलनको समग्र उपलब्धिलाई सुदृढ र संस्थागत गर्ने प्रक्रिया हो । राजतन्त्रलाई अन्तिमरुपमा ठेकान लगाउने संविधानसभाको निर्वाचनमार्फत गर्ने भन्नेमा सबै दलको सहमति हो । ■



समय

# बल्ल सुरसार अन्तरिम सरकारको

**यसै साताभित्र माओवादीहरूले बलपूर्वक जफत गरेका सम्पत्ति फर्काउनाका साथै सार्वजनिक रूपमा हतियार प्रदर्शन नगर्ने वाचा गरेका छन् । ती सर्तहरू पूरा गरेलगत्तै अर्को सातासम्म अन्तरिम मन्त्रिपरिषद् बन्ने सहमति भएको छ ।**

■ **विशेष संवाददाता/काठमाडौं**

**संसदीय राजनीतिमा** शान्तिपूर्ण अवतरणका लागि सुरु भएको ९ महिना पुरानो शान्ति प्रक्रियामा अन्तरिम सत्ता बाँडफाँडबारे उठेको विवादले ग्रहण लागेका संकेतहरू देखापरेपछि त्यसलाई फेरि खतरामुक्त गर्ने राजनीतिक प्रयासले तीव्रता पाएको छ । कांग्रेस र माओवादी नेतृत्वबीच बुधबार भएको बैठक गतिरोध हटाउन केही समझदारीमा पुगेको छ । त्यसअनुसार यसै साताभित्र माओवादीहरूले बलपूर्वक जफत गरेका सम्पत्ति फर्काउनाका साथै सार्वजनिक रूपमा हतियार प्रदर्शन नगर्ने निधो गरेका छन् । ती सर्तहरू पूरा गरेलगत्तै वा अर्को साता सर्वदलीय बैठकद्वारा आगामी चैत १ गते अन्तरिम मन्त्रिपरिषद् बनाउने निर्णय हुनु पर्ने सहमति पनि बुधवारको कांग्रेस-माओवादी बैठकमा लिइएको थियो ।

अन्तर्राष्ट्रिय दबाब एकातिर छ प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालामाथि, माओवादीहरूको व्यवहारमा सुधार नआएसम्म तथा हतियारको उचित व्यवस्थापन नभएसम्म । अर्कोतिर संयुक्तराज्य अमेरिकाको विदेश विभागले माओवादीहरू 'लागूऔषध, अवैध धन्दा र आतंकमा' सामेल भएको तथा शान्ति प्रक्रिया जारी छँदा नै मानवअधिकार उल्लंघनमा लिप्त भएको प्रतिवेदन पेस गरेर अन्तर्राष्ट्रिय जगत् तथा नेपालका प्रजातान्त्रिक शक्तिहरूलाई शान्ति प्रक्रियालाई कसरी बढी विश्वसनीय र प्राभावकारी बनाउने भनी सोच्न बाध्य तुल्याएको छ ।

यो सहमतिपछि संविधानसभाको निर्धारित निर्वाचनअघि नै गणतन्त्र नेपाल घोषित गर्न राजनीतिक सहमति खोज्ने माओवादीको प्रयास धराशायी भएको छ, कांग्रेसको असहयोगपछि भने आफ्नो राजनीतिलाई बढी आमूल परिवर्तनकारी देखाउन राजालाई महाभियोगद्वारा हटाउने एमालेको प्रयास पनि तुहिएको छ । संसद्अन्तर्गत ल्याइसकेपछि पनि सरकारले अविश्वासका साथ प्रस्तुत गर्दै आएको नेपाली सेना बरु अब केही मात्रामा चिन्तित देखिन थालेको मात्र हैन, आफ्नो अडानलाई प्रस्तुत गर्न पनि थालेको छ । यो पृष्ठभूमिलाई ध्यानमा राखी बुधवारको बैठकले अन्तरिम सरकारको गठनपछि संविधानसभाको निर्वाचन निर्धारित समयमा गर्ने नै राष्ट्रिय एकाग्रता हुनु पर्ने कुरामा माओवादीलाई दबाब दिएको छ, तर मन्त्रिपरिषद्मा विभागहरू बने माओवादीको दाबीलाई प्रधानमन्त्रीले स्वीकार भने गरेका छैनन् ।

'माओवादी हतियार पञ्जीकरणबाट सन्तुष्ट नभएको' सन्देश दिनाका साथै माओवादीको दबाबमा एकतर्फीरुपमा सुरक्षानिकायका व्यक्तिहरूलाई मात्र सरकारले कारबाही गरिरहेको पृष्ठभूमिमा द्वन्द्वमा घाइतेहरूलाई सैनिक मुख्यालयले विशेष रुपमा कदर गर्न थालेको पनि छ ।

अन्तरिम सरकारमा कोइरालापछिको उत्तराधिकारीका रुपमा स्थापित गर्ने वरिष्ठ उपप्रधानमन्त्री पदका लागि माओवादीको दाबीलाई मात्र हैन, प्रधानमन्त्रीले रक्षा, गृह, परराष्ट्र र अर्थ जस्ता मन्त्रालय पनि कांग्रेससँगै रहने अडान लिएको बुझिएको छ । त्यस अवस्थामा आफ्ना विश्वासपात्र गृहमन्त्री कृष्णप्रसाद सिटौलालाई रक्षामन्त्री दिई सेनाको मनोबल गिराउने खेलले समेत प्रधानमन्त्रीको अनुमोदन नपाएको बालुवाटार सूत्र बताउँछ ।

कांग्रेसभित्रका विभिन्न राजनीतिक खेमामा विभक्त भए पनि वरिष्ठ नेताहरू भीमबहादुर तामाङ, अर्जुननरसिंह केसी, लक्ष्मण घिमिरे, सुजाता कोइराला एकातिर र मन्त्रीहरू रामशरण महत अर्कोतिर माओवादीसमक्ष समर्पण गर्ने सिटौला-शेखर कोइराला नीतिलाई समीक्षा गर्न प्रधानमन्त्रीमाथि दबाब दिइरहेका छन् ।

उता गृहमन्त्री सिटौला र माओवादी दबाबअनुसार मधेसी जनाधिकार फोरमलाई अहिले बेवास्ता गर्ने र ऊसँग वार्ता नभए पनि संसद्मा तराईसम्बन्धी संशोधन प्रस्ताव दर्ता गर्न सरकार बाध्य भएको छ । तराईमा आन्दोलनरत समूहहरूबीच पनि फाटो उत्पन्न भएको छ । नेपाल सद्भावना पार्टी (आनन्ददेवी)ले उक्त संशोधनलाई साथ दिएको मात्र हैन, फोरमले वार्ताका लागि पूर्वसर्तका रुपमा राखेको माग गृहमन्त्रीको राजीनामालाई सद्भावनाले अस्वीकार गरेको छ ।

तराईको राजनीतिमा विभाजन आए पनि फोरमले तराई बन्द र अन्य आन्दोलनात्मक कार्यक्रमहरूलाई मंगलबारदेखि पुनः सुरु गरेको छ । लगातार दुई महिनाको बन्द र अन्योलले मधेसमात्र होइन, सिंगो मुलुक नै प्रभावित भएको छ । भन्सार नाकाबन्दी, कलकारखाना बन्दजस्ता समस्याले अर्थतन्त्र चौपट भएको छ ।

अन्तरिम गठनलाई लिएर सरकार-माओवादीसँग विवादमा परेका कोइरालाले यसैबीच आफ्नो गिर्दो स्वास्थ्यका कारण कांग्रेसका वरिष्ठ नेता सुशील कोइरालालाई उत्तराधिकारीका रूपमा मन्त्रिपरिषद्मा ल्याउनेबारे अनौपचारिक छलफल सुरु गरेको पनि कांग्रेस सूत्रहरूले बताएका छन् । तर अहिलेको चुनौती सत्ताका सात दलबीचको विवाद एकातिर कोइराला-माओवादी विवाद र अर्कोतिर जनजाति तथा तराई समस्याप्रति सरकारको अस्पष्टता तथा उदासीनताबाट उत्पन्न भएको हो । त्यसलाई संशोधन नगरेमा अन्तरिम सरकार गठनपछि पनि शान्ति प्रक्रियामा खतरा उत्पन्न हुनाका साथै कानुन व्यवस्थाको स्थितिले अर्को रुप लिने सम्भावना यथावत् नै छ । त्यसैगरी प्रचण्डद्वारा सम्पत्ति जफत फिर्ता गर्ने र हतियार प्रदर्शन नगर्ने आश्वासनको अवज्ञा उनका पार्टी कार्यकर्ताद्वारा गरिएमा त्यसले उनको राजनीतिक हैसियतको गिरावटलाई तीव्रता दिने निश्चित देखिन्छ । ■



विराटनगर नाका : भन्सार नाकाबन्दीले तराईको अर्थतन्त्र चौपट भएको छ

समय

# सर्वत्र संकट

■ मधुसूदन पौडेल/काठमाडौं

**सरकार संकटको** चौघेरामा परेको छ। आठ राजनीतिक दलभित्र साँघुरिएको लोकतन्त्र, माओवादीका स्वेच्छाचारी गतिविधि र संक्रमणकाल व्यवस्थापनमा अक्षम सरकारका कारण मुलुक यो गंभीर द्वन्द्वमा फसेको छ। मधेसमा लम्बिँदै गएको आन्दोलन, भन्सार नाकाबन्दी र राष्ट्रिय संकटका रुपमा देखा पर्दै गएको विद्युत् आपूर्तिको समस्याले मुलुकको राजनीतिक, सामाजिक र आर्थिक जीवन संकटग्रस्त अवस्थामा पुगेको छ। जेठभित्र संविधानसभाको निर्वाचन गराउने राजनीतिक अडानमा प्रस्तुत भइरहेको सरकारका लागि यी समस्या फलामका च्यूरा सावित भइरहेका छन्।

फागुन १४-२१ सम्म तराई बन्दको आह्वान गरेको मधेसी जनाधिकार फोरमले २२ गतेदेखि अनिश्चितकालीन बन्दको आन्दोलन अगाडि बढाएको छ। फोरमले मुलुकको अर्थतन्त्रमा रक्त संचार गराउने भन्सार नाकाहरू बन्द गराएर मुलुकलाई संकटको अनुभूति गराउने रणनीति अवलम्बन गरेको छ। मधेसका २२ जिल्लाहरूमा बन्दको आह्वान गरिँदा मधेसी जनजीवन कष्टकर बनिरहेको त छ नै, यसका साथै राजधानी काठमाडौं र मुलुकका अन्य सहरको जीवनलाई पनि संकटमा पार्न थालेको छ। मधेसीका मागहरूप्रति मूल रुपमा सरकार र सत्ताधारी आठ राजनीतिक दलहरू सहमत हुँदाहुँदै पनि ती मागहरूको राजनीतिक रुपमा व्यवस्थापन गर्न नसक्दा आम नेपालीले बन्दको कष्ट मात्रै व्यहोर्नु परेको छैन, मुलुकको अर्थतन्त्र फेरि संकटको डिलमा पुगेको छ।

मधेसी समस्या समाधानका लागि वार्ता गर्न गठित महन्थ ठाकुर समितिले आन्दोलनकारी पक्षहरूको विश्वास आर्जन गर्न सकिरहेको छैन। आदिवासी/जनजाति वार्ता समितिको पनि यही नियति दोहोरिएको छ। मधेसी फोरमले फागुनको सुरुमा आन्दोलन स्थगित गरी सरकारलाई १० दिनको समयसीमा दिएकोमा यो अवधिमा दुवै पक्षबीच कुनै समझदारी विकसित हुन नसकेपछि फोरमले पुनः आन्दोलन सुरु गरेको छ। फागुन दोस्रो साताभरि तराई बन्दको आह्वान गरेर फोरमले सरकारलाई दबाबको महसुस गराउन चाहेको थियो, तर यस अवधिमा खास राजनीतिक पहल नभएपछि आन्दोलन अनिश्चितकालीन बन्दका रुपमा बदलिएको छ। मजदुरी गरेर जीविकोपार्जन गर्नु पर्ने स्थानीय कामदारदेखि नेपालमा लगानी गरेका बहुराष्ट्रिय कम्पनीहरूसम्मले यसको नकारात्मक असर भोगी रहेका छन्।

आन्दोलनरत पक्ष र सरकारबीच राजनीतिक मुद्दा समाधानका लागि 'आइस ब्रेक' हुन नसक्नुमा गृहमन्त्री कृष्ण सिटौला मुख्य कारकका रुपमा उभ्याइएका छन्। किनभने फोरमले सरकारसँग वार्तामा बस्नका लागि पूर्वसर्तका रुपमा गृहमन्त्री सिटौलाको राजीनामा मागेको छ। सरकार सिटौलालाई राजीनामा गराउने पक्षमा देखिएको छैन, जसले मुलुकलाई थप अस्तव्यस्त गराउन सहयोग पुऱ्याइरहेको छ।

### अर्थतन्त्रको ढोका बन्द !

राजनीतिक उग्रतालाई मात्रै 'शक्ति'का रुपमा लिने सरकारको परम्परावादी दृष्टिकोण यथावत् भए पनि मधेसी आन्दोलनले राष्ट्रिय अर्थतन्त्रलाई चौपटको अवस्थामा पुऱ्याएको छ। सरकारले त्यो महसुस गरेको पनि छ। फागुन १४ गतेदेखि मधेस बन्दको आह्वान गरिँदा आन्दोलनकारीले भन्सार नाकाहरू बन्दको कार्यक्रमलाई पनि उत्तिकै महत्त्वका साथ प्रचारमा ल्याए, जसको उद्देश्य केन्द्रीय सत्तालाई हैरानी बनाउने विगतको माओवादी शैलीलाई उनीहरूले पनि अनुसरण गरेका थिए। फागुन २२ देखिको अनिश्चितकालीन मधेस बन्दमा पनि भन्सार नाका बन्द आन्दोलनकारीको मुख्य प्राथमिकतामा राखिएको छ।

दक्षिणमा रहेका नेपालका भन्सार नाकाहरू सरकारी खर्च उठाउने मुख्य माध्यम हुन्। फागुन १४ देखि यी नाका बन्द गराइँदा नेपालको आयात निर्यात व्यापार ठप्प भएको छ। विज्ञहरूका अनुसार सरकारले प्रतिदिन कम्तीमा ५० करोड रुपैयाँ राजस्व गुमाइरहेको छ। प्रतिदिन ७ करोड रुपैयाँ राजस्व संकलन हुने वीरगन्ज भन्सारदेखि १ करोडभन्दा बढी राजस्व

तस्वीरहरू : भास्कर ओझा



पेट्रोलियम संकट अझै उत्तिकै छ




अर्थतन्त्रमा आएको गिरावटले सेयर बजारमा एकै दिन करोडौंको घाटा भयो



**विज्ञहरूका अनुसार सरकारले प्रतिदिन कम्तीमा ५० करोड रुपैयाँ राजस्व गुमाइरहेको छ । प्रतिदिन ७ करोड रुपैयाँ राजस्व संकलन हुने वीरगन्ज भन्सारदेखि १ करोडभन्दा बढी राजस्व उठ्ने पूर्वी क्षेत्रका प्राय सबै भन्सार नाकाहरू बन्द छन् ।**

उठ्ने पूर्वी क्षेत्रका प्राय सबै भन्सार नाकाहरू बन्द छन् । यसको प्रत्यक्ष असर सरकारी ढुकुटीमाथि परिरहेको छ । यही गतिमा भन्सार नाकाहरू बन्द रहने हो भने सरकारलाई साधारण खर्च धान्न पनि मुस्किल पर्न सक्छ । किनभने सरकारले ५० अर्ब रुपैयाँ भन्सारसँग सम्बन्धित करहरूबाट उठाउने लक्ष्य राखेको छ । तर, महिनौं भन्सार नाकाहरू बन्द गरिएको अवस्थामा सरकारले खर्च उठाउन मुस्किल पर्नेछ । भन्सार अन्य राजस्वहरू ( अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र स्थानीय विकास शुल्क आदि)सँग प्रत्यक्ष सम्बन्धित छ । भन्सार नाकाहरूबाट सामानको आयात निर्यात रोकिँदा सरकारले यी सबै राजस्व भने एक साथ गुमाइरहेको हुन्छ ।

नेपालको अन्तर्राष्ट्रिय व्यापार भन्नु नै मुख्य रुपमा भारत-नेपालबीच हुने कारोवार भएकाले दक्षिणका भन्सार नाकाहरू बढी महत्त्वपूर्ण छन् । यसले नेपालको कुल व्यापारमा ६४ प्रतिशत अंश ओगटेको छ । दुई देशको सीमामा रहेका भन्सारको विकल्प हवाई मार्ग वा अन्य पहाडी क्षेत्रका नाकाहरू बन्न सक्ने अवस्था छैन । फेरि भारतबाहेक पनि सामुद्रिक मार्ग भएर हुने नेपालको व्यापारका केन्द्र पनि यिनै भन्सारहरू नै हुन् । भन्सार नाका बन्द गरिनु भनेको नेपालका लागि एक प्रकारले नाकाबन्दीको सामाना गर्नु पनि हो । दैनिक उपभोग्य वस्तुदेखि विकास परियोजनाका सामग्री आपूर्तिसम्म बाहिरी मुलुकमा निर्भर नेपालका लागि यो अवधि केही मात्रै लम्बिएमा पनि हाहाकारको स्थिति सामना गर्नु पर्ने खतरा छ ।

विशेषत् राजधानीमा पेट्रोलियम पदार्थ, ग्याँस र अन्य केही उपभोग्य वस्तुहरूमा यो अवस्था सृजना भइसकेको छ । राजधानीमा महिनौं बितिसक्दा पनि ग्याँसको सहज आपूर्ति हुन सकेको छैन । व्यापारीहरूले ग्याँस बजारमा कालोबजारीलाई निरन्तर जारी राख्दा पनि सरकार 'रमिते' बनिरहेको छ । राजधानीमा उपभोक्ता १५ सय रुपैयाँसम्म तिरेर ग्याँस उपभोग गर्न बाध्य छन् । पेट्रोलियम पदार्थको अभाव सामान्य बनिसकेको छ । अत्यावश्यक वस्तुको अभावका अगाडि मूल्यवृद्धि आमनागरिकलाई कम महत्त्वको बनिरहेको छ । जसले बजारमा दिनदिनै चर्को मूल्यवृद्धि भइरहेको छ । सात दलको गठबन्धन सरकारका दुई दर्जन मन्त्रीहरूको काम माओवादी समस्या समाधानका नाममा भाषण गर्नेबाहेक अरू बन्न सकेको छैन । मन्त्रीहरू मुलुकको दैनिक प्रशासन संचालनका लागि विभागीय जिम्मेवारी वहन गर्न सक्दैनन् र उनीहरूको एक मात्र जिम्मेवारी माओवादी समस्या समाधान मात्रै हो भने यति धेरै मन्त्रीहरू पाल्न नेपाली जनताले किन कष्ट उठाउने ? नागरिकस्तरमा अहिले यो प्रश्न स्वभाविक रुपमा उठ्न थालेको छ ।

## लोडसेडिङ : संकटको अर्को रुप

अर्थतन्त्र चौपट पार्न लोडसेडिङ अर्को प्रमुख कारणका रूपमा उपस्थित भएको छ । नेपाल विद्युत् प्राधिकरणको कार्यतालिकाअनुसार अहिले प्रत्येक दिन सात घन्टासम्म लोडसेडिङ कायम छ । अब गर्मीका दिनहरूमा यो अवधि दैनिक १२ घन्टासम्म पुऱ्याइनेछ, अर्थात आमनेपालीले आधा समय अँध्यारोमा बिताउनु पर्नेछ । तत्काल विद्युत् आपूर्तिको विकल्प सरकारले दिन नसक्दा र नदी वा जलाशयहरूमा पानीको मात्रा घट्दै जादा लोडसेडिङको समयावधि अरू थपिन सक्छ ।

विद्युत् संसारको औद्योगिक क्षेत्र र आर्थिक गतिविधिका लागि अनिवार्य सर्तका रुपमा उपस्थित छ । सरकारले दैनिक १२ घन्टा लोडसेडिङ गर्नेछ भन्नुको अर्थ नेपालमा रहेका उद्योग, कल कारखानाहरू अब आधी क्षमतामा मात्रै संचालन हुनेछन् । सामान्य रुपमा यसलाई व्याख्या गर्ने हो भने अहिले औद्योगिक क्षेत्रमा कार्यरत ५० प्रतिशत कामदारहरू बेरोजगार बन्नेछन् वा आधा तलबमा काम गर्न बाध्य हुनेछन् भने सरकारले यस क्षेत्रबाट प्राप्त गरेको राजस्वमा आधाले कमी आउनेछ । नेपाल उद्योग वाणिज्य महासंघका अनुसार नेपालको औद्योगिक क्षेत्रले वार्षिक ६५ अर्ब रुपैयाँ राजस्वमा योगदान पुऱ्याएको छ । विद्युत् खपतबापत मात्रै ५ अर्ब रुपैयाँ भुक्तानी गर्छ । राष्ट्रिय अर्थतन्त्रलाई संकटमा पुऱ्याउनका लागि यी कुरा मात्रै पर्याप्त हुनेछन् ।

महासंघका उपाध्यक्ष कुशकुमार जोशीका अनुसार सात घन्टाको लोडसेडिङका कारण उद्योगहरू ४० प्रतिशत क्षमतामा मात्रै चल्न सम्भव भएको छ । जोशी भन्छन्, 'लोडसेडिङ १२ घन्टा पुऱ्याइयो भने उद्योग संचालन गर्न सम्भव हुँदैन ।' उत्पादनको सामान्य नियमअनुसार पनि मेसिन र कामदारको अधिकतम उपयोग र मास प्रोडक्सनबाट मात्रै उद्यमीहरूले मुनाफा आर्जन हुने गरी उद्योग संचालन गर्न सम्भव हुन्छ । केही घन्टाका लागि बोलाइएका कामदार, मेसिनको उपयोग गर्न नसकिँदा र बजारको मागअनुसार आपुर्त गर्न नसकिएको अवस्थामा केही घन्टा उद्योग संचालन गर्न सकिए पनि संचालन गर्न सम्भव हुँदैन । फेरि यस्ता उत्पादन महँगा पर्ने हुँदा प्रतिस्पर्धामा टिक्न सम्भव पनि छैन । यो अवस्थामा कुनै पनि उद्यमीले राष्ट्रिय समस्यालाई ध्यानमा राख्दै आफ्नो मुनाफा गुमाउने गरी उद्योग संचालन गरिदिनेछन् भनेर सोच्नु आफैंमा गलत हुनेछ । उद्यमीहरूले यो अवस्थामा उद्योग बन्द गर्नुको विकल्प नहुने जानकारी सरकारका सम्बन्धित मन्त्रीहरूलाई दिइसकेका छन्, जसको परिणाम मुलुकले थप गरिबी जन्माउनेछ र सामाजिक द्वन्द्वमा ऊर्जाको काम गर्नेछ, यो समस्याले ।

अप्रत्यक्ष रुपमा मुलुकले अन्तर्राष्ट्रिय लगानीकर्ताको विश्वसनीयता गुमाउनेछ । माओवादीले अनावश्यक रुपमा भड्काएको मजदुर समस्या, अस्थिरता र सरकारको अस्पष्ट कार्यशैलीका कारण नेपाललाई लगानीको प्राथमिकतामा राख्न नसकेका अन्तर्राष्ट्रिय लगानीकर्ताहरूले औद्योगिक वातावरणको अनिवार्य सर्त विद्युत् पनि नभए पनि नेपालतिर फर्कर पनि हेर्ने अवस्था छैन । बरु त्यसविपरीत सम्भव भएसम्म नेपाली उद्यमीहरूले आफ्नो लगानी विदेशमा पुऱ्याउनेछन् । यो वातावरणले नयाँ नेपाल निर्माण


यी सबै एलपिजी सिलिन्डर खाली हुन्

गर्ने राजनीतिक दलहरूको नारालाई अरू खोक्रो सावित बनाइदिनेछ ।

शान्ति सम्झौतापछि आशाका रुपमा हेरिएको पर्यटन उद्योगमाथि पनि बिजुलीका कारण बज्र प्रहार भएको छ । खासगरी होटल संचालनका लागि चौबीसै घन्टा अनिवार्य बिजुली आपूर्ति नहुँदा होटलहरूले महँगो डिजेलबाट जेनेरेटरको सहायता लिनु परेको छ । यसले उनीहरूको लागत महँगो पारिदिएको छ । होटल संघका अध्यक्ष प्रकाश श्रेष्ठ भन्छन्, 'डिजेलबाट विद्युत् आपूर्ति गरेर होटल चलाउन सम्भव छैन । यो त कहिलेकाहीँ बिजुली जाँदा मात्रै ब्याकअपका रुपमा प्रयोग गरिने साधन हो ।' महासंघका उपाध्यक्ष जोशी त नेपालका केही मुख्य समस्या जस्तै अहिले ऊर्जा समस्या थपिएको धारणा राख्छन् ।

उद्यमी व्यवसायीहरूले विद्युत्को समस्या सरकारसमक्ष पुऱ्याएका छन् र व्यवस्थापनको विकल्प पनि दिएका छन्, तत्कालका लागि भए पनि । महासंघले अहिले सातामा ५ दिनमात्रै कुल क्षमतामा उद्योग संचालन गर्ने र २ दिन बन्द गर्ने प्रस्ताव गरेको छ । त्यसका लागि सातामा लोडसेडिङ हुने ४२ घन्टाको लोडसेडिङ औद्योगिक क्षेत्रमा लगातार २ दिन कायम गर्ने र ५ दिन बिजुली नियमित गरिदिन जलस्रोतराज्यमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसमक्ष आग्रह गरेको छ । त्यसका लागि विज्ञहरू रहेको उच्चस्तरीय समिति गठनको आवश्यकता पनि महासंघले औंल्याएको छ ।

होटल व्यवसायीले पनि अधुरो आपूर्तिको संकट व्यहोरिरहनुको सट्टा सरकारसँग प्याकेजमा विद्युत् आपूर्तिको व्यवस्था मिलाउन आग्रह गरेका छन् । उनीहरूले अहिले विद्युत् संकटको समयमा होटलको विद्युत् आपूर्ति पूरै कटौती गर्दा पनि हुने तर त्यसको क्षतिपूर्ति सरकारसँग पर्याप्त विद्युत् रहने वर्षायामको समयमा सहुलियतपूर्ण रुपमा उपलब्ध गराउन आग्रह गरेका छन् । अध्यक्ष श्रेष्ठ भन्छन्, 'यसो गरिए अहिले होटलहरूले प्रयोग गर्ने बिजुली सर्वसाधारणले पाउन सक्छन् । बिजुली पर्याप्त हुँदाको समयमा सस्तो बिजुली होटलले पाउनुपर्छ भन्ने हाम्रो आग्रह हो ।'

लोडसेडिङका कारण भर्खरै फक्रिँदै गरेको रात्रिजीवनको अर्थतन्त्र मुलुकले गुमाउँदै गएको छ । रेस्टुराँ, नाइट क्लब र त्यसबाट आर्जन गर्न सकिने विदेशी मुद्रा गुम्दै गएको छ । लोडसेडिङले सडकको पसलेदेखि बहुराष्ट्रिय कम्पनीको मालिकसम्मको मुनाफालाई खुम्च्याइदिएको छ । यससँगै सरकारको आम्दानी पनि गुम्दै गएको छ ।

## छैन विकल्प

नेपालका ८० प्रतिशत उद्योगहरू तराई क्षेत्रमा छन्, जसले मधेस केन्द्रित आन्दोलनको पीडा व्होर्नु परेको छ । महिनौंका आन्दोलन, विद्युत्को समस्या र कच्चा पदार्थको अभावका कारण हैरान बनिसकेका उद्यमीहरूले उद्योग बन्द गर्ने घोषणा गर्न थालेका छन् । नेपाल चेम्बर अफ कमर्सले उद्योग संचालनका लागि भन्सारबाट कच्चा पदार्थ पनि ल्याउन नसकिएका कारण औद्योगिक स्थिति संकटमा परेको बताइएको छ । अर्कोतर्फ उत्पादन भएका सामग्री बजारमा पुऱ्याउनका लागि बाटोमा निकाल्न सक्ने अवस्था छैन, जसबाट उद्यमीहरू नोक्सानी व्होर्न विवश छन् । यससँगै माओवादी 'चन्दाआतंक' र व्यवसायीको असुरक्षा जोडिएका छन् । पोखराका उद्यमीहरू फेरि सुरु भएको माओवादी 'चन्दाआतंक'का कारण हैरान भएका छन् भने वीरगन्जका उद्यमीहरू तराई आन्दोलनका अतिरिक्त भारतीय अपराधी समूहको अपहरण र हत्यालगायतका पीडा खेप्न बाध्य छन् । यो अवस्थामा सरकारबाट सुरक्षाको अनुभूति पाउन नसकेका उद्यमीहरूले उद्योग बन्द गर्नुको विकल्प नभएको बताउँछन् । नेपाल उद्योग परिसंघले कम्तीमा उद्यमी व्यवसायीको जीवन सुरक्षाका लागि सरकारसँग अपिल गरेको छ, तर सरकार भने राष्ट्रिय अर्थतन्त्रका आधारहरूको संरक्षणमा कुनै चासो देखाइरहेको छैन ।

राष्ट्रिय अर्थतन्त्रको संकटलाई अर्थतन्त्रको ज्वरो नाप्ने पारोका रुपमा मानिने सेयर बजारमा आएको भारी गिरावटले पनि पुष्टि गर्दै गएको छ । नेपाल स्टक एक्चेन्जका महाप्रबन्धक रेवतबहादुर कार्की भन्छन्, 'शान्ति सम्झौतापछि केही नगरे पनि मुनाफा आर्जन हुन्छ भन्ने मानसिकता कारण माथि चढेको सेयर केही समयपछि पुनः तल ओर्लिन थालेको छ ।' तर मुलुकमा फेरि फैलिएको राजनीतिक अस्थिरता र त्यसले अर्थतन्त्रमा पर्ने नकारात्मक प्रभावकै कारण पुँजी बजारमा पनि शिथिलता छाएको छ ।

राष्ट्रिय अर्थतन्त्रमाथि देखिएका संकटले नेपालमा निजी क्षेत्रमा विभाजित उद्यमीलाई पनि एकै थलोमा पुऱ्याएको छ । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र निजी क्षेत्रका अन्य संस्थाहरूले बढ्दै गएका समस्या समाधानका लागि सहकार्य गर्ने निर्णय गरेका छन् । तर, सरकारले उनीहरूलाई सहयोग पुऱ्याएन भने उनीहरूको सहकार्य आन्दोलनमा परिणत हुन सक्छ । ■

### सरकारका संकट

**मधेसी आन्दोलन**
**आदिवासी/जनजाति आन्दोलन**
**भन्सार नाकाहरू बन्द**
**अत्यावश्यक वस्तु आपूर्तिमा समस्या**
**राजस्व असुलीमा कमी**
**आयात निर्यात व्यापारमा समस्या**
**घट्दो विद्युत् आपूर्ति**
**सडक व्यापारदेखि बहुराष्ट्रिय कम्पनी प्रभावित**
**कर नतिर्ने र उद्योग बन्दको घोषणा**
**सेयर बजारमा भारी गिरावट**
**चन्दा अभियान**

Admission Open !
Nursery to Class VIII.
LABORATORY HIGHER SECONDARY SCHOOL
Kirtipur, Kathmandu
SUPPORTED BY LITTLE ANGELS' SCHOOL SYSTEM
For further information, please call:
4-330790 / 4-331790
Application forms are available from the school office on any working day from 9:00am to 4:00pm

# अलमल आन्दोलन

**नारीमुक्तिको लागि थालिएको महिला आन्दोलन अहिले आएर महिला अधिकारमा रुपान्तरण भएको छ । तर बहस र बैठकहरूमा महिला आन्दोलन जति चर्किएको छ, व्यवहार र कार्यान्वयनमा त्यति नै अलमलिएको छ ।**

■ **ज्योति देवकोटा/काठमाडौं**

**भोजपुर दिङ्लाकी** योगमाया उपाध्यायको नेतृत्वबाट विसं १९७४ मा सुरु भएको नेपाली महिला आन्दोलन झन्डै एक शतक पुग्न लागेको छ । यो अवधिमा नेपाली महिलाहरूले प्राप्त गरेका अधिकारलाई अन्य मुलुकसँग दाँज्ने हो भने अपेक्षाभन्दा बढी प्राप्त भएको बताउँछन्, महिला अधिकारवादीहरू ।

दक्षिण एसियामा मात्र महिला अधिकारका पक्षमा गरिएका नीति निर्माणलाई हेर्ने हो भने पनि नेपाल पहिलो स्थानमा आउँछ ।

'अन्य मुलुकको महिला आन्दोलन हेर्ने हो भने महिलाले मताधिकार पाउन मात्र सयौं वर्ष संघर्ष गर्नु परेको थियो । नेपाली महिलाहरूबारे गरिएका बहसहरूले सोचेभन्दा बढी र चाँडो सफलता हासिल गरेका छन्', महिला आन्दोलनकी अगुवा नेतृ सहाना प्रधान भन्छिन् । 'नेपाली महिला आन्दोलनको इतिहास अन्य मुलुकको जस्तो लामो छैन । छोटो समयमै महिलाहरूले आफ्ना अधिकारका पक्षमा बहसको थालनी गरेका छन् र अधिकार पनि पाएका छन्, तर कार्यान्वयनमा भने ठूलो चुनौती देखिएको छ ।'

राजनीतिक रुपले नेपाली महिला आन्दोलन सक्रिय भएको एक शताब्दी पनि बितेको छैन । यसै अवधिको मात्र तुलना गर्ने हो भने करिब दुई सय वर्षअघि सुरु भएको फ्रान्सको महिला आन्दोलनसँगै काँध मिलाएका छन् ।

'अमेरिकामा २००८ मा हुन गइरहेको राष्ट्रपतिको निर्वाचनका लागि हिलारी क्लिन्टन उठ्दै छिन् । तर, अधिकांश अमेरिकीले महिला राष्ट्रपतिभन्दा काला राष्ट्रपति हामीलाई मान्य छन् भनेका छन् । महिलालाई सजिलै स्वीकार गर्न नसक्ने यो अवस्था हेर्ने हो भने नेपालमा महिला आन्दोलनले अपेक्षाभन्दा बढी सफलता हासिल गरेको भन्न सकिन्छ', प्रधान भन्छिन्, 'राजनीतिक रुपमा महिला आन्दोलनले जति सफलता हासिल गरेको छ, त्यो अनुरुप सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक क्षेत्रमा सफलता पाउन सकेको छैन ।'

नारीमुक्तिको लागि थालिएको महिला आन्दोलन अहिले आएर अधिकारसम्ममा रुपान्तरण भएको छ । बहसमा जति महिला आन्दोलनले ठाउँ पाएको छ, कार्यान्वयनमा त्यति ठाउँ पाउन सकेको छैन । 'महिला अधिकारका बारेमा बहस बढी भइसकेको छ । महिला अधिकारका क्षेत्रमा भएका नीतिगत निर्णयहरू कार्यान्वयन गर्न आन्दोलनको तयारी गर्नु पर्छ', नेपाली कांग्रेसकी नेतृ चित्रलेखा यादव भन्छिन् ।

राजनीतिक रुपमा २००४ सालमा पहिलो महिला संघ दर्ता भएको थियो । यसको नेतृत्व मंगलादेवी सिंहले गरेकी थिइन् । त्यसपछिको महिला आन्दोलनले राजनीतिक रुपमा उचाइ लिन थालेको थियो । २०१७ सालमा राजा महेन्द्रले मुलुकको शासनसत्ता आफ्नो हातमा लगेपछि महिला अधिकार आन्दोलनमा गतिरोध आएको थियो । 'महिला अधिकार र आन्दोलनको सबैभन्दा अनुत्पादक समय २०३७ देखि २०४७ हो । यस अवधिमा महिला अधिकार र आन्दोलनले कुनै गति लिन सकेन', महिला अधिकारवादी तथा ट्रेड महासंघकी महासचिव बिन्दा श्रेष्ठ भन्छिन् ।

२०४६ को प्रजातन्त्रपछि महिला आन्दोलनले गति लगेको भए पनि महिला अधिकारमा खासै भिन्नता आएको देखिँदैन । चेतना बढेको देखिएको छ । तर, सामाजिक, आर्थिक, धार्मिक रुपमा बहिष्कार भएर अहिले पनि महिलाहरूले प्रताडित जीवन बिताइरहनु परेको छ । 'आन्दोलनको कमजोरी पक्ष पनि यही हो । सामाजिक रुपमा महिला आन्दोलनले सोचेजति सफलता हासिल गर्न सकेको छैन', श्रेष्ठ भन्छिन् ।

बढ्दो महिला सहभागितासँगै राजनीतिक अधिकारलाई समेट्ने काम प्रशस्त भएको छ । तर, नेपाली महिलाले आर्थिक, सामाजिक र राजनीतिक रुपमा खेप्दै आएको उत्पीडनतर्फ भने खासै आन्दोलनले नेतृत्व नगरेको बिन्दा श्रेष्ठ बताउँछिन् । महिला अधिकारका लागि गरिएका बहससँगै कागजमा नेपाली महिलाले प्रशस्त अधिकार प्राप्त गरेका छन् । तर, महिलाहरूलाई आधारभूत आवश्यकताबाट वञ्चित गराउने सामाजिक मूल्य र मान्यताका विषयमा अहिले पनि महिला आन्दोलनको पहुँच पुऱ्याउन सकेको छैन । 'नीति निर्माणमा हामीले महत्त्वपूर्ण फड्को माऱ्यौं, तर त्यसलाई गाउँ र वडास्तरवाटै कार्यान्वयन गर्ने अभियानमा हामी अहिले पनि सफल हुन सकेका छैनौं', महिला अधिकारवादी शोभा गौतम भन्छिन् । उनको भनाइ छ, '१९९० देखि थालिएको सम्पत्तिमाथि समान अधिकारको आन्दोलनले अहिले पनि व्यवहारिक रुपमा सफलता पाउन सकेको छैन ।'



मुलुकमा महिला आन्दोलनको थालनी भएपछि सबैभन्दा बढी सफलता कानुनी क्षेत्रमा पाइएका छन् । महिला अधिकारका विषमा मात्र दर्जनौं ऐन पारित भएका छन् । प्रशस्त नीति र कानुन बनेका छन् । 'पारित भएका ऐन-कानुनलाई लागू गराउन सकिएको छैन । कार्यान्वयनमा देखिएको अभावले महिला आन्दोलन उद्देश्यतिर लम्कन सकेको छैन', चित्रलेखा यादव बताउँछिन् ।

आन्दोलनले यति ठूलो दूरी पार गरिसक्दा पनि महिलाहरू प्राकृतिक रुपमै समान अधिकारका भागिदार हुन् र उनीहरूले पुरुषसरह अधिकार पाउनु पर्छ भन्ने बहस गर्न हुँदैन भन्ने सोच अन्त्य भएको छैन । 'आरक्षण र संरक्षणको नीतिलाई महिला आन्दोलनले नकार्न सकेको छैन । प्राकृतिक रुपमै महिलाहरू पुरुष सरह समान अधिकारका भागिदार हुन् भन्ने आन्दोलन हुन सकेको छैन ।



महिलाहरू घरको लडाइँबाट बाहिरिएर सडकसम्म पुगेका छन्, आफ्नो अधिकारका लागि

भास्कर ओझा

बरु, आरक्षण संरक्षणा लागि आवाज उठाइएका छन्। यसले सामाजिक आन्दोलनलाई सक्रिय बनाउन दिएको छैन', शोभा गौतम भन्छिन्।

अधिकारका लागि लड्नुपर्छ भन्ने सोचको विकास भएको देखिँदैन। 'मधेसका कति ठाउँमा अहिले पनि कयौं महिलाले लोग्नेमान्छे बस्ने बैठककोठा देख्न पाउँदैनन्। उनीहरूलाई त्यहाँ छिर्न निषेध छ। यी सामाजिक विषयलाई उठान गरेर अबको महिला आन्दोलन सुरु हुन पर्छ', नेतृ सहाना प्रधानको भनाइ छ।

मुलुकका करिब ७० प्रतिशत महिलाहरूको जीवन कृषिमा आधारित छ। राष्ट्रिय आम्दानीमा ठूलो हिस्सा ओगट्ने महिलाहरू अहिले पनि आर्थिक अधिकारबाट वञ्चित हुनु परेको छ। 'जमिन, जल र जंगलमा महिलाहरूको सहभागिता नबढाउनसम्म नेपाली महिला आन्दोलनले सामाजिक रुपमा सफता हासिल गर्न सक्दैन', प्रधान अगाडि थप्छिन्।

महिला अधिकारका विषयमा प्रचार प्रसार बढेको छ। अधिकारका विषयमा महिलाहरू सचेत बनेका छन्। अधिकारकै लागि लड्न सकेका छैनन्। तर, जनआन्दोलन-२ पछि यसको सुरुवात भएको बताउँछिन्, चित्रलेखा यादव। '२०५२ सालदेखि सुरु भएको माओवादी जनयुद्धले महिला अधिकारका विषयमा ठूलो बहसको थालनी गरेको छ। यही आन्दोलनले अधिकारका लागि लड्ने वातावरण सृजनासमेत गरेको छ', शोभा गौतम अगाडि थप्छिन्, 'राजनीतिक आन्दोलनसँगै सामाजिक आन्दोलनलाई भने जनयुद्धले गति दिन सकेन।'

राजनीतिक रुपमा सफल भएको महिला आन्दोलनले उनीहरूमाथि हुने अत्याचारका घटना बुझेर त्यसलाई बाहिर ल्याउनु पर्छ भन्ने सोचको विकास गराएको छ। तर, त्यसलाई कसरी निर्मूल पार्नु पर्छ भन्ने बारेमा आन्दोलनले सिकाउन नसकेको बताउँदै चित्रलेखा यादव भन्छिन्, 'राजनीतिक रुपमा सबल भएका छन्, तर आमूल परिवर्तन हुन सकेको छैन। सामाजिक त्रासका कारण महिलाहरूले आफूमाथि हुने अत्याचार र हिंसालाई बाहिर ल्याउन सकेका छैनन्। यसका लागि अब सामाजिक आन्दोलनको खाँचो छ।'

महिला अधिकारका लागि चलेको आन्दोलन राजनीतिक हस्तक्षेपका कारण अन्य सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक रुपमा सफल नभएको दाबी गर्छिन्, यादव। 'अहिले एउटा गाउँका महिलाहरू राजनीतिक विषयमा जति जानकारी राख्छन् र बोल्न सक्छन्, त्यतिको खरो रुपमा उनीहरूले खेप्दै आएका सामाजिक विषयलाई सार्वजनिक गर्न सकेका छैनन्। आर्थिक अधिकारका विषयमा बहस गर्न सक्दैनन्।

राज्यले समेत महिला अधिकारका विषयमा गहिरो बहस गरेको छ र समेटेको पनि छ। नीतिगत कुरालाई कार्यान्वयन गराउने पक्षमा असफल भएकोले राज्यले दिएजति महिलाहरूले पाएका छैनन्। अहिलेसम्म राजनीतिक रुपमा मात्र महिला आन्दोलन सफल भएको छ। तर, महिलाहरू सबैभन्दा बढी पीडित सामाजिक क्षेत्रलाई समेटेर आन्दोलन अगाडि बढ्न सकेको छैन। ■

**राजनीति, न्यायपालिका, कार्यपालिका सबैमा कम्तीमा ३३ प्रतिशत महिला आरक्षण हुनुपर्छ । स्थानीय तहका विकाससम्बन्धी निर्णयमा ५० प्रतिशत महिलाको सहभागिता हुनुपर्छ ।**

# आरक्षण चाहिन्छ



■ डा. चन्द्रा भद्रा

**पोहरसम्म हामी** शान्ति आओस्, शान्ति आओस् भन्थ्यौं, अहिले शान्ति आएको छ । शान्ति छैन भने कुनै अधिकारको अर्थ रहँदैन, महिलाअधिकार पनि शान्तिविना सम्भव हुँदैन । नेपालको राजनीतिक आन्दोलनमा महिलाहरू सक्रिय भएर लाग्ने गरेको इतिहास छ । राणा शासनविरुद्धको आन्दोलनमा मात्र होइन । महिलाहरूले नालापानीमा लडेको इतिहास छ । ००७ साल, ०१७ साल, ०३६ साल, ०४६ साल ६१/६२ सालका प्रजातन्त्रका लागि भएका राजनीतिक आन्दोलनमा महिलाहरूको सक्रिय योगदान रह्यो । हरेक आन्दोलनको सफलतापछिको व्यवहार भने तिक्त रह्यो । इतिहासले देखाएको छ, अप्ठेरो पर्दा पुरुषहरूले महिलाहरूको साथ लिन्छन् र अघि-अघि लगाउँछन् । हातमा सत्ता आएपछि महिलालाई घर फर्काइन्छ ।

यो २००७ सालदेखिको यथार्थ हो । नगरपालिका निर्वाचनमा महिलाले मतदान गर्न नपाउने व्यवस्था राखियो, त्यस बेला । महिलाको राजनीतिक लडाइँ त्यति बेलै सुरु भयो । त्यस बेला महिलाहरू अहिलेको जस्तो संगठित थिएनन् । आन्दोलनमा लागेका महिलाले 'हामीले पनि भोट हाल्न पाउनुपर्छ' भनेर माग राखे । पश्चिमा नारीले मतदान गर्ने अधिकारका लागि लडिसकेकाले धेरै गर्न परेन, धर्ना दिने सामान्य विरोधबाट मतदान गर्ने अधिकार प्राप्त भयो । उत्तर अमेरिका र पश्चिमी युरोपको उन्नाइसौं शताब्दीको उत्तरार्ध र बीसौं शताब्दीको सुरुवातमा भएको पहिलो नारीवादी आन्दोलन मतदानका लागि भएको थियो ।

नेपालको सन्दर्भमा २०४६ को राजनीतिक परिवर्तनपछि महिला आन्दोलन सशक्त हुन थालेको हो । २०४६ को राजनीतिक परिवर्तनपछिको खुला राजनीतिक वातावरणमा महिलावादी आन्दोलनले संगठितरुपमा आकार लिएको छ । यसरी महिला आन्दोलनमा सक्रियता र संगठनात्मक शक्ति प्रादुर्भाव हुनको मुख्य कारण विगतमा जस्तो राजनीतिमा सक्रिय महिला मात्र महिला आन्दोलनमा सक्रिय नभई राजनीतिभन्दा बाहिर रहेका महिलाहरू (जस्तैः गैरसरकारी क्षेत्रमा लागेका, कानुन व्यवसायमा लागेका, प्राज्ञिक क्षेत्रमा लागेका, संचार क्षेत्रमा लागेका तथा अन्य पेसामा लागेका महिलाहरू)ले अझ सशक्तरुपमा संगठित भई महिलाका विभिन्न सवालहरूबारे वैचारिक आदानप्रदान तथा महिला हकअधिकारबारे वकालत गर्न थाले । पंचायतकालमा विभिन्न जनवर्गीय संगठनमध्ये महिला संगठन खोलेर महिलालाई एक ठाउँमा थन्क्याउने नीति लिइएको थियो ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि पनि महिलाका प्रमुख सरोकारका मुद्दा पन्छाइएकाले महिलावादी आन्दोलनमा लागेका महिलाहरूले पितृसत्तात्मक सामाजिक बनोट नै प्रमुख बाधक हो भन्ने निष्कर्ष निकाले । राजनीतिक परिवर्तनले मात्र हुँदो रहेनछ भन्ने भयो । त्यस बेलाको संविधान सुझाव कार्यदलमा नौजना रहेकोमा ती सबै पुरुष थिए । महिलालाई संसद्को केवल उम्मेदवारीमा ५ प्रतिशत दिने नीति बन्यो । राजनीतिक परिवर्तनपछि महिलाका सरोकारका नीति, नियम बन्न सक्ने स्थिति देखिएन ।

तर यसबीच विशेषतः महिलाविरुद्धको हिंसाको मुद्दाले महिला अधिकारमा संलग्न महिलाहरूलाई संगठित बनायो । महिलाविरुद्धको हिंसा सामाजिक समस्या मात्र नभएर विकासमा महिलाको बाधक हो भनेर अगाडि सार्ने कामहरू भए । यसै साथ पैतृक सम्पत्तिमा महिलाको समान अधिकार तथा आमाबाट आफ्ना सन्तानलाई नागरिकता प्रदान गर्न पाउनु पर्ने अधिकारका कुरा पनि महिला आन्दोलनका प्रमुख मुद्दा भए । यस आन्दोलनमा प्राज्ञिक, कानुनी, राजनीतिक, अनुसन्धान र गैरसरकारी संस्थाहरूमा संलग्न अत्यधिक महिलाहरू तथा कतिपय पुरुषहरू पनि संगठित भए । यसरी महिला आन्दोलनले संगठित र सशक्त रुप लिए पनि 'विभाजन गरेर राज गर्ने' प्रयासहरू नगरिएका होइनन् । बारम्बार महिला महिलाबीच फाँटो र वैमनस्य ल्याई महिला आन्दोलनलाई कमजोर बनाउने काम भएको छ । सायद धेरै महिलाहरू पढे लेखेर आएको स्थिति थियो, महिलाहरू पनि आ-आफ्ना क्षेत्रका ज्ञान र पेसामा पोख्त थिए र सामाजिक संरचनामा परिवर्तन ल्याउन तत्पर रहँदा यथास्थितिवादी पितृसत्तालाई चुनौती भएको हुन सक्छ ।

यो डेढ दशकको अवधिमा सहरमा पढेलेखेका महिलाहरूले मात्र आवाज उठाएका छैनन् । गाउँ गाउँमा लघु ऋण तथा बचत कार्यक्रमले उल्लेख्य प्रभाव पारेको छ । लघु ऋण र बचत जस्ता अभियानले गाउँमा महिलालाई संगठित बनायो, महिलाहरू आफ्नो अधिकारका लागि संगठितरुपमा सचेत हुन थाले । हेर्दा सामान्य लाग्छ, तर लघु ऋण तथा बचतले गाउँले महिलामा सामाजिकरुपमा व्यापक परिवर्तन ल्याएको छ ।

गाउँघरका महिलामा आफूविरुद्धको हिंसा, थियोमिचोका कुरामा सचेत र त्यस्ता कुराहरूको प्रतिकार गर्नु पर्छ भन्ने कुरामा दृढ भएका छन् । सँगसगै महिलाको राजनीतिक, आर्थिक र सामाजिक अधिकारका मुद्दाहरू अगाडि आएका छन् । यो डेढ दशकको अवधिमा महिलाका सरोकारबारे आएका परिवर्तनका पछाडिको प्रमुख कारण सन् १९९० मा आएको राजनीतिक खुलापन हो ।

अहिले आएर स्थितिमा अझ परिवर्तन आएको छ । सबै नयाँ नेपाल भन्दै छन्, महिलाहरूले पनि नयाँ नेपालको सपना देखेका छन् । नेपालमा महिला र पुरुषको संख्या बराबरी छ । समानुपातिक समावेशी भन्ने हो भने आधा महिलाको भागमा हुनुपर्छ । संविधानसभाका लागि प्रत्यक्ष निर्वाचनबाट २०५ जना र समानुपातिक प्रतिनिधित्वबाट २०४ जना आउने अन्तरिम संविधानमा व्यवस्था छ । समानुपातिक प्रतिनिधित्व भनेपछि २०४ सिटमा प्रत्येक दलले आफ्ना उम्मेदवारहरूको सूची बनाउँदा पहिला एकजना महिला त्यसपछि एकजना पुरुष फेरि एकजना महिला अनि पुरुषको सूची बनाएर निर्वाचन आयोगमा दिनुपर्‍यो । राजनीतिक दलहरूले जात, जाति, क्षेत्रका आधारमा आफ्ना उम्मेदवार छुट्याउनु पर्छ र यी सबै प्रकारहरूमा आधा महिला छन् भन्ने कुरा बिर्सनु हुन्न । प्रत्यक्ष निर्वाचनमा ३३ प्रतिशत उम्मेदवारी भनिएको छ । त्यति भनेर मात्र पुग्दैन, उम्मेदवारी पाउँदैमा निर्वाचित हुने होइन । जसरी भए पनि ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुने स्थिति बन्नुपर्‍यो । ३३ प्रतिशत क्षेत्रमा महिलामात्र उम्मेदवार हुन पाउने व्यवस्था गरिनु पर्छ, जसलाई ३३ प्रतिशत निर्वाचन क्षेत्रलाई नै महिला मात्रको लागि आरक्षणबाट गर्न सकिन्छ । त्यसो गरेमा मात्र संसद्मा ३३ प्रतिशत महिला सांसद निर्वाचित हुन्छन् । यस्तो बाध्यात्मक व्यवस्था गरियो भने मात्र राजनीतिक दलहरूले पनि महिलालाई खोजी खोजी उम्मेदवार बनाउने तथा आफ्ना महिला उम्मेदवारहरूको क्षमता अभिवृद्धि गरेर जिताउने काममा लागी पर्छन् । हार्ने सम्भावना भएको क्षेत्रमा ३३ प्रतिशत महिलाको उम्मेदवारीको औपचारिकता पालना गर्ने गर्दछन्, जसमा महिलाको प्रतिनिधित्वको सम्भावना न्यून वा शुन्य हुनेछ ।

एक थरी समानता र आरक्षण दुवै हुन सक्तैन भन्छन् । तर, अहिलेको अवस्थामा महिलालाई आरक्षण नदिने हो भने उनीहरू अगाडि आउन सक्तैनन् । महिलाहरू राजनीतिमा लाग्ने वातावरण छैन । अहिलेको राजनीतिमा महिला मैत्री वातावरण

छैन । त्यसैले निर्वाचन क्षेत्र नै आरक्षण दिइनुपर्छ । आरक्षले गुणस्तरमा असर पार्छ पनि भनिन्छ, तर पहिले संख्या बढाउनुपर्‍यो । पहिला महिलाहरूलाई संसद्मा ल्याऔं अनि उनीहरूको गुणस्तर र क्षमता अभिवृद्धि गर्ने काम गरौं । शून्यमा क्षमता बढाउन सकिँदैन । इतिहासदेखि नै महिलालाई राजनीतिबाट पन्छाइएकाले त्यसको उपचारका लागि पनि आरक्षण आवश्यक छ । इतिहासदेखिको पीडाको उपचार गर्न सकारात्मक विभेदको नीति हो, आरक्षण । आरक्षणबाट महिलाहरू 'अत्यावश्यकीय जमात'का रुपमा राजनीतिमा सक्रिय हुन सके वर्तमान स्थितिको राजनीतिमा पनि सकारात्मक रुपान्तरण हुन सक्छ ।

मैले अध्यापन गर्ने पद्मकन्या क्याम्पसको कुरा गर्ने हो भने थुप्रै युवा महिलाहरू राजनीतिमा लागेका छन्, उनीहरू राजनीतिमा सक्रिय हुन पनि चाहन्छन् । उनीहरू युवा छन् । उनीहरूमा जोस, उत्साह र सृजनात्मक सोच पनि छ । त्यस्ता मानवीय स्रोतहरूलाई पनि भोलिको राजनीतिमा स्थान हुन पर्‍यो महिलाहरूको लडाइँ सडकको लडाइँ मात्र होइन, घर परिवारभित्रको र सामाजिक लडाइँ हो । गहिरिएर सोच्ने हो भने हाम्रो लडाइँ लोग्नेसँगको पनि हो । विचारणीय कुरा के भने महिलाहरूको लडाइँ सधैं नै सामन्तवादविरुद्ध हो । यो सामन्तवाद समाज, समुदाय तथा राज्य व्यवस्थामा मात्र होइन, घरघरमा कोठाकोठामा महिलाको श्रम, यौन, मानसिकता तथा विचारधाराको शोषण तथा नियन्त्रणबाट उद्‍गार हुन्छ । यिनै शोषणहरूविरुद्धको लडाइँ हो महिला आन्दोलन ।

केही वर्षदेखि केही आशावादी हुने स्थिति देखिँदैन । विश्वमा लामो समयदेखि चलेका महिलावादी आन्दोलन र अभियानको प्रभाव पनि नेपालमा परेको छ र ग्रामीणस्तरमा पनि उल्लेखनीय काम भएका छन् । महिला आन्दोलन सहरका सुकिला लुगा लगाउने महिलाका मुद्दा मात्र होइन । नेपालको सन्दर्भमा हेर्ने हो भने महिलामाथि हिंसा र चेलिबेटी बेचबिखनमा मुद्दामा प्रशस्त काम भएका छन् । यो शताब्दीको सबैभन्दा ठूलो सामाजिक परिवर्तन भनेको एकल महिलाहरूले रातो लगाउनु थाल्नु हो । यो एकदम ठूलो सामाजिक परिवर्तन हो । यसपल्ट एकल महिलाले होली खेलेका समाचार आएका छन् । यसलाई सामान्य भन्न मिल्दैन । यो परिवर्तन यही १०-१२ वर्षको महिलावादी आन्दोलनको उपज हो । अहिले छोरीलाई पनि पढ्न पठाउनुपर्छ भन्ने कुराले जरा गाडेको छ, समाजमा । ग्रामीण तहमा लघु बचत कार्यक्रमले आर्थिक रुपमा सशक्त भए भन्न मिल्दैन तर छोरीलाई स्कुल पठाउन सकेका छन् । अर्को पुस्ताका महिला त शिक्षित हुने भए ।

समानुपातिक प्रतिनिधित्व, महिलालाई आरक्ष सकारात्मक पक्ष हुन्, तर यहाँ बिर्सन नमिल्ने कुरा के हो भने महिलाको शोषण र पीडा जात, जाति, धर्म, क्षेत्रका आधारमा फरक फरक छ । सामाजिक समावेशीका नाममा महिला अभियानलाई पछाडि पार्ने काम पनि भइराखेका छन् । सामाजिक समावेशी भनेर नीतिहरू आए, दाताहरूको नीतिमा त्यही समावेशीको कुरा छन्, तर समावेशी भनेर महिलाका मुद्दा ओझेलमा पारिएको छ । जनजाति ल्याउनु पर्‍यो, मधेसी ल्याउनुपर्‍यो भन्ने कुरा ठिक छ, तर त्यसमा पनि आधा महिला हुनुपर्छ भन्ने कुरालाई खै महत्त्व दिएको ? महिलाका मुद्दाबाट ध्यान अन्यत्र सारिएको छ । लैंगिक मुद्दा अझ पछाडि धकेलिने स्थिति छ ।

त्यसैले अब महिलाको समावेशीकरणमा कसरी हुन्छ भन्ने कुरामा हामी केन्द्रित हुनु आवश्यक छ । राजनीति, न्यायपालिका, कार्यपालिका सबैमा कम्तीमा ३३ प्रतिशत महिला आरक्षण हुनुपर्छ । स्थानीय तहका विकाससम्बन्धी निर्णयमा ५० प्रतिशत महिलाको सहभागिता हुनुपर्छ । तर महिलाको समावेशी कसरी हुन्छ ? महिलालाई समावेशी गर्ने भनेको सबै तह, वर्ग, जात र क्षेत्रका महिलाको समावेशीको कुरा हो । क्षेत्र, वर्ग र जातजातिका आधारमा महिलाहरूको पनि समावेशी हुनुपर्छ । अहिले आन्दोलनमा लागेका मधेसी, दलित र जनजाति दाजुभाइहरूले पनि बुझ्नु पर्छ, त्यहाँ पनि ५० प्रतिशत महिला छन् । मधेसी, दलित, जनजाति भनेर पुरुष मात्र आउने स्थिति बन्नु हुँदैन । हामी मधेसी महिला, दलित महिला तथा जनजाति महिलाहरूको पनि राज्य संरचनामा प्रतिनिधित्वको वकालत गर्छौं ।

*(त्रिभुवन विश्वविद्यालय, 'वुमन स्टडिज' विभागमा सहप्राध्यापकका रूपमा कार्यरत डा. भद्रासँग कुराकानीमा आधारित । उनले एक दशकअघि अमेरिकाको ओरिगन स्टेट विश्वविद्यालयबाट जेन्डरमा विद्यावारिधि गरेकी छन् ।)*



# जारी छ, आन्दोलन

**लैंगिक समानता र समताको आधारमा महिला सशक्तीकरणको माध्यमबाट महिला वर्गलाई विकासको मूल प्रवाहमा समाहित गर्ने लक्ष्य राखी तयार गरिएको कार्य योजनाको कार्यान्वयन पक्ष अत्यन्तै फितलो, शिथिल र मन्द रहेको छ ।**

■ डा. प्रभा बस्नेत

अन्तर्राष्ट्रिय नारीदिवस मार्च ८ तारिखका दिन विश्व इतिहासमा नै अविस्मरणीय दिवसको रुपमा मनाइन्छ । चीन, ब्राजिल, डोमिनिकन गणतन्त्र र संयुक्त राज्य अमेरिकाका केही महिलाहरूले मिलेर महिला र पुरुषबीचको विषमता महिलामाथि भए गरेको दुर्व्यवहार महिलाले भोग्नुपरेको विषय स्थितिबारे चिन्तन गरेर सर्वप्रथम यिनै ४ राष्ट्रका महिलाहरूले सन् १९०९ मा यस विषयमा आवाज उठाए । पछि सन् १९१० मार्च ८ तारिखका दिन यीसमेत गरी १७ मुलुकका महिलाहरूले पुरुषसरह सामाजिक, आर्थिक र राजनीतिक अधिकार पाउनुपर्छ भनेर आवाज उठाएपछि सन् १९१० मार्च ८ तारिखदेखि अन्तर्राष्ट्रिय नारीदिवस मनाउन सुरु गरियो । यो आवाज बिस्तारै बिस्तारै ती देशहरूको छिमेकी देशहरूमा फैलँदै गयो । महिला र पुरुषबीच लैंगिक भेदभाव अन्त गर्नुपर्छ भन्ने आवाज ३५ वर्षसम्म गुन्जिरह्यो । विभिन्न देशका महिलाहरूले शान्तिपूर्ण रुपमा यस विषयमा एकजुट भएर समूहमा छलफल, आमसभा, प्रदर्शन र गोष्ठी गरे । आफ्नो प्रयास द्रुतगतिले उठाउँदै लगे । महिला विकासका अग्रणी महिलाहरूको यो प्रयासबाट सन् १९४५ मा संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय सिद्धान्तको आधारमा महिला र पुरुषमा समानता कायम हुनुपर्छ भन्ने कुरा आफ्नो बडापत्रमा पारित गऱ्यो । विभिन्न सदस्य राष्ट्रका प्रतिनिधिले यसमा आफ्नो वचनबद्धता जाहेर गरे । सन् १९४५ देखि नै संयुक्त राष्ट्रसंघले महिला समानताको महासन्धि अनुमोदन गरेपछि विगत ६२ वर्षदेखि अन्तर्राष्ट्रिय क्षेत्रमा नै महिला विषयक गतिविधिबारे चर्चा परिचर्चा, छलफल, घोषणा, अनुमोदन, प्रतिबद्धता, समीक्षा, अनुगमन अनेकानेक गतिविधि हुँदै आएको पाइन्छ । सन् १९१० मार्च ८ तारिखदेखि महिला अधिकारबाट सुरु भएको अन्तर्राष्ट्रिय नारीदिवस अहिले सन् २००७ मार्च ८ तारिखसम्म आइपुग्दा यो प्रयास सुरु भएको ९७औं वर्ष भइसकेको छ ।

सन् १९४६ मा महिला वर्गको राजनीतिक, आर्थिक र सामाजिक अधिकार प्रवर्धन गर्न संयुक्त राष्ट्रसंघले स्थायी संगठनको आवश्यकता महसुस गरी महिलाको स्थितिसम्बन्धी आयोग गठन भयो । यसलगत्तै तीन वर्षपछि सन् १९४९ मा संयुक्त राष्ट्रसंघको महाधिवेशनले देह व्यापार र वेश्यावृत्तिविरुद्ध महासन्धि पारित गऱ्यो । सन् १९५१ मा महिला र पुरुषबीच भेदभाव नराखी समान कामका लागि समान ज्याला दिनुपर्छ भन्ने महासन्धि अन्तर्राष्ट्रिय श्रम संगठनले पारित गऱ्यो । यसको वर्ष दिनपछि सन् १९५२ मा संयुक्त राष्ट्रसंघको महाधिवेशनमा कानुनतः महिलाहरूलाई भोट दिन पाउने महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि पारित भयो । यो महासन्धिमा नेपालले पनि २०११ साल असार २३ गते अनुमोदन गऱ्यो । अन्तर्राष्ट्रिय श्रम संगठनले १९६० मा महिलाउपर भएको रोजगारी र पेसागत भेदभाव उन्मूलनसम्बन्धी महासन्धि पारित गऱ्यो । सन् १९६२ मा संयुक्त राष्ट्रसंघको महाधिवेशनले विवाहको लागि न्यूनतम उमेर विवाह दर्तासम्बन्धी महासन्धि पारित गऱ्यो ।

सन् १९६७ मा महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने विषयमा सहमति भयो । सन् १९७२ मा महिला र विकासका विभिन्न विषयलाई लिएर संयुक्त राष्ट्रसंघले महिला अन्तर्राष्ट्रिय वर्ष मनाउने घोषणा गऱ्यो । दुई वर्षपछि मात्र सन् १९७४ को संयुक्त राष्ट्रसंघको महाधिवेशनमा महिलासम्बन्धी प्रथम विश्व सम्मेलन सन् १९७५ मा सम्पन्न गरिने कुरा संयुक्त राष्ट्रसंघले घोषणा गऱ्यो । सन् १९७५ को वर्षलाई संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरूले महिला वर्षको रुपमा मनाए । नेपालमा पनि अन्तर्राष्ट्रिय नारी वर्ष मनाएको सबैमा विदितै छ । सोही वर्ष मेक्सिको सहरमा सम्पन्न गरिएको महिलासम्बन्धी प्रथम विश्व सम्मेलनमा समानता, विकास र शान्तिका नारा प्रदान गरी महिला दशक सन् १९७५ देखि १९८५ सम्म मनाउने निर्णय गऱ्यो ।

सन् १९७९ मा संयुक्त राष्ट्रसंघको महाधिवेशनले महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि पारित गऱ्यो । सन् १९८० मा अन्तर्राष्ट्रिय महिला दशकको अर्धदशक १९७५ देखि १९८० सम्मको पाँच वर्षमा भएको प्रगति समीक्षा गर्न महिला विषयक दोस्रो सम्मेलन कोपनहेगनमा सम्पन्न भयो । नेपालले महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धिमा सन् १९८१ सेप्टेम्बरमा आफ्नो प्रतिबद्धता जाहेर गऱ्यो ।

सन् १९८५ मा नैरोबीमा महिला विषयक तेस्रो विश्व सम्मेलन सम्पन्न भयो । यो सम्मेलनले १० वर्षभित्र संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले महिलासम्बन्धी विकास, समानता र शान्ति सम्बन्धमा प्रगति समीक्षा र सन् २००० सम्मका लागि नैरोबी अग्रदर्शी कार्य नीति समेत पारित गऱ्यो । यही वर्ष संयुक्त राष्ट्रसंघले महिला दशकका लागि एक स्वायत्त कोष स्थापना गऱ्यो । यसैअन्तर्गत महिलाका लागि राष्ट्रसंघीय विकास कोष संयुक्त राष्ट्रसंघ विकास कार्यक्रमसँग आबद्ध हुने गरी एक स्वायत्त संस्था स्थापना भयो । यस संघले लैंगिक समानता एवं समानताको क्षेत्रमा धेरै सहयोग गर्दै आएको छ । नेपालमा पनि यसको शाखा स्थापना भई कार्यरत छ । सन् १९८६ मा विकासमा महिलाको भूमिका पहिलो विश्व सर्वेक्षण प्रतिवेदन प्रकाशित भयो ।

सन् १९९० मा महिला विकाससम्बन्धी नैरोबी अग्रदर्शी कार्य नीति समीक्षा गरियो र महिला विषयक चौथो विश्व सम्मेलन गर्ने कुरामा सहमति भयो । सन् १९९१ मा विश्वको महिलाहरूको स्थितिसम्बन्धी तथ्यांक प्रतिवेदन पनि प्रकाशित भयो । सोही वर्ष सन् १९९२ मा वातावरण तथा विकास विषयक ब्राजिलको राजधानी रियोमा संयुक्त राष्ट्रसंघीय सम्मेलन भयो । सो सम्मेलनको मूल विषय नै वातावरण संरक्षण व्यवस्थापनका लागि वातावरण र विकासमा महिलाको प्रमुख भूमिका नै थियो । सन् १९९३ मा संयुक्त राष्ट्रसंघले महिलाप्रति हुने दुर्व्यवहार उन्मूलनसम्बन्धी महासन्धि पारित गऱ्यो । यही वर्ष मानवअधिकार विषय लिएर विश्व सम्मेलन अस्ट्रियाको राजधानी भियनामा सम्पन्न भयो । महिलाप्रति हुने दुर्व्यहार र महिलाको मानवअधिकार विषयलाई लिएर संयुक्त राष्ट्रसंघ मानवअधिकार विषय र गतिविधिमा समावेश गरियो ।

सन् १९९४ मा इजिप्टको राजधानी कायरोमा जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन भयो । विकासका लागि महिलालाई आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तीकरण गरिनुपर्ने कुरामा विशेष जोड दिइयो ।

जनसंख्या गतिविधि तथा विकासका हरेक प्रयासमा महिला वर्गको अत्यन्त महत्त्वपूर्ण स्थान हुने भएकाले कायरो सम्मेलनले महिला सबलीकरण, बालिकाहरूको स्थितिमा सुधारका लागि पुरुषहरूको जिम्मेवारी एवं सहभागितालाई विशेष प्राथमिकता दिइएको कुरा प्रस्तुत कार्य योजनामा उल्लेख गरेको पाइन्छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका विभिन्न प्रयासका बाबजुद अझै पनि विश्वका अधिकांश राष्ट्रहरूमा पुरुष वर्गको दाँजोमा महिला वर्गको स्थिति अत्यन्त कमजोर छ । विश्वमा एक अरब व्यक्ति अझै निरक्षर छन् र तीमध्ये दुई तिहाइ महिला छन् । विश्वमा प्राथमिक विद्यालय भर्ना नभएका १५ करोड बालबालिका छन् र तीमध्ये बालिका मात्र ७० प्रतिशत छन् ।

कायरो सम्मेलनले सन् २०१५ अर्थात् आजको ८ वर्षभित्र नै सबै देशमा सबैका लागि प्राथमिक शिक्षा उपलब्ध गराउने लक्ष्य हासिल गर्नुका साथै

माध्यमिक र उच्च तहको शिक्षा, व्यवसायिक शिक्षा र प्राविधिक तालिममा महिलाहरूको यथासम्भव पराकिलो पहुँच सुनिश्चित गर्न सम्पूर्ण राष्ट्रलाई आग्रह गरेको छ। सबै सदस्य राष्ट्रको सरकारले योनि त्वचाछेदन, भ्रूण हत्या, जन्मनुअघि नै छोरोछोरीको छनोट, बालिका र युवतीहरूको बेचबिखन, वेश्यावृत्ति, अश्लील चित्र, चलचित्रमा केटीहरूको प्रयोग जस्ता महिला शोषणलाई प्रतिरोध गर्नका लागि कडा कदम चाल्न पनि प्रस्तुत कार्य योजनाले विशेष जोड दिएको थियो।

सन् १९९५ मा महिलासम्बन्धी चौथो विश्व सम्मेलन छिमेकी राष्ट्र चीनको राजधानी बेइजिङमा



सम्पन्न भयो। यसमा १२ महत्त्वपूर्ण क्षेत्रलाई लिएर महिलासम्बन्धी कार्यान्वयनको कार्य योजना तयार गर्न कार्यक्षेत्र निर्धारण गरियो। यसको ५ वर्षपछि सन् २००० मा संयुक्त राष्ट्रसंघले बेइजिङ सम्मेलनले औंल्याएका विषयमा के कति प्रगति भयो भनेर अर्धदशक प्रगति-समीक्षा गर्न सदस्य राष्ट्रका प्रतिनिधिहरूको भेला विशेष अधिवेशनमा गराई संयुक्त राष्ट्रसंघले व्यापक छलफल र समीक्षा गरिएको थियो। यस विशेष अधिवेशनलाई बेइजिङ+५ नामकरण गरिएको थियो। पुनः सन् २००५ मा संयुक्त राष्ट्रसंघको महिलाहरूको अवस्थासम्बन्धी आयोगको संयोजकत्वमा दसवर्षे प्रगति समीक्षाका साथै अब गर्नुपर्ने लक्ष्यहरू निर्धारण गर्न बेइजिङ+१० अधिवेशन पनि सम्पन्न भएको थियो। यी सबैजसो अधिवेशन र सम्मेलनहरूमा संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्रको हैसियतले नेपालबाट पनि सरकारी प्रतिनिधिमण्डलको सहभागिताका साथै विभिन्न गैरसरकारी संघसंस्थाहरूले पनि सहभागिता थियो।

यसरी ९७ वर्षदेखि लगातार संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले महिलालाई पुरुषसरह सबै क्षेत्रमा समान अवसर प्रदान गर्ने विषयमा चिन्तनशील रहेको पाइन्छ। नेपाल पनि संयुक्त राष्ट्रसंघको सदस्यको हैसियतले संयुक्त राष्ट्रसंघको आह्वानमा भए-गरेको गतिविधिमा संलग्न हुँदै आएको छ। कार्यान्वयन पक्षमा भने नेपालले ठोस प्रगति गर्न बाँकी छ। विश्वका अग्रणी महिलाहरूले नारी वर्गको हक अधिकार अर्थात् लैंगिक समानतालाई लिएर गत ९ दशकभन्दा बढीदेखि संघर्ष गर्दै आफ्नो आवाज गुञ्जायमान गर्दै विकसित देशहरूले लैंगिक समानताको आधारमा आफ्नो हक अधिकार सुनिश्चित गर्दै आएका छन्। आज हाम्रो देशमा हामी पनि लैंगिक समानताको क्षेत्रमा महत्त्वपूर्ण वातावरण सृजना गर्न कटिबद्ध भएका छौं। यहाँ पनि लैंगिक समानता र समताको प्रयास जारी नै छ।

कुल जनशक्तिमा आधा जनशक्ति महिला रहेको हाम्रो देश नेपालमा महिलाको शिक्षा, स्वास्थ्य, कानुनी र रोजगारको स्थिति अत्यन्तै कमजोर छ। जबसम्म देशका आधा जनसंख्या कमजोर रहन्छ। तबसम्म त्यो देशको विकासमा पूर्णता आउन सक्दैन। देश विकासको मूल प्रवाहमा महिलाहरूलाई समानरुपले समाहित गर्न महिलाहरूको जीवनस्तरमा सुधार र विकास गर्नु नितान्त आवश्यक छ।

शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा सन् १९९५ मा महिलासम्बन्धी चौथो विश्व सम्मेलन भएको दोस्रो वर्षमा नै २०५२ साल असोज महिनामा महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना भएको थियो। यस मन्त्रालयले महिला विकासका विविध पक्षलाई समन्वय गरी जनताको सहभागिता जुटाई बहुपक्षीय महिला विकासमा संलग्न भएर विकासको प्रतिफल जनसमक्ष पुर्‍याउने जिम्मेवारी पाएको थियो। नेपालीको जीवनस्तर वृद्धि गर्न सामाजिक, आर्थिक, राजनीति तथा कानुनी पक्षमा महिला वर्गलाई सबल गराउन शिक्षाका साथसाथै स्वास्थ्य रोजगारीको अवसरका साथसाथै कानुनी अधिकार प्रदान गरी कुनै भेदभाव नराखी मानवअधिकारको मान्यताअनुरुप पनि समानरुपले विकासको प्रत्येक क्षेत्रमा महिला वर्गलाई समानुपातिक रुपमा सहभागी गराउनु अत्यावश्यक देखिन्छ।

महिला तथा समाज कल्याण मन्त्रालयले महिलासम्बन्धी चौथो विश्व सम्मेलनले पहिलाएको यी १२ वटा सरोकारका विषयलाई आत्मसात गरेर विभिन्न विषयगत विशेषज्ञ नेपाल सरकारका राष्ट्रसेवक, पदाधिकारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरूको बेइजिङ राष्ट्रिय अनुगमन कार्य मञ्च समिति गठन गरेको थियो। तत्पश्चात् १२ वटा उपसमिति गठन गरेर १२ वटा विषयगत प्रतिवेदन तयार गरेर राष्ट्रिय समितिको बैठकबाट अनुमोदन भएपछि सो प्रतिवेदन तयार गरिएको थियो। सो प्रतिवेदनले महिला सरोकारको १२ वटै पक्षलाई अँगाल्ने परिकल्पना थियो। लैंगिक समानता तथा महिला सशक्तीकरणको माध्यमबाट महिलालाई विकासको मूल प्रवाहमा समाहित गर्ने लक्ष्य राखी तयार पारिएको कार्ययोजनालाई कार्यान्वयन पक्षमा उतार्न मन्त्रालयले सो विषय पुनरावलोकन गरी खेल्नुपर्ने भूमिका प्रशस्त बाँकी भएकाले यस पक्षमा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, एकाइ, राजनीतिक सबै तहका प्रतिनिधि, गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका संघसंस्था, सञ्चारकर्मी, वित्तीय संस्थान र प्राज्ञिक समाजको ध्यान जानु अत्यावश्यक छ। खासगरी अन्य क्षेत्रको विकासमा जस्तै महिला र विकास क्षेत्रमा पनि राजनीतिक प्रतिबद्धता अत्यावश्यक हुन्छ।

लैंगिक समानता र समताको आधारमा महिला सशक्तीकरणको माध्यमबाट महिला वर्गलाई विकासको मूल प्रवाहमा समाहित गर्ने लक्ष्य राखी तयार गरिएको कार्य योजनाको कार्यान्वयन पक्ष अत्यन्तै फितलो, शिथिल र मन्द रहेको छ।

कृषि क्षेत्रमा देखा परेको अत्यधिक निर्भरता, उच्च जनसंख्या वृद्धिदर आयमूलक रोजगारीको स्थिति, परम्परागत धारणा र अन्धविश्वास, राजनीतिक परिवेशमा महिलाको पहुँच अत्यन्तै निम्न र कानुनी असमानता जस्ता अवरोधले गर्दा नेपालको गरिबीको दायरा फराकिलो हुँदै गयो। गरिब हुन पुगेका महिलाको स्थिति अत्यन्तै दयनीय हुँदै गएको छ। यसैगरी महिलाको शैक्षिक स्तर, पेसागत पृष्ठभूमि, रोजगारीको अवसरमा उल्लेखनीय वृद्धि हुन सकेको छैन। महिला र गरिबी निवारण, शिक्षा र तालिम, स्वास्थ्य, महिलाविरुद्ध हुने घरेलु हिंसाबाट महिलामा पर्ने असर महिला तथा अर्थतन्त्र, नीति निर्माणमा महिला, महिला विकासका लागि संस्थागत विकास, बालिका आदि यी बाह्रवटा सरोकारको विषयसम्बन्धी कार्य योजना कार्यान्वयन गर्ने-गराउने कामको समन्वय जिम्मेवार निकाय सरकारका विभिन्न मन्त्रालय, आयोग, विभाग, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था, निगमहरू, वित्तीय संस्थान, सञ्चारमाध्यम, प्राज्ञिक निकाय हुन्। यस विषयमा द्रुत गतिले कार्य अगाडि बढाउन संयोजक त महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय नै हो। यी सबै निकायमा सम्पर्क राखी समन्वय गर्ने नियमित समीक्षा गर्ने, अनुगमन गर्ने, काम मन्त्रालयले सशक्त रुपमा गर्न सक्नुपर्छ। विभिन्न मन्त्रालयको कार्यक्रममा अनिवार्य रुपमा महिला विकास कार्यक्रम एकीकृत रुपमा सञ्चालन गर्न-गराउन महिला मन्त्रालयले समन्वयात्मक भूमिका निर्वाह गर्नाका साथै गैरसरकारी र राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थाको महिला विकास कार्यक्रममा समेत आवश्यक सहयोग र समन्वय गर्नुपर्छ। कार्ययोजना तयार भएको ७ वर्ष हुन लाग्यो अब यो कार्ययोजना मूल्यांकन र अध्ययन गरेर यसअघि महिलाको स्थिति कस्तो थियो अहिले कस्तो छ र भोलिको नयाँ नेपालमा कस्तो हुनुपर्छ भन्ने कुरामा विस्तृत अध्ययन गर्ने उपयुक्त समय भइसकेको छ। यस विषयमा संसद्मा प्रतिनिधित्व गरिरहनुभएका महिला सांसद लगायत पुरुष सांसदहरूले पनि चिन्तन र चासो लिनुपर्छ।

अन्त्यमा, आजको यो ९७औं नारीदिवस सबैको सरोकारको दिवस महसुस गरेर सबैले संयुक्त रुपमा यो दिवस मनाउने क्रममा ठोस कार्यान्वयन पक्षलाई जोड दिँदै भए गरेका कार्यक्रमको समीक्षा गर्ने परम्परा अवलम्बन गर्दै महिला वर्गको विकास सबैको विकास र मानवजातिको विकास हो भन्ने धारणा राखेर महिला वर्गलाई प्रत्येक क्षेत्रमा समतामूलक सहभागी गराउन मन, वचन र कर्मले नै समर्पित हुन सबैलाई मानसिक, वैचारिक, नैतिक, बौद्धिक तथा शारीरिक शक्ति प्राप्त होस्। ■

**एकाइसौं शताब्दीमा अशिक्षा, अभाव र हिंसाजन्य व्यवहारबाट बर्बर जीवन बाँच्नुपरेको नेपाली महिलाहरूको यथार्थतालाई नारामा सीमित गरेर आफ्नै संगठनको भजन गाउनु आजको महिलावादी संघसंगठनको यथार्थ हो ।**

# दिवसमै सीमित



अनिता लामा

**अन्तर्राष्ट्रिय** श्रमिक महिला दिवस मनाउन थालेको ९७ वर्ष पुगेको छ । विश्वका महिलाहरूको महान् उत्सवको रूपमा मानिँदै आएको यो दिवस जति जेठो हुँदै छ, त्यति नै महिलाहरूका समस्याहरू पनि उकालो चढ्दै छन् । महिलाअधिकारका लागि आन्दोलन छेड्ने स्वयं महिलाहरू नै यो विषयप्रति गम्भीर बन्न सकेका छैनन् ।

विशेष गरी २०४६ सालको परिवर्तनपछि च्याउसरी उम्रिएका महिलावादी गैरसरकारी संस्था र महिला आन्दोलनको नेतृत्व गरिरहेको राजनीतिक दल सम्बद्ध महिला संगठनहरूले विषयको गाम्भीर्यभन्दा पनि आफ्नो भजन गाउन लगाउने प्रवृत्तिले महिला आन्दोलनको गतिलाई अनिश्चिततातर्फ धकेलिदिएको छ ।

महिलाहरूको समस्या, चेतना विस्तार तथा शिक्षा, स्वास्थ्य एवं रोजगारीजस्ता आधारभूत तत्त्वहरूको पहुँचमा महिलालाई पुऱ्याउन जति मात्रामा भूमिका खेल्नसक्थ्यो त्योभन्दा बढी भूमिका संघसंगठनहरूले आफ्नो वर्चस्व बढाउन र संगठनको शक्ति प्रदर्शन गर्ने माध्यमको रूपमा महिलाहरूको उपयोग गर्ने प्रवृत्ति प्रतिस्पर्धात्मक रूपमा बढ्दै गएको छ ।

फलस्वरूप महिलाहरूको साँच्चैको मुद्दा र मुक्तिको लडाइँ भने झन् पछि धकेलिँदै थप नयाँ मुद्दाहरूको नवीनतम उदय हुँदै जाने क्रम जारी छ । वर्षमा एकदिन भेला भएर, जुटेर, जुलुस प्रदर्शन गरेर, अन्तरक्रिया/प्रवचन/विचार गोष्ठी आयोजना गरेर ८ मार्च मनाउने परम्परा सधैंझैं यसपटक पनि भइरहेको छ ।

अनुहार उही, कार्यक्रम उही, ब्यानर उही, प्रस्तुति उही, ठाउँ उही, शीर्षक उही अनि फरक के त भन्दा यो पोहरको भन्दा एक वर्ष जेठो (९७ औं) अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस भन्नु परेको अवस्था छ ।

तर २०४६ सालको राजनीतिक परिवर्तनपछि महिलाहरूको उपस्थिति नगण्यरूपमा भए पनि विकसित हुने क्रममा छ । विशेष गरी राजनीतिमा महिलाहरूको सक्रियता, चासो र उपस्थितिले महिला आन्दोलनको पक्षमा केही सकारात्मक आशाहरू देखिएको छ । तापनि राजनीतिक दबाब र सांगठनिक भक्तिगानले गर्दा महिलाहरूको समुचित आन्दोलन दिशाहीन हुने उत्तिकै सन्त्रास पनि छ । यति हुँदाहुँदै पनि जनताको भरोसा लिएका राजनीतिक दल र सोसम्बद्ध महिला संघसंगठनहरूले नै आन्दोलनको अगुवाइ गर्नसकेको अवस्था छैन ।

यतिबेला राज्यमा विगत १२ वर्षभन्दा अघिदेखि भोग्दै आएको हिंसा शान्तिपूर्ण रूपान्तरण हुँदै छ भने २ सय ३७ वर्ष अघिदेखिको निरंकुश एकतन्त्रीय राज्यसत्ता अन्त्यको संघारमा उभिएको छ र नेपाली जनता नयाँ नेपालको परिकल्पना गर्दैं छन् । एकाइसौं शताब्दीमा अशिक्षा, अभाव र हिंसाजन्य व्यवहारबाट बर्बर जीवन बाँच्नुपरेको नेपाली महिलाको यथार्थता नारामा सीमित गरेर आफ्नै संगठनको भजन गाउनु आजका महिलावादी संघसंगठनको यथार्थ हो ।

युगौंदेखिको पुरुषप्रधान समाज र त्यसले हुर्काएको संस्कारहरूका कारण दोस्रो दर्जाको नागरिक हुनपरेको नेपाली महिलाहरूका सामु सधैं पुरुष प्राधान्यको चर्को विरोध गरेर मात्र चेतना जागृत हुनसक्दैन ।

विरोध विकल्प हुन सक्दैन । विरोध त प्रतिक्रियाको सूचना हो, तर विकल्प समाधान हो । हाम्रा महिलावादी संघसंगठनहरू चर्को विरोधका ज्ञापनपत्रहरू तयार गर्छन्, नाराहरू सृजना गर्छन्, तर विकल्प सृजना गर्दैनन् । कसैको विरोध गर्नु उपचार हुनसक्दैन । अन्यायविरुद्ध न्याय दिलाउनुपर्छ । अन्यायको विरोधको अर्थ न्याय पायो भन्ने हुँदैन । त्यसैले पुरुषको विरोध गर्नु नै महिलाको हकहित र स्वतन्त्रता पाउनु हो भन्नु गलत हुन्छ । गलतहरू धेरै हुँदा कमजोरी हुन्छ र कमजोरीपनले कुनै पनि आन्दोलन उचाइमा पुग्न सक्दैन ।

महिला आन्दोलन, महिला मुक्तिको विषयमा कुरा गर्नेहरू नेपाली महिलाहरूका बीच अत्यन्तै कम संख्यामा छन् । साथै शिक्षा, चेतना, रोजगारी र अवसर प्राप्त महिलाहरू पनि सीमित संख्यामा छन् । यो सीमितताभित्र पनि विविधताको महिलाहरूबीच कहिल्यै पनि एकात्मक वातावरण हुनसकेको छैन । हरेक अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा बेग्लाबेग्लै तरिकाको कार्यक्रम गर्ने प्रचलन छ । महिलाको मुद्दामा सबै महिलावादीहरू एकजुट हुनसकिरहेका छैनन् । एक महिलाले अर्को महिलाको ईर्ष्या गर्ने, सकेसम्म विभिन्न लाञ्छनाले उसलाई हतोत्साही बनाउने कामले गर्दा महिलावादीहरूबीच समन्वय हुन सकेको छैन ।

चेतना, विकास, परिवर्तन र सशक्त प्रतिस्पर्धाको लागि आन्दोलन गर्न प्रेरित गर्नेहरूले नै विकासमा बाधा गरिदिने, प्रतिस्पर्धालाई प्रतिद्वन्दिताको रूपमा लिने, आक्षेप, आरोप-प्रत्यारोपद्वारा सकेसम्म अगाडि बढ्न नदिने जस्ता एक महिलाको अर्को महिलाप्रति गरिने व्यवहारलाई निषेध नगरेसम्म नेपाली महिला आन्दोलनले नयाँ गति लिन सक्दैन ।

अगुवा महिलाहरूबाटै यस्ता व्यवहारहरू त्याग्न सुरु गरिनु पर्छ । एकापसमा दम्भ र द्वेषको भावनाले ग्रस्त अधिकारवादी महिलाहरू केवल मञ्चमा उभिने पात्रको रूपमा विकसित हुन खोज्ने र व्यक्तिगत प्रभाव बनाउन खोज्ने चरित्रको विकास हुँदै छ भने ग्रामीण, अविकसित स्थानहरूमा महिलाको स्थिति दिनप्रतिदिन दयनीय हुँदै छ । त्यस्ता स्थानमा महिलाहरूलाई संगठित गर्न सकेका छैनन् ।

अझै पनि नेपाली महिलाहरू बुहार्तन खेपिरहेकै छन्, दाइजोको कारण मारिइरहेकै छन्, धर्मको नाममा देवीदेवतालाई चढाइँदै छन्, घरको छाना टाल्नकै लागि बेचिँदै छन्, पुरुषबाटै शोषित र शासित हुँदै छन् भने महिलावादी संघसंस्थाहरू पनि त्यसको अनुपातमा बढ्दै छन् ।

महिलाहरूको साँचो मुक्ति र स्वतन्त्रता चाहने संघसंस्थाहरू मात्र होइन, राज्यले पनि महिलाहरूको समस्यालाई 'महिला समस्या'को रूपमा होइन 'नागरिक समस्या'को रूपमा हेर्न जरुरी छ । असमान कानुनको खारेजी मात्र होइन, व्यवहारिक समानताले सामाजिक मूल्य मान्यतालाई बलियो प्रभाव पार्छ ।

पुनःस्थापित प्रतिनिधिसभामार्फत गत जेठ १६ गते भएको असमान कानुन खारेजी, आमाको नामबाट नागरिकता र सबै क्षेत्रमा कम्तीमा एक तिहाइ महिलाको उपस्थितिजस्ता महिलाको पक्षमा भएको युगान्तकारी घोषणाहरूलाई कार्यान्वयनको तहसम्म पुऱ्याउन जरुरी छ ।

महिलाहरूको पहुँच र यथोचित स्थानको लागि राज्यद्वारा निर्धारित एक तिहाइ संख्या पनि पुऱ्याउन नसक्दा अहिलेसम्मको महिला आन्दोलन र त्यसको प्रभावकारितामाथि धेरै प्रश्नहरू आउन सक्छ र फेरि पनि त्यसको नेतृत्व गर्ने महिलावादी संघसंस्था र संगठनहरूप्रति नै त्यो आक्षेप आउनेछ ।

अहिलेको महिला आन्दोलनलाई नागरिक आन्दोलनको रूपमा परिणत गर्ने प्रतिबद्धतासहित सांगठनिक र संस्थागत स्वार्थभन्दा माथि उठेर सिंगो नेपाली महिलाहरूको स्वार्थलाई हेरेर परिवर्तित अवस्थाअनुकूल नेपाली महिलाहरूलाई परिवर्तित गर्ने र हरेक तहको नेतृत्वमा पहुँच योग्य बनाउन जरुरी छ ।

आठ मार्च एकदिवसीय दिवसको रूपमा मात्र होइन, नागरिक आन्दोलनकै रूपमा मनाउनु पर्छ । किनभने सबभन्दा पहिला आमनेपाली महिलालाई पनि विश्वका नागरिकहरूझैं स्वतन्त्र, सार्वभौम राज्यका नागरिक हुन् भनेर परिभाषित गर्नु पर्छ । ■

**चोग्ये रिन्पोछेज्यूको परिनिर्वाणलाई चार दिनसम्म गोप्य राख्न सकेको भए उनको शरीर इन्द्रधनुषमा परिणत हुने प्रबल सम्भावना थियो । यसको संकेत स्वरुप सातौं दिनमा उनको समाधिस्थलमाथि इन्द्रेणी देखिएको थियो ।**



पुण्यप्रसाद पारजुली

# महागुरुको अन्त्येष्टि समारोह

**तिब्बतको** एक अनकन्टार गाउँमा आजभन्दा सतासी वर्षअगाडि जन्मेका चोग्ये ठिछेन रिन्पोछे एक विश्व बौद्ध गुरु थिए । विश्वका ६ वटै महादेशमा आफ्ना लाखौं चेलालाई बुद्धको सन्देश प्रसारण गरी गत माघ ४ मा परिनिर्वाण गरे । पच्चीस सय वर्षदेखि चलिआएको बौद्ध ध्यान परम्परामा उनी सिद्धहस्त भएको कुरा उनको मृत्यु समयमै प्रत्यक्ष देखियो । कुनै रोगले लामो समयसम्म ग्रस्त नभई बूढानीलकण्ठ क्षेत्रको निजी ध्यानगृहमा प्राण त्याग्नासाथ पद्मासनमा रहेर समाधिस्थ भए । त्यसपछि १६ दिनसम्म उनी ढाड सीधा पारेर बसेका थिए । केवल मुटुक्षेत्र मात्र तातो थियो र मुहार अति उज्यालो थियो । यसलाई महायान बौद्धधर्ममा मृत्यु प्रभास्वर समाधि भनिन्छ, जसमा उच्चस्तरीय साधक लामाहरू लामो समयसम्म बस्न सक्छन् । सर्वसाधारण बौद्धमार्गीको ध्यान यस्तो समाधिमा जान्छ । मृत्यु प्रभास्वर समाधि जति लामो भयो उति नै मृतक साधकको स्तर उच्चस्तरको मानिन्छ । हालका दिनहरूमा दिवंगत चोग्ये रिन्पोछेको मृत्यु समाधिलाई सबभन्दा लामो मानियो ।

हुनत बौद्धधर्ममा मृत्यु क्षणको विषयमा धेरै रोचक कुरा पाइन्छन् । पद्मसम्भव, विमलमित्रजस्ता बौद्ध गुरुहरू कुरा गर्दागर्दै अलप भएका थिए । केही गुरुहरू मृत्यु क्षणमा पूरै शरीरलाई इन्द्रेणीमा बदलेर केवल लगाएको कपडा र रौं मात्र छाड्छन् । सोनाम चेमो लगायतका थुप्रै लामा गुरुहरू यसरी गएका थिए । कोही साधक शिरको टुप्पाको प्वालबाट प्राण त्याग गर्छन्, जसलाई हिमाली भाषामा 'फोवा' भनिन्छ भने कसैलाई गुरुहरू वा अन्य साधकले त्यस्तो फोवा गर्न सहयोग गर्छन् । यसै क्रममा कोही उच्चस्तरीय साधक मृत्यु क्षणमा ध्यानमा बसेर निश्चित समयपछि औपचारिक रुपमा प्राण त्याग गर्छन् । यस विषयमा अन्तराभव श्रवण मुक्ति (भार्दो थोडोल)मा विस्तारमा चर्चा गरिएको छ, जुन हिमाली क्षेत्रको बौद्ध समाजमा सर्वाधिक प्रचलित पुस्तक हो । यस परिप्रेक्ष्यमा चोग्ये ठिचेन रिन्पोछेज्यूको प्राण त्याग ध्यान अवस्थामा बसेर त्यागेको प्रक्रिया हो ।

बौद्ध विद्वान् खेन्पो रिन्पोछेको भनाइअनुसार चोग्ये रिन्पोछेज्यूको परिनिर्वाणलाई चार दिनसम्म गोप्य राख्न सकेको भए उनको शरीर इन्द्रधनुषमा परिणत हुने प्रबल सम्भावना थियो । यसको संकेत स्वरुप सातौं दिनमा उनको समाधिस्थलमाथि इन्द्रेणी देखिएको थियो । उन्नाइसौं दिनमा उनको पुण्य काय (कुदुङ)लाई बौद्धस्थित त्रिकाल मैत्रेय बुद्ध विहारमा ल्याउँदा पनि तेजिलो इन्द्रेणी देखापरेको थियो भने त्यस दिन सूर्यवरिपरि गोलाकार इन्द्रेणी देखिएको थियो । आफ्नो मृत्युको पूर्वानुमान चोग्य रिन्पोछेलाई लुम्बिनीमा बसेकै बेलादेखि भएको पाइन्छ । लुम्बिनी छाडेर काठमाडौं आउने बेलामा भावविभोर भई यो मेरो अन्तिम पटकको लुम्बिनी दर्शन हो भनेको कुरा उनका चालक बताउँछन् । श्वास-प्रश्वासमा केही गडबडी आउँदा अस्पताल जान मानेका थिएनन् । उनले मृत्यु समयमा एकान्त खोजेका थिए । दलाई लामा, साक्या ढिजिनजस्ता उच्चतम गुरुहरूका पनि मूल गुरु हुनाको साथै विश्वभर लाखौं चेला भएका वृद्ध भिक्षुले एकान्त पाउनु त लगभग असम्भव नै थियो ।

रिन्पोछेज्यूको मृत्यु प्रभास्वर समाधिपश्चात् उनका निकटतम चेलाहरू समाधिस्थल पुगी साधना गर्न थाले भने धेरै शिष्य समाधिस्थल बाहिरै बसेर प्रार्थना र ध्यान गर्न थाले । नारायणस्थानको उक्त एकान्त स्थल विश्वभरका बौद्धमार्गीहरूको जमघट स्थल बन्यो । सोह्रौं दिनको बिहानी उनले समाधिस्थ अवस्था त्यागेपछि धेरै चेलाहरूले उनको पवित्र काय दर्शन गरे । एक चिकित्सकले उनको छाला परीक्षण गर्दा कडापन आएको थिएन । अठारौं दिनमा खेन्पो आपे रिन्पोछेको निर्देशनमा उनको कायलाई साधनाजलले स्नान गराई पुछेर देववस्त्र पहिऱ्याइयो । शिरमा पञ्चबुद्ध मुकुट लगाई विधिवत् रुपमा बाकसभित्र राखियो । यही रुपमा माघ २६ गते नारायणस्थानसम्म भव्य शोभायात्रा गरी ल्याएर गुम्बाभित्रको उच्च गद्दीमा राखिएको थियो । सडकका दुवै किनारमा पंक्तिबद्ध भक्तजन तथा चेलाहरूले बाटो भरेका थिए । बौद्ध टुसालदेखि हेलिकोप्टरबाट पुष्पवृष्टि गरिएको थियो भने च्यानल नेपाल टेलिभिजनमार्फत पूरै चार घन्टाको शोभायात्राको प्रत्यक्ष प्रसारण गरिएको थियो ।

दिवंगत रिन्पोछेको पवित्र काय दर्शन गर्ने क्रममा फागुन १९ गते बिहानीसम्म कायम थियो । भगवान् बुद्धले श्रावस्तीमा ऋद्धि प्रातिहार्यहरू देखाएको फागुन पूर्णिमाको दिन रिन्पोछेज्यूको अन्त्येष्टि क्रिया गर्ने कार्यक्रम तय भयो । यस प्रयोजनका लागि गुम्बा परिसरमा भित्र दुई तहको प्वाल भएको चैत्य निर्माण गरिएको थियो । पूर्णिमाको दिन बिहानी भव्य रुपमा सजाइएको उक्त चैत्यको वरिपरि चार दिशामा बौद्धधर्मका चार ठूला गुरुहरूको नेतृत्वमा अन्त्येष्टि पूजा सुरु भयो । गुम्बाका वरिष्ठ लामा गुरुहरूले रिन्पोछेज्यूको पवित्र कायाँलाई गुम्बाभिबाट ल्याएर उक्त चैत्यभित्र विधिवत् रुपमा राखे । चैत्यभित्र सुरुमा बज्रसत्व, हेवज्र, बज्रयोगिनी र महावैरोचनका चार मण्डलहरू थिए । त्यसपछि सुगन्धित समिधाले पवित्र कायको वरिपरिको भाग छोपियो र हवनको क्रममा अग्नि प्रवेश गराइयो । त्यसपछि रिन्पोछेज्यूको पवित्र कायालाई चार देवहरूको स्वरुपमा भावना गरेर अठार पवित्र द्रव्य क्रमिक रुपमा चढाइयो । पूजामा संलग्न लामा गुरुहरूका अनुसार उक्त हवन दाह संस्कार नभएर चेलाहरूले गुरुको पूजा गरिएको थियो । लगभग चार घन्टाको सुमधुर प्रार्थना र बाजागाजाले भरिएको कार्यक्रम हेर्दा कसैलाई पनि मृत्यु संस्कार जस्तो नलागेर भव्य पूजा नै लागेको थियो । कुशीनगरमा भगवान् बुद्धको अन्त्येष्टि क्रिया पनि त्यस्तै भव्य रुपमा गरिएको कुरा बौद्ध ग्रन्थहरूमा लेखिएको पाइन्छ । बुद्धले नै महापरिनिर्वाण सूत्रमा बुद्ध, अर्हत तथा महापुरुषहरूको अन्त्येष्टि कसरी गर्नुपर्छ भनी विस्तारमा बताएका छन् । हिमाली क्षेत्रका लामा गुरुहरूले पनि त्यही पद्धति आजसम्म कायम राखेका छन् । दिवंगत रिन्पोछेका प्रमुख चेलाहरू साकया ठिजिन, ढुङसे रत्न बज्र रिन्पोछे, लुदिङ खेन्छेन रिन्पोछे र लुदिङ खेन रिन्पोछेले चार मण्डलका पूजामार्फत अन्त्येष्टि क्रिया गरिरहेका थिए । भगवान् बुद्धको अन्त्येष्टि क्रियापछि अस्थि धातु आठ भागमा बाँडेर चैत्य बनाएको जस्तै रिन्पोछेको अस्थि धातु संकलन गरेर चैत्य बनाउने कार्यक्रम रहेको कुरा त्रिकाल मैत्रेय बुद्ध विहारका भिक्षुहरू बताउँछन् ।

मानवजीवनलाई पूर्णरुपमा सदुपयोग गरेका एक शीलवान् भिक्षु र सिद्धिप्राप्त बज्राचार्यको रुप अब केवल अस्थि धातुमा आइसके पनि लाखौं चेलाहरू सद्मार्गमा लगाएकाले त्यसको प्रवाह अहिले पनि अटुट छ । दिनमा लगभग १८ घन्टा ध्यानमै बिताएका रिन्पोछे जीवनको धेरैजसो समय ३ घन्टा जति मात्र आराम गर्थे । मृतकहरूको लागि पूजा गर्ने र जीवितहरूलाई धर्म सिकाउने शुभ कार्यबाट उनी कहिल्यै अलग भएनन् । मान्छेहरूका हरेक समस्या दूर गर्न हमेसा तत्पर भएकाले बौद्धमार्गीहरूको माझमा मात्र उहाँ लोकप्रिय नभई हिन्दु र इसाइहरूको माझमा पनि उनको ठूलो ख्याति थियो । डा. स्वामी प्रपन्नाचार्यले नेपालका साधकहरूको जीवनीसंग्रह 'झिल्केका झिल्का'मा दिवंगत रिन्पोछेको जीवनीलाई उच्च प्राथमिकताका साथ छापेका छन् भने इसाइ पादरी मर्टनले आफ्नो एसियन जर्नलमा उनलाई एक प्रतिष्ठित कवि, लेखक र धर्मगुरुको रुपमा प्रस्तुत गरेका थिए । ■

**बदलिएको परिस्थितिसँगै पर्यटनको विकासका लागि नयाँ ढोका खोल्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमै बदलिएको परिवेशमा नेपालले पनि पर्यटनमा नयाँ बजारको खोजी गर्नु पर्छ ।**

# नयाँ बजारमा विस्तार



■ राजेन्द्र अर्याल

**नयाँ नेपालको** निर्माणको अनिवार्य पूर्वसर्तको रूपमा रहने आर्थिक समृद्धिका लागि हामीसँग दुईवटा मुख्य क्षेत्र छन् - पर्यटन र जलस्रोत । विकासको प्रचुर सम्भावना रहेका यी दुई क्षेत्रले नेपालको आर्थिक विकासमा प्रत्यक्ष प्रभाव पार्ने देखिन्छ । त्यसमाथि पनि पर्यटनको विकासले गरिबी निवारणमा प्रत्यक्ष र छिटो प्रभाव पार्न सक्छ । बदलिँदो परिवेशमा सरकारले नेपालको पर्यटन क्षेत्रलाई आर्थिक तथा सामाजिक दृष्टिकोणले प्रभावकारी र गतिशील ढंगले बढाउन त्यसैअनुरूपको नीति निर्माण गर्नु र त्यसको कार्यान्वयनको लागि उपयुक्त वातावरण र पूर्वाधारको विकास गर्नु पर्छ ।

समग्र पर्यटन क्षेत्रबाट उच्चतम फाइदा लिन तत्कालीन, मध्यकालीन र दीर्घकालीन रणनीति आवश्यक हुन्छ । पर्यटन विकासको प्रचुर सम्भावना बोकेको नेपालको विशिष्ट भू-स्वरूप, जैविक विविधता, विशिष्ट सांस्कृतिक सम्पदा तथा सामाजिक मित्रभाव, अनुपम प्राकृतिक तथा सांस्कृतिक सम्पदा हाम्रा धरोहर हुन् । यसले पर्यटनलाई दरिलो आर्थिक अंगका रूपमा विकास गर्न सकिने आधार स्थापित गरेका छन् । तैपनि, यी सम्भावनाको पूर्ण सदुपयोग र कार्यान्वयन हुन सकिरहेको छैन । विभिन्न समस्या र चुनौतीको भुमरीमा रुमल्लिरहेको छ, पर्यटन क्षेत्र । ती चुनौती र समस्याको समाधान गर्न सकेको खण्डमा गरिबी निवारणदेखि मुलुकको समग्र अर्थतन्त्रका लागि प्रभावकारी भूमिका खेल्नेछ ।

नेपालमा पर्यटन विकासको इतिहास त्यति लामो छैन । अध्ययन, व्यापार, तीर्थाटन वा अन्य उद्देश्यको निम्ति नेपालमा विदेशी पाहुनाहरू आउने क्रम हजारौं वर्षदेखि सुरु भए पनि व्यवसायिक हिसाबले पर्यटन उद्योग नेपालमा करिब आधा शताब्दीदेखि मात्रै सुरु भएको हो । सन् १९५३ मा सगरमाथाको सफल आरोहण र १९६० को दशकमा हिप्पीहरूको नेपाल आगमणपछि नेपाली पर्यटन क्षेत्र क्रमशः व्यवसायिकतातर्फ अघि बढेको हो । त्यति बेला काठमाडौं, पोखरा र सगरमाथा क्षेत्रमा सीमित पर्यटनको विकास अहिले चितवन, लुम्बिनी जस्ता ठाउँमा एक हदसम्म विस्तार भए पनि मुख्यरूपमा तिनै क्षेत्रको वरिपरि घुमिरहेको छ । पर्यटन क्षेत्रले रोजगारी सिर्जना तथा आयआर्जनको दृष्टिमा अर्थतन्त्रमा सीमित मात्रै योगदान गर्न सकेको छ ।

२०४६ सालको जनआन्दोलनको सफलतापछि सुरु गरिएको आर्थिक उदारीकरणसँगै नेपालमा पर्यटनको विकासले पनि गति लिन थालेको थियो । यस सन्दर्भमा आयोजित नेपाल भ्रमण वर्ष १९९८ पर्यटन विकासको सन्दर्भमा एउटा कोसेढुंगा नै बनेको थियो । तर त्यहाँबाट गति लिन थालेको पर्यटक आगमनलाई सशस्त्र द्वन्द्वले गम्भीर रूपमा प्रभावित गऱ्यो । यद्यपि, दसवर्षे द्वन्द्वको अवधिमा एकाध अपवादबाहेक विदेशी पर्यटकहरूमाथि भौतिक क्षति पुऱ्याउने काम भएन, तर द्वन्द्वले सृजना गरेको त्रासपूर्ण वातावरण, यसप्रति अन्तर्राष्ट्रिय जगत्मा फैलिएको अतिरञ्जनापूर्ण प्रचार र कूटनीतिज्ञहरूका नकारात्मक ट्राभल एडभाइजरीले पर्यटक आगमनलाई ह्वात्तै घटाइदियो ।

तर पर्यटनको विकासलाई जनयुद्धले पुऱ्याएको अवरोधलाई दोष दिएर मात्र उम्कन सक्ने ठाउँ छैन । द्वन्द्वका अतिरिक्त अनुपयुक्त वा अपर्याप्त पर्यटन नीति, त्रुटिपूर्ण वा अपूर्ण योजना र गतिहीनताले पनि पर्यटनको विकासमा नकारात्मक प्रभाव पारेका छन् । यसका अतिरिक्त कमजोर भौतिक पूर्वाधार र कमसल बजार प्रवर्द्धन पनि यसको निम्ति जिम्मेवार छन् । तसर्थ नयाँ परिवेशसँगै सरकारले पर्यटनको विकासका लागि विद्यमान ऐन नीति र योजनामाथि समीक्षा र मूल्यांकन गरी नयाँ ढंगले अघि बढ्नु आवश्यक देखिएको छ । अब बदलिएको समग्र परिस्थितिसँगै पर्यटनको विकासका लागि नयाँ ढोका खोल्नुपर्छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमै बदलिएको परिवेशसँगै नेपालले पनि पर्यटनमा नयाँ बजारको खोजी गर्नुपर्छ ।

परिवर्तन भइरहेका पर्यटन बजार, पहुँचको सुलभता वा दुर्लभता, पर्यटकहरूको बदलिँदो रुचि र हाम्रा विशेषताहरू- यी विषयहरू हुन्, जसलाई पहिचान गरेर त्यसअनुसारको नीति र कार्ययोजना बन्नुपर्छ । युरोप अहिले पनि हाम्रो निम्ति महत्त्वपूर्ण पर्यटन स्रोत हो, तर त्यसका सीमा प्रकट हुन थालिसकेका छन् । त्यहाँको अर्थतन्त्रमा देखा परेको ठहराव र युरोपेलीहरूको कम खर्च गर्ने प्रवृत्तिमात्रै होइन, नेपाल आगमनको लागि पहुँचको असहजता आदिले पनि हामीलाई नयाँ बजार खोज्न बाध्य बनाएको छ । त्यसैले युरोपेली पर्यटकलाई आकर्षित गर्ने गरी बनाइएका हाम्रा नीति र योजनामा सापेक्षित सुधार र पुनरावलोकन गर्नु पर्छ । तथ्यांक हेर्ने हो भने युरोपका पर्यटकहरूको खर्चको अनुपात घट्दो छ भने संख्यामा स्थिरता । हामी दुई विशाल जनसंख्या र अर्थतन्त्रको समुद्रको बीचमा टापु जस्तै भएर बसेका छौं । झन्डै वार्षिक दस प्रतिशतको हाराहारीमा वृद्धि भइरहेको चिनियाँ अर्थतन्त्र र सात प्रतिशतभन्दा बढीले विकास गरिरहेको भारतीय अर्थतन्त्रले दुवै देशमा गरी झन्डै साठी करोड मध्यमवर्ग जन्माइदिएको छ । यस्तो मध्यमवर्ग, जो गतिशील र खर्चालु छ । ऊसँग समय पनि थोरै छ । आफ्नै मुलुकको एक ठाउँबाट अर्को ठाउँमा जानभन्दा छिटो र सस्तो पर्ने नेपाली पर्यटन सम्पदा दुवै देशका विशेष गरी युवाहरूको लागि निकै आकर्षक विषय बन्न सक्छ । नेपालमा पाइने भिन्न र विशिष्ट स्वाद त छँदै छ । त्यसैले हाम्रो ध्यान हाम्रो दुई छिमेकी देशका पर्यटकलाई आकर्षित गर्न केन्द्रित हुनुपर्छ र तदनुरूपको योजनाको निर्माण र बजार प्रवर्द्धन गर्नु पर्छ ।

अब केवल काठमाडौं, पोखरा, चितवन र सगरमाथामा मात्र सीमित पर्यटन गन्तव्यलाई फराकिलो बनाउनु पर्छ । विशेष गरेर सुदूर र मध्यपश्चिमका रारा, से फोक्सुण्डो, खप्तड जस्ता पर्यटकीय सम्पदाहरू, शुक्लाफाँटा र बर्दिया राष्ट्रिय निकुञ्ज जस्ता वनसम्पदाहरूको अवलोकन, विशिष्ट थारू संस्कृति, त्यहाँबाट कैलाश मानसरोवरसँग जोड्न सकिने पदयात्रा आदि विषयले सुदूरपश्चिमसम्म पर्यटक आगमनलाई विस्तार गर्न सक्छ र भारतका प्रमुख सहरहरूसँग धनगढी वा नेपालगन्जसँग सीधा हवाइसम्पर्क जोड्न सकेमा यो विशेष गरेर भारतीय पर्यटकहरूको निम्ति निकै आकर्षक विषय बन्न सक्छ । यसले पर्यटनको विकेन्द्रीकरण गर्दै त्यो क्षेत्रका जनताको जीवनस्तर माथि उठाउन पनि मद्दत पुऱ्याउन सक्छ ।

धार्मिक पर्यटन, खेलकुद पर्यटन, साहसिक पर्यटन तथा स्वास्थ्य पर्यटन नेपाली पर्यटनका सम्भाव्य नयाँ वा थप विकास गर्न सकिने क्षेत्रहरू हुन् । झन्डै एक अर्बको हाराहारीमा रहेका वौद्धमार्गीहरूको पवित्र तीर्थस्थलको रूपमा रहेको लुम्बिनीको भौतिक पूर्वाधारको विकास गरेर वर्षको दसौं लाख पर्यटक भित्र्याउने क्षमता बढाउने हो भने र झन्डै त्यही हाराहारीमा रहेका हिन्दुहरूका आराध्यदेव पशुपतिनाथको वासस्थान पशुपति क्षेत्रलाई समयानकूल सुधार गर्दै पूर्वाधार र बजार प्रवर्द्धन गर्न सक्ने हो भने हामीले जेरुसेलम वा मक्का मदिनालाई ईर्ष्या गरिरहनु पर्दैन । यी दुईवटा यस्ता क्षेत्र हुन्, जसले वर्षमा कम्तीमा दस लाख पर्यटकलाई समूहगतरूपमा तान्न सक्छन् । जुन कुरा पदयात्रा, साहसिक पर्यटन वा पर्वतारोहणमा सम्भव छैन । त्यसैगरी खेलकुद पर्यटनका लागि पनि नेपाल त्यतिकै उपयुक्त र प्रभावकारी बन्न सक्छ । उच्च आय भएका वर्गका पर्यटकहरूलाई आकर्षित गर्न गल्फ, हात्तीपोलो लगायत युवा पुस्तामा अत्यन्त लोकप्रिय फुटबल, क्रिकेटजस्ता

खेलकुदको विकासको पनि पर्याप्त सम्भावना छ- नेपालको रमणीय हावापानी र भौगोलिक अवस्थाको कारण । प्यारा ग्लाइडिङ, बेलुन, अल्ट्रालाइट फ्लाइट आदिको आकर्षण जुन अनुपातमा बढ्दो छ, यसले पनि पर्यटन उद्योगमा विविधतालाई संकेत गरिरहेको छ । जलयात्रा पर्यटनको अर्को उज्ज्वल सम्भावनायुक्त क्षेत्र हो, जसप्रतिको आकर्षण निरन्तर बढ्दो छ ।

विभिन्न जातजातिका मौलिक संस्कृति, प्राकृतिक जीवन, नाचगान, भेषभुषा लगायतका सम्पदाहरू अर्को महत्त्वपूर्ण आधार हो, जसले बर्सेनि लाखौं पर्यटकलाई लोभ्याउँदै लामो यात्रा पार गरेर नेपाल आउने बनाउँछ र नेपाल पर्यटन बोर्डको ब्रान्ड 'नेपाल नै, जहाँ एकपटक पुगेर पुग्दैन' भन्ने नारालाई सार्थक बनाउँछ । तर विश्वव्यापीकरण, बजारीकरण र आधुनिकीकरणसँगै मौलिक संस्कृतिमाथि जुन खतरा उत्पन्न भएको छ र यो लोप हुने स्थिति देखा परेको छ । यसप्रति सबैको ध्यान जानु पर्छ । यसका साथै उद्योग वाणिज्य महासंघले अघि ल्याएको 'एक गाउँ एक उत्पादन' अभियान जस्तै पर्यटन विकासका लागि 'एक स्थान एक पहिचान' नीतिलाई प्रोत्साहन गरी विभिन्न क्षेत्रमा भएका पर्यटकीय सम्पदाहरूको विशिष्टिकरण गर्नु पर्छ ।

नेपालमा पर्यटन क्षेत्रको प्रचुर सम्भावना हुँदाहुँदै पनि त्यसअनुरूपको लाभ उठाउन सकिएको छैन । 'बोल्नेको पीठो बिक्ने, नबोल्नेको चामल पनि नबिक्ने' उखानसँग पर्यटनको विकास पनि जोडिन्छ । अन्तर्राष्ट्रिय क्षेत्रमा हाम्रा पर्यटकीय क्षेत्रको प्रचार प्रसार प्रभावकारी हुन सकेको छैन । त्यसतर्फ नेपाल पर्यटन बोर्डको प्रभावकारिता बढाउनु आवश्यक देखिएको छ ।

पर्यटन विकासका लागि पूर्वाधारहरूको विकास अनिवार्य पूर्व सर्तको रूपमा रहेको छ । नेपालको भूपरिवेष्टित र विशिष्ट भौगोलिक बनावटले पर्यटक आगमनको मुख्य माध्यम हवाइ यातायात नै हो भन्ने कुरा स्पष्ट छ, तर एकातिर नेपालको एकमात्र राष्ट्रिय ध्वजावाहक विमान नेपाल वायुसेवा निगमको कमजोर व्यवस्थापन, सीमित जहाज संख्या र गतिहीन कार्यशैली तथा अर्कोतिर निजी क्षेत्रको व्यवसायिकता र क्षमताको अभाव तथा उनीहरूमा पनि लाइसेन्स लिने र लहडमा क्षणिक व्यवसाय गर्दै बन्द गर्ने प्रवृत्तिले गर्दा हामीले आफ्नो क्षमताबाट नेपाल आउने पर्यटकलाई देश भित्र्याउन सकिरहेका छैनौं । यद्यपि, केही समयदेखि नेपाल वायुसेवा निगममा भएका सुधारका प्रयत्न तथा केही निजी वायुसेवाहरूले अन्तर्राष्ट्रिय क्षेत्रमा उडान भर्न देखाएको चासो सकारात्मक छ, तर व्यवहारमा नहेरी ढुक्क हुने स्थिति छैन । बरु यसबीचमा थपिएका केही नयाँ अन्तर्राष्ट्रिय एयर लाइन्सहरूले पर्यटक आगमनमा सघाउ पुऱ्याउने देखिन्छ । यस क्रमलाई अझ अगाडि बढाउने हो भने अहिलेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तर वृद्धि गर्ने, तराईमा एउटा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल बनाउने र पोखरा तथा लुम्बिनीमा क्षेत्रीयस्तरका विमानस्थल निर्माणलाई अगाडि बढाउनु अनिवार्य देखिन्छ । यसबाहेक, ताल्चा, सिमीकोट, फाप्लु र मनाङ जस्ता एयर पोर्टहरू पिच हुन सके यसले पर्यटक आगमन बढाउँछ ।

यसका साथै होटल र रिसोर्टहरूको क्षमता अभिवृद्धि, फोहरमैलाको दिगो व्यवस्थापन, निरन्तर जस्तो हुने हड्ताल र चक्काजामको अन्त्य गर्दै कम्तीमा पनि पर्यटन जस्तो संवेदनशील क्षेत्रलाई द्वन्द्वबाट माथि राख्ने तथा नेपालका सबै राजनीतिक दलहरूमा पर्यटन नीतिमा सहमति र ऐक्यबद्धता आवश्यक देखिन्छ ।

एकाइसौं शताब्दीको प्रवेशसँगै अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापक परिवर्तन र विकासले एउटा कालखण्ड पार गरिसकेको र वर्तमान परिप्रेक्ष्यमा हाम्रो जस्तो विकासोन्मुख देश विश्व व्यापार संगठनको सदस्य समेत भएको अवस्थामा यसप्रति पनि ध्यान पुग्नु पर्ने हुन्छ । पर्यटनलाई देशको आर्थिक मेरुदण्डको रूपमा स्थापित र विकास गर्न निजी क्षेत्र र सरकारको सहकार्यलाई अझ बलियो बनाउनु पर्छ । सरकारले नेपालको पर्यटन उद्योगलाई प्रमुख आर्थिक क्षेत्रका रूपमा विकसित गर्न चारदशक अघिदेखि योजना अघि सार्दै आए पनि प्रभावकारी ढंगले अघि बढिरहेको छैन । छैटौं, सातौं र आठौं योजनाहरूले पर्यटन क्षेत्रलाई वैदेशिक मुद्रा आर्जन गरी देशको शोधानान्तर स्थिति सुदृढ गराउने र बढ्दो जनशक्तिलाई सीमित रूपमा भए पनि रोजगारी प्रदान गर्ने क्षेत्रका रूपमा स्थापित गर्ने उद्देश्यहरू थिए । पर्यटनको नयाँ क्षेत्रका सन्दर्भमा सन् १९७२ मा एउटा पर्यटन गुरुयोजना तयार पारिएको थियो । त्यसले पनि पर्यटन पहिचानका विषयमा महत्त्वपूर्ण भूमिका खेलेको थियो । सन् १९९८ मा 'नेपाल भ्रमणवर्ष' र नेपाल गन्तव्य वर्ष २००२ ले नेपालको पर्यटकीय क्रियाकलापलाई अघि बढाउन सघाउ पुऱ्याएका छन् । अहिले सरकारसँगै निजी क्षेत्र पनि पर्यटकहरूको नेपाल आउने संख्यामा वृद्धि गर्न, पर्यटकको रुचि नयाँ नयाँ कार्यक्रमहरूको संचालन गरी उनीहरूको नेपाल बसाइँ लम्ब्याउने तथा उनीहरूको खर्चको बढीभन्दा बढी अंश नेपालमै राख्ने लक्ष्य अघि सारिएको छ । अहिले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पर्यटन गुरुयोजनाको निर्माणमा लागेको छ भने नयाँ पर्यटन नीति बनाउँदै छ । आशा गरौं, यसले नेपालको पर्यटकीय सम्भावनालाई उपयोग गर्न मद्दत पुऱ्याउनेछ । पर्यटनको लाभ देशको तल्लो वर्गसम्म कसरी पुऱ्याउने र त्यसबाट गरिबी निवारणमा प्रभावकारी भूमिका कसरी खेल्ने भन्ने विषयमा ध्यान पुऱ्याई पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा रोजगारीको सिर्जनासँगै जनताको जीवनस्तर सुधार गर्ने कार्यमा योगदान पुऱ्याउने गरी पर्यटन क्षेत्रको दिगो विकास गर्नु अहिलेको महत्त्वपूर्ण चुनौती हो ।

*(लेखक पर्यटन मन्त्रालयसँग सम्बन्धित छन् ।)*



त्रिभुवन विमानस्थलमा उत्रिँदै गरेका चिनियाँ पर्यटक

भास्वर ओझा

# असुरक्षित अस्तित्व

कोसीटप्पुमा आहाल बसिरहेको अर्ना ▼



**सुनसरीको पश्चिम** कुसाहा-४, पर्सेला टोल निवासी लक्ष्मण यादवको गहुँबारीमा गत फागुन १५ गते दुई भाले अर्ना मृत भेटिए। त्यसअघि फागुन ४ गते पश्चिम कुसाहा-४कै बलदेव मण्डलको बारीमा पनि एउटा मरेको अर्ना भेटिएको थियो।

दुई साताभित्र तीन दुर्लभ अर्ना मर्नुको कारण थियो, मध्यवर्ती क्षेत्रका किसानले आफ्नो बालीनाली जोगाउन खेतबारी वरपरको नांगो तारमा छाड्ने करेन्ट। संरक्षण अधिकारीहरू यसलाई 'रिभेन्ज किलिङ' अर्थात् प्रतिशोधपूर्ण हत्या ठान्छन्। 'आफ्नो बाली नष्ट भएको झोकमा किसानहरू वन्यजन्तुसँग प्रतिशोध लिने उद्देश्यले नांगो तारमा करेन्ट छाड्छन्', कोशी टप्पु वन्यजन्तु आरक्षका संरक्षण अधिकृत बोर्णबहादुर थापा भन्छन्, 'अनि, त्यहाँ दुर्लभ अर्ना पर्छन्।'

तर, 'रिभेन्ज किलिङ' मानिए पनि अर्नाको ज्यान लिने गरी नांगो तारमा करेन्ट छाड्नेलाई अनुसन्धानका लागि नियन्त्रणमा लिइएको छैन। किनभने बर्सेनि आफ्नो बालीनाली नष्ट हुँदा पनि क्षतिपूर्ति नपाउने मध्यवर्ती क्षेत्रका किसान आरक्षप्रति क्रुद्ध छन्। एउटालाई नियन्त्रणमा लिँदा अरू सबै एक भएर विरोधमा उत्रिने अवस्था छ।

यद्यपि, अर्नाको मृत्युबारे अनुसन्धान भइरहेको र दोषीलाई १० वर्ष कैद र ५० हजारसम्म जरिवाना हुनसक्ने संरक्षण अधिकृत थापा बताउँछन्। उनी भन्छन्, 'हामीले पीडितलाई क्षतिपूर्तिका लागि पनि पहल गर्दै आएका छौं।'

गत वर्ष पनि कोशी टप्पुमा संरक्षित दुई दुर्लभ अर्ना मरेको पाइएको थियो। मंसिर २१ गते हरिपुरको मेहता टोलमा एउटा मृत अर्ना भेटिएको दुई साता नबित्दै पुस २ गते पश्चिम कुसाहामा अर्को भाले अर्ना जंगली भैंसीसँगै जुधेर मरेको थियो। आरक्ष प्रशासनका अनुसार सन् २००० यता १९ वटा अर्ना मरेका छन्। तीमध्ये १५ वटा भाले छन्। तर, आरक्षले प्रमाणित मृत्युको रेकर्डमात्रै राख्छ। त्यसैले पछिल्लो ७ वर्षमा अझ धेरै अर्नाको मृत्यु भएको हुनसक्छ। मध्यवर्ती क्षेत्रका बासिन्दा यस वर्षमात्रै १४ वटा मरेको दाबी गर्छन्।

१ सय ७५ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको कोशी टप्पुको केही भागमा प्रायः मान्छे नपुग्ने हुँदा कतिपय अर्नाको मृत्युबारे संरक्षण अधिकारीहरूलाई थाहै नभएको पनि हुनसक्छ। यी सबै तथ्यले कोशी टप्पुमा संरक्षित विश्वमै दुर्लभ 'बुवालिस बुवालस' प्रजातिको अर्ना संकटमा परेको देखाउँछन्। सन् २००४को गणनामा १ सय ५९ वटा पाइएको अर्ना अहिले त्यति नै वा त्योभन्दा बढी संख्यामा रहेकोमा स्वयं संरक्षण अधिकृत थापालाई शंका छ। उनी भन्छन्, 'अब त्यति संख्यामा अर्ना नहुन पनि सक्छ।'

सन् २००० मा गरिएको गणनामा १ सय ४५ वटा अर्नामात्रै पाइएको थियो। ४ वर्षपछिको गणनामा १४ वटा बढेको पाइए पनि संरक्षण अधिकारीहरू अर्नाको अस्तित्वप्रति ढुक्क थिएनन्। किनभने सन् २००४को गणनाले पनि कोशी टप्पुमा भालेको तुलनामा पर्याप्त पोथी अर्ना नरहेको देखाएको थियो। त्यति बेला ८७ वटा पोथी र ७२ वटा भाले अर्ना पाइएको थियो। संरक्षण अधिकारीहरूको भनाइमा अर्नाको वंश सुरक्षा र विस्तारका लागि भालेको तुलनामा ५ गुणा बढी पोथीको संख्या हुनुपर्छ। अन्यथा पोथीका लागि भाले अर्नाहरू आपसमा जुध्न सक्छन्।

मध्यवर्ती क्षेत्रका बासिन्दाले बालीनाली जोगाउन प्रयोग गर्ने हाइभोल्टेजको करेन्ट, विष, आरक्षभित्र चरन क्षेत्रको अभाव अहिले देखिएको अर्ना संकटका बाहिरी कारणमात्रै हुन्। खासमा पोथीको कमीकै कारण एकपछि अर्को भाले अर्ना मर्न पुगेका हुन्। गत वर्षका मरेका २ र यस वर्षका ३ अर्ना पनि भाले नै थिए। संरक्षणविद्हरूको भनाइमा एउटै भाले अर्नाले ५ वटा पोथी अर्नालाई प्रजननयोग्य बनाउन सक्छ। त्यसैले बलियो भाले अर्ना सकेसम्म धेरै पोथी अर्नासँग सम्बन्ध राख्न चाहन्छ। यसकारण कमजोर भाले अर्ना पोथीबाट वञ्चित हुनुपर्छ।

पोथीको संसर्गबाट वञ्चित भाले अर्ना विरक्तिएर आरक्ष बाहिर निस्किन्छ र मध्यवर्ती क्षेत्रका किसानले प्रयोग गर्ने करेन्ट, विष वा सिकारीको पासोमा परेर मर्छ। पोथीका लागि लडाइँ गर्न तयार हुनेचाहिँ जुध्ने क्रममै मर्न सक्छ। लडाइँमा विजयी हुने बलियो भाले अर्ना पनि प्रतिद्वन्दीलाई हराउँदासम्म चोटग्रस्त हुनसक्छ र त्यही चोटले विस्तारै उसको ज्यान लिनसक्छ। यिनै कारणहरूले कोशी टप्पुका अर्नाको प्रजनन दर अत्यन्तै कम अर्थात् शून्य दशमलव ३ प्रतिशतमात्रै छ।

## जोगाउने प्रयास

पोथीको संख्या बढाउन नसकिए पनि उसको संसर्ग नपाएर कोशी टप्पुबाहिर निस्किने भाले अर्नालाई मध्यवर्ती क्षेत्रका किसानले प्रयोग गर्ने करेन्ट, विष र सिकारीको पञ्जामा पर्नबाट जोगाउन आरक्षले विशेष कार्यक्रम ल्याउने भएको छ।

टप्पु वरपर लगाइएको तारबार मर्मत, मध्यवर्ती क्षेत्रका बासिन्दासँग अन्तर्क्रिया र संरक्षणमा तिनको सहभागिता विशेष कार्यक्रमको उद्देश्य रहनेछ। यसैगरी आरक्षको सुरक्षाका लागि तैनाथ सेनाको श्रीबक्स गुल्मको सहयोगमा 'एन्टी पोचिङ' अभियान सञ्चालन गरिनु पनि विशेष कार्यक्रमको एउटा हिस्सा हुनेछ।

'सिकार हुनै नदिनु यो अभियानको मुख्य उद्देश्य हो', संरक्षण अधिकृत बोर्णबहादुर थापा भन्छन्, 'यसका लागि हामी सिकारीको पहिचान र निगरानी गर्छौं।' सिकारीको चलखेल रोक्न माओवादी द्वन्द्वको क्रममा श्रीबक्स गुल्ममै 'मर्ज' गरिएका आरक्ष क्षेत्रका ८ सुरक्षाचौकी पुनःस्थापनाका लागि पनि पहल भइरहेको थापाले बताए। 'सरकारसँग हामीले पैसा मागेका छौं', थापाले भने, 'पैसा आउनासाथ सुरक्षाचौकी पुनःस्थापनाको काम सुरु गर्छौं।'

अर्ना मर्न थालेपछि श्रीबक्स गुल्मका केही सैनिकहरू हरिपुरमा पाल टाँगेर बस्न सुरु गरेका छन्। सप्तरीको पत्थरी, सुनसरीको प्रकाशपुर र मधुवनमा पनि सुरक्षाचौकी राखिनेछ। पहिलेजस्तै आठवटै स्थानमा नभई बढीमा ५ स्थानमा मात्रै तर प्रभावकारी रुपमा सुरक्षाचौकी पुनःस्थापना गरिने थापाले बताए।

■ **ओमआस्था राई/धरान** (तस्वीर पनि)

# पहिलोचोटि हिउँ चितुवा देख्दा

■ डा. मुकेशकुमार चालिसे



**पच्चीस वर्षअगाडि** लाङटाङ राष्ट्रिय निकुञ्ज जाँदा लाङटाङ राष्ट्रिय निकुञ्जको कार्यालय खुला तबेलाजस्तो थियो। रात परेपछि पुगेको हाम्रो टोली त्यहीँ स्लिपिङ ब्याग ओछ्याएर सुत्नुपरेको थियो। त्यति बेला नौ दिन घुम्दा लाङटाङको हिमाली क्षेत्रका जीवजन्तु र पक्षीका बारेमा अनुसन्धान गर्नुपर्ला जस्तो लाग्न थाल्यो।

सन् २००१ मा फुलब्राइट छात्रवृत्तिमा युनिभर्सिटी अफ वासिङटन रहँदा डा. रान्डल काइजसँगको दोस्ती र उडल्यान्ड पार्क जुका एकजोडी हिउँ चितुवाले फेरि लाङटाङको सम्झनाले तान्न थाल्यो। काठमाडौं फर्केपछि हिउँ चितुवा र लाङटाङबारे चर्चा चल्दा केही स्वनामधन्य जीवशास्त्रीले 'लाङटाङमा हिउँ चितुवा छैन' भन्दा त ठूलो हाँक सम्झी त्यसैको लागि पछि लाग्ने विचार आयो। त्यसलगत्तै गरिएको रेन्जरसँगको क्यान्जिङ भ्रमणको बेला चितुवाका पाइला देखेपछि त जसरी पनि हिम चितुवा खोज्ने दृढता जन्मियो।

यसमा सन् २००३ देखि विधिवत् अध्ययन थालियो। थोरै पैसामा थालिएको यो अभियानमा विश्वविद्यालयका विद्यार्थी, आफू र रान्डल मात्र सहभागी भइयो। विद्यार्थीलाई उच्च हिमाली क्षेत्रमा धेरै दिन काम गर्न कठिनाइ पनि हुन्थ्यो- खर्च पनि पुग्थेन। तैपनि वर्षमा दुई चार महिनालाई सामलको व्यवस्था गरियो। दुइटा स्वचालित क्यामरा र केही आवश्यक फिल्ड उपकरणमा निकै दुःखले काम गरियो। यसरी नै करिब २००४, ००५, ००६ का हिउँद र वर्षा बिते। हिउँ चितुवाले छोडेका पाइला, दिसा र सिनो बाहेक जिउँदो हिउँ चितुवा देखिएन। त्रिभुवन विश्वविद्यालयका चारजना विद्यार्थी र वन विज्ञानका एकजनाले आफ्नो शोधपत्रमा हिउँ चितुवा, कस्तुरी मृग, हिमाली थार, पहरे बाँदर, स्थानीय जनताका सम्भावना र चुनौतीहरूबारे विशेष काम गरे। अझै केही तयारीमा छन्। त्यसै क्रममा बर्सेनि २० जति सहभागी तालिम प्राप्त गरी लाभान्वित भए। हामीसँग उपर्युक्त बाहेक ढुटे मुसा तथा चराहरू, वनस्पति आदि बारेका जानकारी उपलब्ध भए।

२००७ को लाङटाङ भ्रमण अनौठो रह्यो। यसपालि भने पंक्तिकारले हिउँ चितुवाबारे अन्तिम टुंगो लगाउने सुर कस्यो। सामान्य तयारीपछि रान्डल, जनक, गंगाराम, पूर्ण र प्रज्ञासाथमा पंक्तिकार लाङटाङतिर लाग्यो, ११ फरबरीका दिन। साँझ स्याप्रुबेसीको वास भयो। हिउँ नपरेको धेरै भएको माथितिरको खबरले खुसी भयौं। भोलिपल्ट उकालो लाग्यौं- वास लामा होटल। जाडो त्यसमाथि सिरेटो- राति बाहिर निस्कन त - ज्यान जालाजस्तो मुटु कमाउने। बाटाभरि लंगुर बाँदरका झुन्डहरू देखिए। यता देखिने लंगुर- हिमाली लंगुर जातका हुन्। कालो अनुहार हिउँजस्तै सेता भुत्ला र लामो पुच्छर- हामीले हेर्दा हल्का प्रतिक्रिया देखाउँथे। भोलिपल्ट उठी हिँड्दा आठ बजिसकेको थियो। घोडा तबेला पुग्दा त हिमाली चराहरू देखिन थालिसकेको थियो। हामीलाई जनावरको विशेष ध्यान थियो। बाटो सफा र हिँड्न लायक ठाउँठाउँबाट लाङटाङका विभिन्न शृंखला र चुचुराको राम्रो फोटो खिचियो। 'यसपल्ट पनि हिउँ चितुवा भेटिन्न- हिउँ नै छैन', जनकले भने। पंक्तिकारले भन्यो, 'यसपल्ट म पनि लाङसिसामाथिसम्म जान्छु।'

बेलुका पख लाङटाङ गाउँ पुगी दोर्जे साहुकै होटलमा वास- साँझ पारी बिजुली घरनजिक २७ वटा हिमाली थार देखिए- रात नपरेसम्म हेर्ने काम भयो। एउटा जखमले भाले, थोरै पाठा र धेरै पोथी थिए।

राति सिरेटो चल्यो- झ्यालको चरबाट मसिनो पीठा जस्तो हिउँ भित्र आइरहेको अनुभव हुन्थ्यो। उदेक मान्दै एकछिन बसें अनि लघुशंका गर्न बाहिर निस्किएँ। भऱ्याङको मुखबाट हेर्दा सबैतिर सेतो, छक्क लाग्यो। तल ओर्लन पाइला बढाएको त एकै फेर तल ढयाङ्ग। हात र कम्मरमा चोट लाग्यो। सकिनसकी उठें काम सकी कोठामा फर्किएँ - लाग्यो अब हिँड्न सकिँदैन।

बिहान उठ्दा त आँगनमा दुई फिटभन्दा बढी हिउँ जमेको। साथीहरूलाई रातिको घटनाको जानकारी दिँदै भनें, 'म त राति लडें पनि र यो बाक्लो हिउँमा हिँड्न पनि नसकौंला। तिमीहरू अघि बढ म यहीं बस्छु।' साथीहरू पनि हिउँमा न नहिँड्ने भनी बस्ने भए। घाम लागेकाले सबैले आँखा बचाउन कालो चस्मा लगाए। मलाई हिउँमा सबैको फोटो खिच्ने रहर चल्यो र होटल पर खुला ठाउँमा आओ भनी गएँ। कसो कसो आँखा हिजो थार देखेकोतिर पुगेँ- होटलबाट ५०० मिटर टाढा। केही चलेजस्तो छ। सेताम्मे लाङटाङ उत्तरको पहाडमा केही काला थोप्लाहरू मैले दूरबीन सोझ्याएँ- ए हिजोका थारहरू हिउँमुनि र ककारोमा केही खोज्दै थिए। सबै आएर हेरे - देखे। त्यसपछि- अनौठो थारहरू- तर्सेजस्तो- लखेटालखेट खेलेजस्तो। 'के भएछ? हेर त' मैले भनें। सबैले दूरवीन लगाए ठाउँतिर- पूर्णले सर चि...' मात्र के भन्न भ्याएथ्यो- मैले भने 'चितुवाले पो लखेटेको रहेछ- वाह! हिउँचितुवा' लामो पुच्छर देख्यौं। सबै साह्रै उत्साहित भए एकछिन दूरवीन निकाली 'कता कता' गर्न थाले। मैले दूरवीनविना नै उसको गतिविधि र जान लागेकोतिरको स्थान बताएँ। रान्डल र जनक क्यामरा खोज्न थाले- प्रज्ञा कतापट्टि भन्न थालिन्। अनि 'ए' भनिन्। क्यामरा ठिक पार्दा नपार्दै चितुवाको गतिविधि मत्थर भयो। त्यसपछि लगातार तीन घन्टा अवलोकन गरियो। पुनः केही आक्रमणको घटना देखिएनन् तर हिउँ चितुवा बसिरहेको चाहिँ पक्का थियो- ककारोमा टाउकोसम्म देखिन्थ्यो। होटलधनी दोर्जे र बिजुली चालक चेङ्ग लामा पनि देखें। यसरी १५ फेब्रुअरी बिहान ३,४१७ मिटरको उचाइमा हिउँ चितुवा प्रत्यक्षरुपमा लाङटाङमा देख्यौं। सहभागी बेलुका पार्टी गर्ने र काठमाडौं गएर हिउँ चितुवा यहाँ छैन भन्नेलाई सुनाउने भनी उत्साहित थिए। त्यसपछि खुसीले सबै हिउँ खेल्न थाल्यौं, कोही हिउँमा डुबेर कोही सुतेर।

त्यसपछि दुई दिन बसेर क्यान्जिङ पुगी फर्कियौं। फर्कंदा लामा होटलमुनि 'सेराउ' पनि देखियो। यो पनि अनौठै भयो। यसको चाहिँ फोटो खिचियो। बाटाभरि स्वदेशी विदेशी पर्यकलाई कसरी, कहाँ, कति हिउँ चितुवा देखिएको थियो भन्दाको सास्ती। स्याप्रुबेसीमा पहिला नै हल्ला पुगेकाले माथि जाने पर्यटकले हामीसँग विस्तृत विवरण माग्थे। भोलिपल्ट धुन्चे आइपुग्दा पत्रकारहरू समाचार टिप्न आइहाले। आफू घरमा आइपुग्दा त नातागोता र इष्टमित्रको फोन आइरह्यो। भोलिपल्ट छापामा पनि पढियो। यसरी हिउँ चितुवाको एक झलकले चार वर्षदेखिको चुनौती र मेहनत अनि कयौं घन्टाको श्रम फच्चे गरेको अनुभूतिका साथ नयाँ अनुसन्धानका लागि प्रेरित गरेको छ। ■

■ डा. खगेन्द्र दाहाल

## धुम्रपानको असर

धुम्रपानले शरीरको सबैजसो अंगमा असर गर्छ। धुम्रपानले दम फोक्सोको क्यान्सरदेखि लिएर ग्यास्ट्रिक, पेटको अल्सर र क्यान्सरबाहेक शरीरको अन्य धेरै अंगको क्यान्सर गराउँछ। हृदयघात, मस्तिष्कघात (मस्तिष्कमा रगत बग्ने वा जम्ने भएर हुने समस्या) इत्यादि गर्छ। त्यति मात्र नभएर रगत नली साँघुरिएर विभिन्न अंगमा रगत र अक्सिजन कम हुने र त्यसका कारण सो अंगको मृत्यु समेत हुने वैज्ञानिक अनुसन्धानले पुष्टि गरेका छन्। त्यसबाहेक शुक्रकिटको संख्यामा कम ल्याएर नपुंसकसमेत बनाउन सक्ने र गर्भवती महिलाले सेवन गरेमा जन्मजात विभिन्न समस्या भएका बच्चा जन्मने हुन्छ।

धुम्रपानले यस्ता विभिन्न समस्या गर्ने थाहा हुँदाहुँदै समेत मानिसले यो कुलत सजिलै त्याग्न सक्दैनन्। विकसित मुलुकमा यसको असर बारेमा बढेको ज्ञानका कारण धुम्रपान गर्नेको संख्या घट्दो छ। त्यहाँ सरकारीस्तरबाटै सञ्चालित विभिन्न कार्यक्रमका कारण धुम्रपान छोड्न चाहनेको संख्या बढ्दो छ। यसो भए पनि धुम्रपान छोड्न भने त्यति सजिलो छैन।

## धुम्रपान छोड्न गाह्रो

धुम्रपान छोड्न धुम्रपानको बारेमा सबैभन्दा राम्रो ज्ञान भएका व्यक्तिहरूलाई समेत धेरै गाह्रो हुन्छ। एकजना मेरै चिकित्सक साथीले हरेक वर्ष आउँदो नयाँ वर्षको दिनबाट धुम्रपान त्याग्छु भनेर प्रण गर्छ। केही दिनसम्म कोसिस पनि गर्छ, तर एक साता नपुग्दै चुरोट सल्काइरहेको भेटिन्छ। 'किन त?' प्रश्न गर्दा खिसिक्क हाँस्दै भन्छ 'यसपालि यस्तै भयो। अर्को पटक साँच्चि नै छोड्छु', अनि म उसलाई हरेक वर्ष शुभकामना दिँदै बिदा हुन्छु। मेरा अर्का एकजना मित्रले धुम्रपान त्याग्न धेरै प्रयास गरेका छन्। उनकै भनाइमा उनले अहिलेसम्म आधा दर्जन पटक धुम्रपान त्यागिसकें।

धुम्रपान बानी मात्रै होइन, नशा हो। चुरोट र खैनीमा पाइने 'निकोटिन' हेरोइन, कोकिन जस्तै नशाजन्य वस्तु हो। एकपटक बानी लागेपछि छोड्न त्यति सजिलो छैन। धेरैपटकको प्रयासले र परिवारको सहयोगले चुरोट खान पूर्णरुपमा छोडेका ३२ वर्षीय रामकृष्ण खतिवडा भन्छन्, 'बानी लगाउन जति सजिलो छ, छोड्न त्यति सजिलो रहेनछ।'

तर यसो भन्दैमा सक्दै सकिन्न भन्ने चाहिँ होइन। अमेरिकामा गरिएको एउटा अध्ययनले धुमपान पूर्णरुपमा त्यागेको व्यक्तिले सो सफलताका लागि औसत २-३ पटक त्याग्ने प्रयास गरेको हुन्छ। प्रत्येक प्रयासले तपाईंलाई छोड्नलाई केले सहयोग गर्छ र केले गर्दैन भन्ने थाहा हुन्छ।

## धुम्रपान छोड्दा फाइदा

तपाईं आफ्नो परिवार वा बालबच्चालाई प्रेम गर्नुहुन्छ भने धुम्रपान त्याग्नुपर्छ। तपाईंले उनीहरूलाई दिने ठूलो उपहार हो। तपाईंले जीवनमा




**'धुम्रपान स्वास्थ्यका लागि हानिकारक छ' भन्ने भनाइ नौलो होइन। यसलाई हामीले धेरैपटक सुने, देखे र बोलेका छौं। यो जान्दाजान्दै पनि कयौं मानिस यसको कुलतमा फसेका छन्। तर पूर्व तयारी गरेर लागि पर्ने हो भने धुम्रपानको नशा पूरै त्याग्न सकिन्छ।**

आफ्नो लागि गर्ने कामहरूमध्ये 'धुम्रपान त्याग्नु' महत्त्वपूर्ण छ।

धुम्रपान त्यागेर तपाईंको आयु र जीवनको गुणस्तरमा समेत वृद्धि हुन्छ। यसबाट उक्त रोगहरूबाट बच्न सकिन्छ। गर्भवती महिलाले धुम्रपान बन्द गरेमा जन्मने बच्चा स्वस्थ हुने सम्भावनामा वृद्धि हुन्छ। तपाईंले गरेको धुम्रपानले तपाईंलाई त असर गर्छ नै तपाईंसँगै बस्ने मानिसहरूलाई एकदमै असर गर्छ। तपाईंले धुम्रपान छोड्नुभयो भने बच्चाहरूलाई रोगको सम्भावना कम हुन्छ, उनीहरूले यो बानी सिक्ने सम्भावना पनि कम हुन्छ। धुम्रपानमा गरिने खर्च अरू जीवनोपयोगी काममा खर्च गर्न पनि सकिन्छ।

## कसरी छोड्ने धुम्रपान?

धेरै अध्ययन अनुसन्धानले धुम्रपान त्याग्न पाँचबुँदे योजना प्रभावकारी हुने देखाएका छन्। यसै अनुसार प्रयास गर्नुभएमा तपाईं धुम्रपान त्याग्न सफल हुन सक्नुहुन्छ। सबैभन्दा पहिलो कुरा 'आवश्यक तयारी' हो। त्यसका लागि तपाईंले एउटा दिन तय गर्नुपर्छ, त्यो दिनबाट तपाईं यस कुलतलाई पूर्णरुपमा त्याग्न चाहनुहुन्छ। आफू वरपरको वातावरण परिवर्तन गर्नुपर्छ, आफूसँगका सबै चुरोटबिँडी यसका ठुटा र एस्ट्रे आफ्नो कोठा, कार, अफिस इत्यादिबाट हटाउनुपर्छ र आफ्नो घरमा आफ्नो अगाडि कसैले चुरोट नखाओस् भन्ने कुरामा ध्यान दिनुपर्छ। छोड्ने मितिको बिहानैदेखि पूर्णरुपमा त्याग्नुपर्छ एक सर्को पनि लिनहुन्न।

अध्ययनले परिवार र साथीहरूबाट सहयोग र उत्प्रेरणा पाएको व्यक्तिले धुम्रपान सजिलै छोड्ने देखाएको छ। धुम्रपान छोड्न चाहने व्यक्तिले आफ्नो योजनाको बारेमा आफ्ना नजिकका मानिसलाई जानकारी दिनु र तिनीहरूलाई आफ्नो वरपर चुरोट नतान्न अनुरोध गर्नुपर्छ। आफ्नो चिकित्सक वा स्वास्थ्यसेवीसँग परामर्श लिन पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। आफ्नो नजिकै कुनै संस्था वा व्यक्तिले यसबारेमा सहयोग गर्छ भने एकपटक सल्लाह लिनु राम्रो हुन्छ।

नयाँ कौशल र व्यवहार सिक्नु पनि महत्त्वपूर्ण छ। चुरोट छोडेपछि लाग्न सक्ने तलतललाई विभिन्न तरिकाले बिर्सन खोज्नुपर्छ। पहिलोपटक छोड्ने प्रयास गर्दा आफ्नो दैनिक कार्यतालिका परिवर्तन गर्नुस्, मिल्छ भने छुट्टै रुटबाट अफिस जानुस्, कफीको साटो चिया खानुस् र सधैंको भन्दा छुट्टै स्थानमा ब्रेकफास्ट, लन्च वा डिनर गर्नुहोस्। तनाव कम गर्न केही कसरत गर्नु, पुस्तक पढ्न र मनतातो पानीले नुहाउने इत्यादि गर्न सकिन्छ। आफूलाई मनपर्ने काम योजना गर्दा राम्रो हुन्छ। प्रशस्त पानी तथा झोल वस्तु पिउनाले समेत एकदमै सहयोग गर्छ।

विकसित मुलुकमा धुम्रपान छोड्न सहयोग गर्ने औषधीहरू पाइन्छ। 'बुप्रोपियन' भन्ने औषधी र 'निकोटिन' भएको मुखबाट सुँघ्ने औषधी र नाकबाट छिट्ने औषधी डाक्टरको सल्लाहविना लिन मिल्दैन। तर 'निकोटिन' भएको चुइँगम र छालामा टाँस्ने टेपचाहिँ औषधी पसलमा सजिलै किन्न पाइन्छ, विकसित मुलुकमा।

नेपालमा चाहिँ संस्थागत रुपमा धुम्रपान छोडाउन पहल गर्ने प्रयास अझै पनि राम्रोसँग सुरुवात भएको छैन। यी औषधीले धुम्रपान छोड्ने सम्भावनालाई दोब्बर बनाउँछ। सबैलाई एउटै औषधीले काम गर्छ भन्ने छैन। त्यसैले औषधी विज्ञको सल्लाह लिएर मात्रै सुरु गर्नुपर्छ।

यी सबै गर्दा समेत तपाईं यो पटक नै धुम्रपान छोड्न सक्नुहुन्छ भन्ने छैन। केही दिन छोडेर धुम्रपान पुनः सुरु हुने कुराको पूर्वतयारी पनि चाहिन्छ। छोडेको तीन महिना कटेपछि पुनः सुरु हुने सम्भावना कमै हुन्छ। सँगसँगै सफलताको लागि रक्सी पनि छोडेको राम्रो हो। रक्सीले धुम्रपान छोड्न समेत सम्भावना घटाउँछ। अरू मान्छे आफ्नो वरिपरि बसेर चुरोट खाए भने छोड्न गाह्रो हुन्छ। तौलमा ५ केजीसम्म वृद्धि हुन्छ, त्यसो भयो भन्दैमा डराउनुपर्दैन। खराब मनस्थितिले पनि समस्या बढाउँछ। यी कुराबाट बच्नुभयो भने तपाईंले सफलता पाउने सम्भावना धेरै छ। यति गर्दागर्दै पनि सक्नुभएन भने अर्को पटकको लागि तयारी गर्नुहोस्। अर्को पटक तपाईं सफल हुने सम्भावना बढ्छ। चुरोट छोड्न सफल व्यक्तिले २-३ पटकको प्रयासबाट मात्रै त्यो गर्न सक्छ। ■





चुनावका दुई प्रत्यासी : रुक्मशमशेर राणा र ध्रुवबहादुर प्रधान

नेपाल ओलम्पिक कमिटी कार्यालय




समय

# चुनावको दाउपेच

**सधैं विवादको चुरोमा रहने नेपाल ओलम्पिक कमिटी (एनओसी)को चुनाव आगामी मंगलवार (फागुन २९ गते) सम्पन्न गरिसक्नु पर्ने अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)को बाध्यात्मक निर्देशनपछि नेपाली खेलकुदको वातावरण अहिले एक्कासि तातिएको छ।**

एक साताभन्दा छोटो अवधि भएका कारण एनओसीको चुनावमा भाग लिने २४ वटा संघहरूमा चुनावी चहलपहल बढेको छ। विगतमा कठिन परिस्थितिमा पनि हातेमालो गर्दै हिँडेका एनओसी अध्यक्ष रुक्मशम्शेर राणा र एनओसी महासचिव ध्रुवबहादुर प्रधान यसपल्टको चुनावमा अध्यक्ष पदका लागि मुख्य प्रत्यासीको रुपमा उभिने लगभग तय भइसकेको छ। यसले चुनावी वातावरण रोचक मात्र बनाएको छैन, चुनाव भएको खण्डमा आठ वर्षदेखि एनओसीको मुख्य कार्यकारी पद सम्हाल्दै आइरहेका यी दुई हस्तीमध्ये एकजनाको पद दाउमा लाग्ने निश्चित छ।

चुनावी परिणाम आफ्नो पक्षमा पार्न यी दुई हस्ती अहिले भोटको राजनीतिमा व्यस्त देखिन्छन्।

अध्यक्ष राणा आफ्ना 'डेमोक्रचाट' साथीहरूसँग हातेमालो गरेर हिँडिरहेका छन् भने उनी भित्रीरुपमा राष्ट्रिय खेलकुद परिषद्का पूर्व सदस्य-सचिव किशोरबहादुर सिंहको सहयोग र समर्थन जुटाउन तल्लीन छन्। सिंह सदस्य-सचिव हुँदा उनले गठन गरेको सातवटा संघलाई अहिले अन्तर्राष्ट्रिय मान्यता छ। महासचिव ध्रुवबहादुर प्रधान भने राष्ट्रिय खेलकुद परिषद्का हालका सदस्य-सचिव जीवनराम श्रेष्ठसँग समीकरण मिलाउन अभ्यस्त देखिन्छन्। उनी आफ्नो दलसँग आबद्ध संघका पदाधिकारीहरूलाई आफ्नो शिविरमा ल्याउने मात्र होइन, विगतमा एमालेसँग रहेको आफ्नो सम्बन्धलाई अत्यधिक प्रयोग गरिरहेको विज्ञहरू बताउँछन्।

२०५९ सालमा एनओसीको कोठे चुनावको विरोध गर्दै राष्ट्रिय खेलकुद परिषद्ले त्यति बेला एनओसीको गतिविधिमाथि प्रतिबन्ध लगाएपछि आठ वर्षको अन्तरालमा पहिलोपल्ट एनओसीको चुनाव खुलेर हुन लागेको हो। चुनावको नतिजा आफ्नो पक्षमा पार्न राणा र प्रधानबीच आपसी दाउपेच पनि सुरु भइसकेको छ। राणा अहिले चुनावको तिथि सार्ने अभियानमा लागेका छन् भने प्रधान मंगलवार नै चुनाव सम्पन्न गराउन कम्मर कसेर लागेका छन्। सदस्य-सचिव जीवनरामसँगको गठबन्धनका कारण यो साताभित्रै चुनाव सम्पन्न भएको खण्डमा चुनावको नतिजा प्रधानतर्फ जाने ओलम्पिक कमिटीको चुनावलाई नजिकबाट नियालिरहेका विश्लेषकहरू बताउँछन्। उनीहरू पूर्व सदस्य-सचिव किशोरबहादुर सिंह चुनावी मैदानमा उत्रिएको खण्डमा चुनावी नतिजा प्रधानको विपक्षमा जाने कुरालाई पनि नकार्दैनन्। यी दुईबीच सहमतिको वातावरण बनाउन एनओसीका केही पदाधिकारीहरू अहिले जोडतोडका साथ लागेका छन्। यसबीच सहमतिको वातावरण बनाउन नेपाल ओलम्पिक कमिटीको बाँसबारीस्थित कार्यालयमा गत सोमवार र मंगलवार राणा र प्रधानसहित एनओसीका केही पदाधिकारीहरूबीच लगातार दुई दिन वार्ता भए पनि यसले निकास पाउन सकेन। राणा र प्रधानबीचको टकरावले यो वर्ष ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)को कमिसनमा पाउने दुईवटा महत्त्वपूर्ण पदमध्ये नेपालले एउटा पद गुमाउने लगभग निश्चित छ। आगामी वैशाखमा ओसिएको कमिसनको चुनाव हुँदै छ भने नेपालले पाउने पक्कापक्की भइसकेको दुईवटा पदका लागि सुरुमै राणा र प्रधानको नाम प्रस्ताव गरेर पठाइसकेको छ। यो पद उम्कन नदिन कार्यसमितिका केही पदाधिकारी एनओसीको चुनावलाई सहमतिमा टुंग्याउने अभियानमा लागे पनि उनीहरू सफल हुन सकिरहेका छैनन्। 'हामी सहमति बनाउन खोजिरहेका छौं। दुवैजना प्रतिद्वन्दितामा उत्रिए भने ओसिएमा पाउने दुइटामध्ये एउटा पद गुमाउनेछौं, जुन हाम्रा लागि ठूलो क्षति हो', एनओसीको कार्यकारी समितिमा रहेका भलिबलका अध्यक्ष गंगा थापा मगरले *समय*सँग भने।

यसैबीच गणतान्त्रिक खेलकुद संगठनले संघहरूको चुनाव नभइसकेको स्थितिमा एनओसीको चुनावमा भाग लिन नमिल्ने तर्क अघि सार्दै चुनाव भएको खण्डमा आफूहरूले ओलम्पिक कमिटीको कार्यालयमा ताला लगाउने बताइसकेको छ।

विगतमा एनओसीमा जारी विवाद समाप्त पार्न अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले फागुनको अन्तिम साता चुनाव सम्पन्न गरिसक्नु पर्ने बाध्यात्मक निर्देशन दिए पनि यो चुनावलाई एनओसीमा हाल प्रतिनिधित्व गरिरहेका कार्यसमितिका धेरै सदस्यहरूले 'डेमोक्रचाट' सिध्याउने षड्यन्त्रको रुपमा लिएका छन्। उनीहरू 'डेमोक्रचाट'हरूलाई एनओसीबाट बाहिर खेद्ने योजनाअनुरूप यसपल्टको चुनाव महासचिव प्रधानको पहलले षड्यन्त्रमूलक ढंगले छिटो हुन लागेको दाबी गर्छन्। 'यो चुनाव राजावादी र एमालेबीचको अप्राकृतिक गठबन्धनको उपज हो', नेपाल ओलम्पिक कमिटीका सदस्य तथा ह्यान्डबलका महासचिव प्रसन्नमान श्रेष्ठले *समय*सँग भने। उनी चुनावको विषयलाई लिएर हालसम्म साधारण सभा नबसेको बताउँदै भन्छन्, 'चुनावजस्तो गम्भीर विषयमा साधारणसभामा छलफल नै नहुनु भनेको के हो ? यो सबै ओलम्पिक कमिटी कब्जा गर्ने अभियानअन्तर्गत हुन लागेको खेल हो।'

तर, प्रधान यस कुराको खण्डन गर्छन्। उनी अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले पठाएको पत्र सबैलाई बुझ्न आग्रह गर्छन्। 'यो मैले गराउँदैमा हुने चुनाव होइन', उनी भन्छन्।

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले एनओसीको पहिलेको चुनावी प्रक्रियालाई अमान्य ठहर गर्दै एनओसीको चार्टरमा रहेका २४ वटा संघलाई मात्र मतदान गर्ने अधिकार प्रत्यायोजन गरेको छ। यसअघि एनओसीले चुनाव गर्दा कार्यसमितिका सदस्यहरूलाई पनि समावेश गर्ने नियम थियो। 'पहिलेको मतदानबाट समस्या आएको देखेपछि आइओसीले यसपालि संघहरूमा मात्र मताधिकार प्रयोग गर्ने अधिकारसहितको निर्देशन पठाएको हो', महासचिव प्रधान भन्छन्। आइओसीले चुनावमा ११ सदस्यीय कमिटी बनाउने निर्देशन दिएको छ, जुन पहिलेको तुलनामा आधा हो। आइओसीको निर्देशनअनुसार चुनाव भएको खण्डमा अहिलेको ओलम्पिक कमिटीको संरचनामा ठूलो परिवर्तन

देखा पर्नेछ। पुराना कमिटीमा रहेका आठजना सदस्यहरूले मात्र नयाँ कमिटीमा प्रतिनिधित्व गर्न पाउनेछन् भने १६ नयाँ अनुहार ओलम्पिक कमिटीमा भित्रिनेछन्। यो चुनावले पनि पहिलेजस्तै नेपाल ओलम्पिक कमिटी र राष्ट्रिय खेलकुद परिषद् (राखेप)बीचको तनावपूर्ण स्थिति यथावत् रहने पक्का देखिन्छ। किनभने अहिले ओलम्पिक कमिटीमा प्रतिनिधित्व गरेर जाने १५ वटा संघहरू तदर्थ कमिटीको रुपमा कार्यरत छन्। यसमा पनि चुनावमा भाग लिइरहेका केही संघहरूको कार्यसमितिको नाम हालसम्म सार्वजनिक हुन सकेको छैन।

'हामीले तत्कालै चुनाव हुँदैन भन्नुको कारण पनि यही हो। यहाँ धेरै प्राविधिक अप्ठ्यारा छन्। यसलाई नसुल्झाई पुनः चुनावमा गइयो भने फेरि पुरानै घाउ बल्झिनेछ', राणा भन्छन्। उनले विगतमा चुनावी प्रक्रिया पूरा नगर्दा थुप्रै समस्या झेल्नु परेको र फेरि पनि टालटुलको आधारमा चुनाव गरियो भने गम्भीर समस्या आउने बताए। उनले आइओसीले पनि मार्गचित्रविपरीत काम गरेको भन्दै प्रतिप्रश्न गरे, 'आइओसीले अध्यक्ष र महासचिवलाई मात्र मान्यता दिएको भनेर नाम पठाएको छ। यसमा कति संघ यस्ता छन्, जसको समग्र अंग नै थाहा छैन। यसस्थितिमा कसरी चाँडै चुनाव हुन्छ?' उनले चुनाव केही साताका लागि चुनाव लम्ब्याउन आइओसी र ओसिएमा ठूलै हस्तीलाई पठाएको बताए। ■

## अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले मान्यता दिएका संघहरू र चुनावमा भाग लिन पाउने पदाधिकारी

पौडी- प्रदीपशम्शेर राणा (अध्यक्ष), अशोक बज्राचार्य (महासचिव)
आर्चरी- राजु गुरुङ (अध्यक्ष), राजनमान श्रेष्ठ (महासचिव)
एथ्लेटिक्स- रुक्मशम्सेर राणा (अध्यक्ष), रवि राजकर्णिकार (महासचिव)
ब्याडमिन्टन- प्रकाशबहादुर शाही (अध्यक्ष), नरेशबहादुर सिंह (महासचिव)
बास्केटबल- कुलदीपसिंह राठौर (अध्यक्ष), महेन्द्रमान शाक्य (महासचिव)
बक्सिङ- रविराज थापा (अध्यक्ष), राजीव श्रेष्ठ (महासचिव)
क्यानोइङ- राजेन्द्र बान्तवा (अध्यक्ष), कुमार रानाभाट (महासचिव)
साइक्लिङ- छिमि उर्गेन गुरुङ (अध्यक्ष), संजीवकुमार पाण्डे (महासचिव)
फुटबल- गणेश थापा (अध्यक्ष), नरेन्द्र श्रेष्ठ (महासचिव)
जिन्म्यास्टिक- ध्रुवबहादुर प्रधान (अध्यक्ष), उमेश श्रेष्ठ (महासचिव)
ह्यान्डबल- निरक केसी (अध्यक्ष), प्रसन्नमान श्रेष्ठ (महासचिव)
हकी - उमेशलाल श्रेष्ठ (अध्यक्ष), अनिल शर्मा (महासचिव)
जुडो- दीपकहर्ष बज्राचार्य (अध्यक्ष), अम्बिकाबहादुर क्षेत्री(महासचिव)
सुटिङ- पुष्पदास श्रेष्ठ (अध्यक्ष), कविरजंग राणा (महासचिव)
टेबल टेनिस- वाइपी लोहनी (अध्यक्ष), कमल चित्रकार (महासचिव)
तेक्वान्दो- रुक्मशम्शेर राणा (अध्यक्ष), दीपराज गुरुङ (महासचिव)
टेनिस- एसके सिंह (अध्यक्ष), रामजी थापा (महासचिव)
ट्रायाथोलन- विश्वशंकर पालिखे (अध्यक्ष), हुमेश रिमाल (महासचिव)
भलिबल- गंगाबहादुर थापा मगर (अध्यक्ष), जगतमान श्रेष्ठ (महासचिव)
भारोत्तोलन- बद्री श्रेष्ठ (अध्यक्ष), पार्थसारथी सेनगुप्ता (महासचिव)
कुस्ती - युनुस अन्सारी (अध्यक्ष), विद्यासागर पोखरेल (महासचिव)

### नन ओलम्पिक फेडरेसनबाट

कबड्डी - सुनिल राजकर्णिकार (अध्यक्ष), सोनी राजकर्णिकार (महासचिव)
कराँते - थानेश्वर राई (अध्यक्ष), आनन्द लामा (महासचिव)
उसु- शीतकर राजभण्डारी (अध्यक्ष)






सुदर्शन रञ्जित

# श्रीस्टारको पोल्टामा

**आहा गोल्डकपको चौथो संस्करण उचालेको अफ्रिकन युनाइटेड टिम यसपालि सेमिफाइनलमा मनाङसँगै पराजित भयो । आयोजक सहारा क्लब पहिलोपल्ट आहा गोल्डकपको सेमिफाइनलसम्म पुग्यो ।**

| | |
|---|---|
| विजेताः | श्रीस्टार |
| उपविजेताः | मनाङमर्स्याङ्दी |
| वेष्ट प्लेयरः | प्रदीप महर्जन |
| फेयर टिमः | सहारा युके |
| सर्वाधिक गोलकर्ताः | नरुद्दिन सलाउ (मनाङ) र राजन अधिकारी (सहारा) ३/३ गोल |

**काठमाडौंमा** भइरहेको सहिद स्मारक सानमिगेल लिगमा सन्तोषजनक प्रदर्शन गर्न नसकी पोखरा आइपुगेको पूर्व लिग च्याम्पियन श्रीस्टार क्लबले यहाँको प्रतिष्ठित आहा गोल्डकपको उपाधि पहिलोपल्ट चुमेको छ । दुईपल्ट यही प्रतियोगिताको अघिल्लो संस्करण जितेको मनाङ मर्स्याङ्दी क्लबलाई 'सडेन डेथ'को आधारमा गत शनिवार (फागुन १९ गते) पोखरा रंगशालामा ५-४ गोलले पराजित गरेपछि आहा गोल्डकपको पाँचौं संस्करण श्रीस्टारले आफ्नो पोल्टोमा पार्न सफल भयो ।


'यो विजय हाम्रो लागि नयाँ सुरुवात हो । हामी पूरै प्रतियोगिता अवधिभर जितको सही हकदार थियौं । सायद लिगको प्रदर्शनले पनि खेलाडीहरूमा सुधारको वातावरण तयार भएको हो कि', प्रशिक्षकको रुपमा पहिलोपल्ट श्रीस्टारलाई उपाधि जिताएका बालगोपाल महर्जनले समयलाई प्रतिक्रिया दिए । काठमाडौंमा जारी सहिद स्मारक सानमिगेल लिगको उपाधिका लागि सेनाको त्रिभुवन आर्मी र महेन्द्र पुलिस क्लबबीच अन्तिम भिडन्त हुने तय भइसकेको स्थितिमा श्रीस्टार क्लब लिगको तेस्रो स्थानमा बस्दै उपाधिबाट बाहिरिसकेको छ । गत वर्ष आहा गोल्डकपको फाइनलमा पुगेको महेन्द्र पुलिस क्लब र यो सिजन लिगमा अकल्पनीय प्रदर्शन गरेको त्रिभुवन आर्मी क्लबको अनुपस्थितिमा फाइनल पुगेका श्रीस्टार र मनाङका लागि यो वर्ष उपाधि जित्न त्यति सजिलो भने भएन । निर्धारित ९० मिनेट र थप समयमा दुवै टोलीबाट बराबरी १/१ गोलमा खेल टुंगिएपछि टाइब्रेकरको खेल पनि ४/४ गोलको बराबरीमा सकिएको थियो । 'सडेन डेथ'मा युवा मिडफिल्डर विजय गुरुङले हानेको प्रहार गोलमा परिणत भएपछि श्रीस्टार लामो समयदेखि आफ्नो क्लबमा सिल्ड भित्र्याउने अभियानमा सफल भयो ।

यो सफलतासँगै श्रीस्टारले एक लाख नगद पनि जितेको छ । त्यस्तै उपविजेता मनाङले ५० हजार नगदमा चित्त बुझाउनु पऱ्यो । 'अति आत्मविश्वासी बन्दा नतिजा हाम्रो विपक्षमा रह्यो । फेरि चार खेलाडी घाइते हुनु पनि हाम्रो लागि दुर्भाग्य सावित भयो', तेस्रोपल्ट उपाधि जित्ने अभियानमा रहे पनि फाइनलमा श्रीस्टारलाई ट्रफी सुम्पनुको कारण विश्लेषण गर्दै मनाङ प्रशिक्षक छिरिङ लोप्साङले प्रतिक्रिया दिए ।

'सडेन डेथ'मा मनाङका भरपर्दा रक्षक नाइजेरियाका माइकल बासेले पेनाल्टीको अवसर खेर फालेपछि मनाङको उपाधि चुम्ने सपना भताभुंग भएको थियो । फाइनलमा निर्धारित समयभित्र १/१ गोलले बराबरीमा रहेका यी टोलीले लिगको पहिलो चरणको प्रतिस्पर्धामा पनि १/१ गोलको बराबरीमै खेलेका थिए । सहारा क्लबले यसपालि प्रतियोगितामा आर्मी र पुलिस टिमलाई उतार्न नसके पनि नयाँ आकर्षणको रुपमा बेलायती खेलाडीहरूको टोली उतारेको थियो । पोहर आहा गोल्डकपको चौथो संस्करण उचालेको अफ्रिकन युनाइटेड टिम यसपालि सेमिफाइनलमा मनाङसँगै पराजित भयो । आयोजक सहारा क्लब पहिलोपल्ट आहा गोल्डकपको सेमिफाइनलसम्म पुग्यो । स्थानीय युवा खेलाडीहरूले भरिएको सहारा क्लबले क्वाटरफाइनलमा काठमाडौंको ए डिभिजन फ्रेन्ड्स क्लबलाई ३-० गोलको फराकिलो अन्तरले पराजित गऱ्यो ।

■ **केशवशरण लामिछाने/पोखरा**

# अमेरिका गाइड




केही दिनको लागि अमेरिका यात्रामा निस्कँदा खानपान, यातायातदेखि किनमेलसम्म कसरी गर्ने भन्ने जानकारी उल्लेख गरिएको छ, जसले गर्दा नवआगन्तुकलाई नयाँ ठाउँमा घुलमिल हुने प्रशस्त आधार प्राप्त हुन्छ ।

**अहिले विश्वका** हरेक कुनाका मानिसको लागि अमेरिका सपनाको संसार भएको छ । आफ्नो क्यारिअर बनाउन कुन मुलुक जाने ? आम मानिसको उत्तर हुन्छ, अमेरिका । विगत एक दशकदेखि अमेरिकाले आफ्नो मुलुकलाई बहुसंस्कृतिको संगमस्थल बनाउने अवधारणा सार्वजनिक गरी सुरुमा डिभी र पछि इ-डिभीमार्फत विश्वभरका मानिसको लागि ढोका खोलेपछि वास्तवमै अमेरिका बहुलवादी बन्दै गएको छ । एक दशकको अवधिमा अमेरिका प्रवेश गर्ने नेपालीहरूको संख्या धेरै नै बढेको छ ।

हाम्रो जस्तो मुलुकमा हुर्केको मानिस अमेरिका गएर घुलमिल हुन केही समय अवश्य लाग्छ । तर, अमेरिका भित्रिनुभन्दा पहिले त्यहाँका आर्थिक, सामाजिक, सांस्कृतिकलगायत विभिन्न पक्षको बारेमा आवश्यक जानकारी नहुँदा अनेक सास्ती पनि व्यहोर्नु पर्ने अवस्था लाइलाग्न सक्छ । सरकारी जागिरेको हैसियतमा अमेरिकास्थित नेपाली राजदूतावासमा केही समय काम गर्ने मौका पाएका नियात्राकार जय छाङ्छाले अमेरिकाको सम्पूर्ण पक्ष समेटिएको अत्यन्त उपयोगी किताब बाहिर ल्याएका छन्, जसको नाम छ - अमेरिका यात्रा, अध्ययन र इलम ।


छाङ्छाले आफ्नो किताबलाई तीन भागमा बाँडेका छन्, जसअनुसार पहिलोमा अमेरिका यात्रा, दोस्रोमा अमेरिकामा छोटो बसाइ, तेस्रोमा अमेरिकामा लामो बसाइ रहेको छ ।

मनमस्तिष्क छुने नियात्राका स्थापित सर्जक छाङ्छाले अत्यन्तै सरल शब्दमा अमेरिकाबारे प्रशस्त जानकारी र आफ्ना अनुभूतिहरू पस्केका छन् । किन पनि किताब रमाइलो छ भने उनले पहिलो भागमा कुन ठाउँमा राहदानी बनाउनेदेखि लिएर कहाँ फोटो खिचाउने र कुन बैंकमा ब्यालेन्स देखाउनु पर्ने लगायत आधारभूत कुरा पनि राखेका छन् । त्यति मात्र कहाँ हो र, भ्रमणका लागि तयार पार्नु पर्ने आवश्यक चीजहरूको पनि फेहरिस्त नै समावेश गरेका छन् ।

केही दिनको लागि अमेरिका यात्रामा निस्कँदा खानपान, यातायातदेखि किनमेलसम्म कसरी गर्ने भन्ने जानकारी उल्लेख गरिएको छ, जसले गर्दा नवआगन्तुकलाई नयाँ ठाउँमा घुलमिल हुने प्रशस्त आधार प्राप्त हुन्छ । त्यस्तै लामो समय अमेरिका बस्ने हो भने त्यहाँको समाज, रीतिरिवाज र संस्कृतिबारे पहिले नै पर्याप्त जानकारी लिनुपर्ने छाङ्छाको सुझाव छ । उनले लामो बसाइका लागि बैंक खाता, शिक्षण संस्था छनोट, एपार्टमेन्टलगायत विविध जानकारी समेटेका छन् ।

समग्रमा भन्नुपर्दा अमेरिका गएर आफ्नो पढाइ अगाडि बढाउन चाहने वा रोजगारीको अवसर हात पार्न चाहने सबैका लागि यो किताब अत्यन्त उपयोगी छ । अमेरिका जान चाहनेले त यो किताब एकपटक पढ्नै पर्ने हुन्छ । नेपालबाट समेत अमेरिका जाने लहर द्रुतगतिमा बढिरहेका बेला अमेरिकासम्बन्धी उपयोगी किताब प्रकाशन गरेर रत्न पुस्तक भण्डारले पनि राम्रो काम गरेको छ ।

■ छत्र कार्की



किताब : बाँच्ने आशाहरू
विधा : उपन्यास
लेखक : ज्ञानकुमार कट्टेल 'नेचाली'
पृष्ठ : ९०
मूल्य : रु ५०।-
प्रकाशक : आफैं




किताब : दुख्छ
विधा : गजल संग्रह
कवि : लीला अनमोल
पृष्ठ : ८४
मूल्य : रु ६०।-
प्रकाशक : नियात्रा प्रकाशन




किताब : रामायण परम्परा, मान्यता र विश्लेषण
लेखक : देवेन्द्र अर्याल 'आँसु'
पृष्ठ : १२५
मूल्य : रु १००।-
प्रकाशक : दायित्व वाङ्मय प्रतिष्ठान



किताब : दुई खोलीको मुहान
विधा : गीत
कवि : विष्णुप्रसाद पौडेल
पृष्ठ : ५५
मूल्य : रु ७५।-
प्रकाशक : सूर्य गुरुङ

# जन्मदिनको उपहार

■ कुमार नगरकोटी



आफू पचास वर्ष पुगेको अवसर पारी मैले आफ्नो जन्मदिन मनाउने विचार गरें। यस अर्धशताब्दीको आयुमा मैले कहिल्यै आफ्नो जन्मदिन मनाएको थिइनँ। मैले चिनेका प्रियजन आफन्त सबैलाई निमन्त्रणा गरें।

त्यो जन्मदिनको पार्टी कलात्मक रुपमै भव्य भइदियो। सहरका लोकप्रिय अलोकप्रिय कवि, लेखक, कलाकार एवं सामाजिक हैसियत भएका भलाद्मी एवं स्त्रीहरूको एउटा संगीतज्ञको जन्मदिन बडो हर्षोल्लासका साथ मनाए। मलाई आनन्द लाग्यो।

पार्टीको साँझ ज्यादै व्यस्त भए -

फोटोग्राफरहरूको असन्तुलित भीड थियो। नगरप्रमुखकी रहरलाग्दी पत्नीसहित बसेर मैले तीनवटा फोटो खिचाउनु पर्‍यो। पत्रकारहरूले मैले सृजना गरेको संगीतबारे लामो चर्चा गरे। मेरो घरको बगैंचा रंगीविरंगी बत्तीहरूको कारणले शोभामय भइदिएको थियो। मानिसहरूको चहलपहल मध्यरातसम्म भइरह्यो।

धेरै पिएर कोही मातेनन् बर्बराएनन्। मैले धेरै शुभकामना पत्रहरू पाएँ। धेरैले मेरो लामो आयु एवं स्वास्थ्यको हार्दिक कामना गरे। पुष्पगुच्छा र ताजा बुकीहरूले मलाई आफ्नो जवानीको सम्झना गराए।

सबै भलाद्मी एवं महिलाहरूको अनुहारमा जीवन एवं प्रेमको कान्ति छाएको थियो। हाँसो एवं चराको ध्वनिझैं शब्द गुञ्जनले गर्दा पार्टी आनन्दलोकमा अनूदित भएको महसुस गरें।

एउटी नाम चलेकी अभिनेत्रीले मेरो गालामा हल्का चुम्बन गर्दै मेरो सुखद जीवनको कामना गरी। एउटा पुड्के कविले तत्काल एउटा कविता रचेर श्रोतालाई सुनाइदियो। मानिसहरूमाझ म भ्याम्मिएँ। एउटा मुग्धकारी साँझ चारै दिशा फैलदै गयो। सबैले उपहार दिए। उपहारको त्यस्तो कोलाजमय संग्रहले म लज्जित पनि भएँ।

संगीतज्ञज्यू, यो स्वर्ण जन्म दिन मनाउन पाउँदा तपाईं कस्तो आनन्दको महसुस गरिरहनु भएको छ? एउटा तालु खुइले चिकित्सकले सोध्यो।

मैले भन्नु पर्‍यो -

वास्तवमा म एक्स्ट्रा उमेर बाँचिरहेको छु। पचास वर्षसम्म म बाँचुला जस्तो मलाई लागेको थिएन। मेरो अनुमान यस्तै चालीस वर्षसम्मको थियो। एउटा ज्योतिषले मेरो बाल्यकालमा त्यस्तै भविष्यवाणी गरेको थियो। उनी अब यस लफडादायक दुनियाँमा रहेनन्। ईश्वरले उनको आत्मालाई शान्ति दिऊन्। त्यसैले प्रियजनहरू म एक्स्ट्रा वर्ष बाँचिरहेछु। यसरी बाँच्नु गजबै हुँदो रहेछ।

मेरो जवाफ सुनेर सबै भलाद्मीहरू आनन्दपूर्वक हाँसे र सबैले कोरस स्वरमा कामना गर्दै चिच्याए :

तपाईं हजार वर्ष एक्स्ट्रा बाँच्नुस्...।

मलाई खुसी लाग्यो। यसैगरी चलिरह्यो।

केही ढिलो गरी एकजना आगन्तुक मूलद्वारबाट हतारिँदै प्रवेश गरेको मैले देखें। ऊ सायद भीडमा मलाई खोजिरहेथ्यो। मैले उसलाई चिन्न ठम्याउन सकिनँ। अनौपचारिक भेषभुषामा ऊ पार्टी बगैंचामा प्रवेश गरेको थियो। म उसका सामु गएँ। उसको किराँती अनुहारमा आँखा कतै भित्र गढेका थिए। दुब्लो थियो मान्छे। उसको हरियो रंगको कमिजबाट केही टाँक गायब भएका थिए। रातो प्यान्टमा अनेक क्रिज थिए। पहेँलो रंगको कागजको टोप लगाएको थियो। हडबडाउँदै त्यो अद्भुत रंगीचंगी मानिसले मसित हात मिलायो। उसको हात बरफको ढिक्काझैं चिसो थियो।

- तपाईंलाई जन्मदिनको शुभकामना। उसले भन्यो।

- धन्यवाद। आउनुस्/बस्नुस् न। केही पेय लिनुस् र शरीर न्यानो पार्नुस्। तपाईं चिसो भइसक्नु भएको छ। मैले भनें।

- तपाईंलाई धेरै धन्यवाद! शरीर मात्र चिसो हो मेरो। तर मेरो आत्मा न्यानो छ ...।

उसको कुराले मेरो आत्मालाई छोइदियो। खल्तीबाट एउटा रंगीविरंगी कागज बेरिएको प्याकेट दिँदै उसले पुनः मलाई मेरो जन्मदिनको कामना गर्‍यो। मध्यराततिर सबै बिदा भई गए।

बैठक कोठामा मैले उपहारहरू खोली हेरें। प्रायः सबैले एकै खालका उपहार दिएका रहेछन्। बाँकी उपहार सामग्रीहरू खोल्न मन लागेन। कुर्सीबाट उठ्नै लाग्दा नखोलिएका बट्टाहरूमाझ आधा भाग देखिएको उपहार सामग्रीमा मेरो नजर अनायास पर्‍यो। बट्टा सानै भए पनि गह्रुंगो थियो। कागजहरू हटाइदिएँ। मेरो हातमा अब तपाईं चम्किरहेको चाँदीको सानो बाकस देख्न सक्नुहुन्थ्यो। पर्सियाली चित्रहरू कुँदिएको बाकसमा एउटा सानो ढकनी थियो। त्यसभित्र के होला भन्ने खुलदुलीले मलाई असंयम र अधैर्य पार्दै थियो। ढकनी विस्तारै खोलिदिए। त्यहाँ मैले जे देखें त्यसले मलाई भयभीत एवं चकित पारिदियो।

चाँदीको त्यो कलात्मक सानो बाकसभित्र एउटा क्याटरपिलर झुसिलकिरा देख्न सकिन्थ्यो। त्यो अत्यासलाग्दो कुरूप जीव नचल्मलाई निद्रामग्न थियो। पछि त्यसलाई सुत्ने कोठामा आफूसितै लिएर आएँ। सिसाकलमवको टुप्पोले त्यसलाई विस्तारै घोटें। जीव चलमलायो।

त्यो बाँकी रहेको फुटकर रातमा म निदाउन सक्ने अवस्थामा रहिनँ। जन्मदिनको उपहारमा कसैले चाँदीको कलात्मक बाकसमा झुसिलकिरा उपहार दिँदो हो! मैले बरफको ढिक्काझैं चिसो मानिसलाई निकै सम्झें, जसको आत्मा न्यानो थियो। पृथ्वीको कुन चिसो प्रदेशबाट त्यो रंगीचंगी मानिस आइपुगेको थियो, मेरो जन्मदिन मनाउन। त्यो अज्ञात किराँती अनुहारलाई त्यसअघि मैले कहाँ देखेको थिएँ? त्यो मानिस जो स्वयं झुसिलकिराझैं प्रतीत हुन्थ्यो। को थियो त्यो अनौपचारिक फकिर, जो सुफियाना अन्दाजका साथ मलाई शुभकामना दिन आएको थियो?

जेहोस् मेरो जन्मदिनको त्यो एक अविस्मरणीय

उपहार थियो त्यो भुसिलकिरो .... ।

मेरा आगामी दिनहरू केही पूर्वसंकेतहरू लिई मसमक्ष उपस्थित भए । ती दिनहरूमा म जंगलतिर जान थालेँ । जंगलमा वनस्पतिका कोमल पातहरू खोज्न थालेँ । ती हरिया पात मैले चाँदीको सानो बाकसमा राखिदिन थालेँ ।

भुसिलकिरा पालहरूमा सलबलाउन थाल्यो । विस्तारै विस्तारै घस्रँदै चलमलाउन थाल्यो । दिनप्रतिदिन त्यो जीव विकसित हुँदै गयो र म उसको परिवर्तित रूपाकार एउटा मेटाफोर्सिस अर्थात् कायाकल्पलाई अनुभूत गर्दै गएँ । एउटा सुन्दरतम घटनाको साक्षी बसेँ । मैले यहाँहरूसमक्ष भन्नै पर्छ कि ती दिन एवं त्यसका आगामी केही कालहरू मेरो जीवनकै सुन्दरतम दिनहरू थिए ।

भुसिलकिरा अन्ततः भुसिलकिरा रहेन । उसमा स्फटिकको चिल्लोपन आयो । त्यस्तो भद्दा/कुरुप देहमा पातभैँ पालुवाहरू देखा परे । कोमल/कोमल प्वाँखहरू विस्तारै उसको आङमा उम्रँदै गरेको/पलाउँदै गरेको हेर्न थाले । गुलाफका पत्रहरूभैँ ती प्वाखहरू अविश्वसनीय ढंगले सुन्दर देखिए ... ।

'नो म्यान्स ल्यान्ड'को नागरिकभैँ सीमातीत समयातीत आनन्द प्लस मस्तीमा मेरो अस्तित्व मस्तसित अमेजन/नाइल वा बूढी गण्डकीभैँ बगिरहेको थियो । स्मृतिका ग्रेम-यार्डमा नयाँ घास एवं फूलहरू उम्रिरहेका थिए । अन्डा फुटेर त्यसबाट चलमलाउँदै कुनै हाँसको बच्चा वा गोहीको बच्चा बाहिर निस्कँदै गएको देख्नुभएको छ भने सम्भवतः तपाईं मेरो आनन्दको महसुस गर्नुहुनेछ ।

एउटा सुन्दर बिहानको एक अद्भुत घटना घट्यो । चाँदीको कलात्मक बाकसबाट एउटा पुतली विस्तारै बाहिर निस्क्यो । अनि, हेर्दाहेर्दै कोठाभरि जथाभावी उड्न थाल्यो । उड्नुको मस्तीमा ऊ कहिले पर्दामा गई बस्थ्यो/कहिले पियानोमा कहिले मेरो ओभरकोटमा त कहिले ट्वाइलेटको कमोडमा । म हेरी बसेँ । उड्दै पुतली मेरो वरपर घुम्न थाल्यो । मैले हात दिएँ र पुतली मेरो उदांगो हत्केलामा प्वाँख फैलाई बस्यो । सेतो भुवादार प्वाँखमा कालो गोलाकार बुट्टाको असीम सौन्दर्यले मेरो आत्मालाई स्पर्श गरिदियो । पुतली त्यसपछि मेरो मंगोल अनुहार वरपर/छातीवरपर घुम्न थाल्यो र अन्ततः मेरो कोठामा आई थपक्क विश्राम लियो । त्यो एक अलौकिक सुख थियो । तपाईंलाई थाहा भएकै कुरा हो : यस लौकिक जगत्मा ज्यादै कम अलौकिक सुखहरू भेटिने गर्छन् ।

भनिरहनु नपर्ला त्यसै दिन मैले पियानोमा एउटा नयाँ धुन/संगीतको रचना गरेँ । पुतली किबोर्ड वरपर नृत्य गर्दा मैले जीवको रहस्यलाई अलिकति चलाइदिएँ । त्यो संगीतको लिपिलाई डायरीको पानामा स्केच गरेँ र शीर्षक दिएँ : अ बटरफ्लाई किस ।

एक दिन त्यो पुतली मेरो कोठाबाट अनायस गायब भयो । आकाशतर्फको उसको सुरुचिपूर्ण उडानलाई मैले कसैगरी रोक्नै सकिनँ । त्यो पुतली कहिल्यै फर्केर आएन ।

यिनै दिनहरूमा म विरामी भएँ । मेरो परम्परागत स्वास्थ्य दिनप्रतिदिन कुनै प्रमाणिक कारणविना बिग्रँदै गयो । कुनै लोकप्रिय रोगविना नै म मर्दै थिएँ । मेरो एक्स्ट्रा उमेर/आयु क्रमशः समाप्त हुँदै गइरहेको मलाई संक्षिप्त आभास हुन थाल्यो । चिकित्सकहरूले मेरो रोगबारे भरपर्दो जानकारी दिन सकेनन् ।

त्यसपछि प्रायः म ओछ्यानमा ढलिरहेको हुन्थेँ अनि खुला/उदांगो भ्यालतिर मेरा आँखाहरू जमेका हुन्थे । कुनै ठूलो भरीमा मृत्यु सर्वांग भिजी मेरो ढोकामा ढकढक्याउन आउनेछ भनी म प्रतीक्षा गर्न थालेँ । तर मृत्यु प्लस पुतली दुवै आएनन् ।

एक रात मलाई हृदयघात भयो । आँखा उघार्दा आफूलाई अस्पतालको ओछ्यानमा फेला पार्दा म दुःखी भएँ । कोठाभरि फैलिएको औषधीय गन्धले मलाई बान्ता आउला जस्तै बनायो । चिकित्सहरूलाई भने :

कृपया मलाई घर जान दिनुहोस् र यो औषधी गन्हाउने कोठामा म मर्न चाहदिनँ । म आफ्नै ओछ्यानमा सकुशल मर्न चाहन्छु ..........

मेरो ओछ्यान डेथ बेडमा अनुवाद भएको थियो - मैले आफ्नो निजी वकिललाई बोलाएर मेरो मृत्युपश्चात् गर्नुपर्ने कामबारे उसलाई सहर्ष सुनाएँ । आफ्नो सम्पूर्ण सम्पत्ति मैले कला संग्रहालयको नाममा गरिदिएँ । आफ्नो इच्छापत्र वा कबुलनामामा मैले आफ्नो प्राइभेट हस्ताक्षर/दस्तखत गरेँ । आफ्नो सम्पूर्ण ऐश्वर्य/सम्पत्ति कला संग्रहालयको नाममा ट्रान्सफर गर्दा मेरा औंलाहरू अलिकति पनि कामेनन् । बडो खुसी लाग्यो ।

आफ्नो इच्छापत्रमा मैले बगैंचामा भुसिलकिरा फलियोस् र सबै भुसिलकिराको राम्रो हेरचाह/बन्दोबस्त होस् भनी उल्लेख गरेँ । सम्पूर्ण भुसिलकिराहरू एक दिन पुतली बनून् भन्ने मेरो इच्छा वकिललाई बेतुकको अर्थहीन लाग्नु स्वभाविककै थियो । सोध्यो, किन भुसिलकिरा ?

मैले उसलाई बताउनु पर्‍यो :

भुसिलकिराको प्रसंगले मेरो जीवनमा कसरी प्रभाव पारेको छ । यसबारे तपाईं अनभिज्ञ हुनुहुन्छ । वकिलज्यू, क्याटपिलर अर्थात् तपाईं शब्दमा भुस भएको भुसिलकिरा एउटा सुन्दर सम्भावना हो । त्यस्तो कुरुप भुसिलकिरा कसरी त्यस्तो सम्मोहनकारी पुतली बन्दो हो भनी तपाईं कल्पना गर्नु हुँदो हो सायद, सम्पूर्ण अस्तित्वको/प्रकृतिको जादु यसैमा लुकेको छ । मैले भुसिलकिराको कष्टदायक यात्रा देखेको छु /अनुभव गरेको छु ।

मनुष्य पनि भुसिलकिरा समान हो । ऊसित पनि अथाह र असीमित सम्भावना छन् । चेतनको उच्चतम उडान भर्न सक्ने मनुष्यलाई मैले भुसिलकिराभैँ सीमित भई मरेको देखेको छु । पुतलीको उडान स्वतन्त्र/चेतनाको उडान हो । कुन्नि कसले भनेको कुरा अहिले याद आइरहेको छ, वकिलज्यू । भन्थ्यो,आइ वाज बर्न इन्टेलिजेन्ट बट माइ माइन्ड डिस्ट्रोयड मी । भुसिलकिरा प्लस मानिसको मेटाफोर्सिस अर्थात् कायाकल्पको कथा एउटै हो । प्रिय वकिलज्यू, हरेक भुसिलकिरामा सुन्दर अज्ञात पुतली लुकेको हुन्छ ... ।

वकिल गइसकेपछि त्यो रात म पुनः एक्लो भएँ । एक्लो थिएँ तर त्यस रातको एक्लोपन बडो खल्लो थियो, मेरो लौकिक देक क्रमशः चिसिदै थियो, म बरफको ढिक्कामा रुपान्तरण हुँदै थिएँ ।

म सूचनाविना मर्दै थिएँ । मेरो स्मृति/चेतना विस्तारै मेरो ज्ञानेन्द्रियको केन्द्रीय गुरुत्वबाट बिलाउँदै/भष्म हुँदै थिए । त्यसै बखत, मेरो उदांगो ढोकामा मृत्यु शरीर देखा पर्‍यो । आफ्नो धमिलिँदै गएको चेतनाले उसलाई हेरेँ, मृत्युले पहेलो रंगको कागजको टोप लगाएको थियो ।

- म फेरि एकपटक तिमीकहाँ आइपुगेँ । उसले भन्यो ।

- मैले तिमीलाई धेरै चिन्ने/पहिल्याने प्रयास गरेको थिएँ, तर कहिल्यै चिन्न सकिनँ । माफ गर । तिमी मेरो पार्टीमा आएको थियौ होइन ?

- म मृत्यु हुँ ।

- तर तिमी त भयानक चिसो थियौ ।

- तर मेरो आत्मा न्यानो छ । आऊ अंकमाल गरौं । तिमीलाई मेरो उपहार कस्तो लाग्यो ?

- अद्भुत । प्रिय तिमीभैँ अद्भुत .........

त्यसपछि त्यो रात ठिक एक बजेर सत्र मिनेटमा मेरो मृत्यु भयो ।

मेरो शवलाई कफिन बाकसमा खुला राखिएको थियो । एउटा संगीतज्ञको मंगोल अनुहार मृत्युपश्चात् कस्तो देखिदो भनी हेर्न आएका मानिसहरूको कोलाज संग्रह तपाईं त्यहाँ अवश्य देख्न सक्नुहुन्थ्यो ।

कफिन बाकसको ढकनी लगाउनुअघि पादरीले मन्त्रोच्चारण/प्रार्थना गर्‍यो । म धन्य भएँ । पादरीका अनुसार मैले स्वर्गमा एउटा सानो टुक्रा राज्य पाउने भएँ ।

यसै बेला आकाशबाट एउटा श्यामश्वेत पुतली धर्तीमा भर्‍यो । कफिन बाकसवरपर ऊ उदास नृत्य गर्न थाल्यो । केही बेरमै पुतली शवको छातीमा बस्यो । चलमलाएन । पादरीले त्यसलाई बायाँ हातले धपाइदियो । पुतली त्यसपछि पुनः कफिन बाकस भित्र पस्यो र मृतको ओठमा चुपचाप थपक्क बस्यो ।

त्यसै बखत, मैले अ बटरफ्लाई किस नामक संगीतलाई सम्भेँ ... ।

लासको मंगोल ओठमा अवैध चुम्बन गरिरहेको पुतलीलाई पादरीले पहिलेभैँ बायाँ हातले धपाउन खोज्यो । तर, पुतली यसपटक चलमलाउन सकेन । पादरीको हातले त्यसलाई छुन खोज्दा पुतली ढल्यो र मृतकको छातीमा विश्राम लिन पुग्यो ।

वास्तवमा पुतली मसिकेको थियो, कुनै एकादेशको मृत संगीतज्ञका छातीमा ।

अन्तिम मन्त्रोच्चारणपश्चात् पादरीको दिव्य सम्बोधन तपाईंले अवश्य पनि बिर्सनु भएको छैन । उसले भनेको थियो :

-यो मृत श्यामश्वेत पुतलीलाई पनि संगीतज्ञको डेडबडीसित धर्तिमुनि पुरिदेओ ।

त्यसपछि,

कफिन बाकस तयार पारियो । कफिनमा किला, काँटी, बोल्टहरू ठोकिए । अति, प्रियजनहरू पुतली प्लस मेरो शवलाई समाधिस्थलमा सदासदाको निम्ति गाड्न परमात्माको उदास प्रार्थना गराउँदै चिहान पार्कतर्फ क्रमशः लम्किएँ .... ■

# छमछम नाच्दै

**राजधानीभित्र दिनदिनै बढिरहेको लोकगीतको माहोललाई भृकुटीमण्डपमा भइरहेको दोहोरी प्रतियोगिताले झन् बल थपेको छ ।**

दोहोरीप्रेमी दर्शकको भीडले खचाखच भरिएको चौर, नेपाली संस्कृति र शैलीलाई सम्बोधन गर्ने भाका र टुक्का अनि त्यही भाका, टुक्का र लयमा ताल मिलाउँदै छमछम रम्दै गरेका मान्छेहरूको भीड । गत साताभरि यस्तै दैनिकीमै बित्यो, भृकुटीमण्डपको वातावरण । खुला दोहोरीगीत प्रतियोगिताको स्वाद लिन ओइरिएका सर्वसाधारणको उल्लेख्य उपस्थितिले दोहोरीमा भाग लिइरहेका कलाकारहरूलाई झन् उत्साहित बनाएको देखिन्थ्यो ।

माओवादी शान्तिको बाटोमा आएपछिको पहिलो राष्ट्रिय दोहोरीगीत प्रतियोगिताले राजधानीको मुटु भृकुटीमण्डमा ओइरिएका हजारौंको भीडलाई मनोरञ्जन मात्र दिएन, सहरिया युवायुवतीमा रहेको लोकगीतप्रतिको हेराइलाई समेत परिवर्तन गरिदियो । 'विगतमा पाखे बनेको लोकगीतमा अहिलेका युवायुवतीहरूले देखाएको आकर्षणले लोकक्षेत्रमा लागेकालाई समेत हौसला भएको छ', लोकगायक बमबहादुर कार्की स्टेजबाट भन्दै थिए, 'हामीलाई यसैगरी हौसला दिँदै गर्नु ।'

यसपालिको दोहोरीगीत प्रतियोगितामा रंगको चाड होलीले झन् रौनक थप्यो । लोकगीतमा झुम्दै गरेका दर्शकले मञ्चमा गायक-गायिकाबीच चल्दै गरेको दोहोरीसँग नाच्न जीउडाल मिलाएनन्, राताम्य भएका कलाकारहरूसँग होलीको रंगसमेत साटासाट गरे, दर्शकले ।

एक सातादेखि भृकुटीमण्डप मानवमय भएको बनेको छ र यो प्रक्रिया भोलि शनिवार मात्र सकिनेछ । मुलुकमा शान्ति स्थापना भएका बेला संस्कृतिको नेतृत्व गर्ने लोकदोहोरीप्रतिको आकर्षणले दिनदिनै लोकगीतको मजा लिन भृकुटीमण्डप धाउने दर्शकको भीडसमेत बढ्दो छ ।

दोहोरीले तातेको यो माहोलसँगै अहिले भृकुटीमण्डपमा बदामको व्यापार मात्र फस्टाएको छैन, ग्राहकको प्रतीक्षामा टोलाउँदै बसिरहने व्यापारीहरूलाई समेत अहिले फुर्सद छैन, दोहोरीमा रम्दै र व्यापार गर्दै ।

लोकगीतप्रति युवाहरूको बढ्दो मोहका कारण विगतका वर्षहरूमा भन्दा यस वर्षको लोकदोहोरी प्रतियोगिताले सफलता पाएको बताउँछन्, कार्यक्रम संयोजक याम श्रेष्ठ । शान्तिको सास फेरिरहेका नेपालीलाई विगतका वर्षहरूको लोकदोहोरी प्रतियोगिताभन्दा पृथक् भएको छ यसपालि ।

'शान्तिको माहोलसँगै दर्शक र दोहोरी टोलीहरूको सहभागिता पनि बढेको छ । असी हजार दर्शकको सहभागिता रहने हाम्रो अनुमान गलत होला जस्तो छ, मान्छे बढेका बढ्यै छन्', नेपाल लोकदोहोरी संस्कृति व्यवसायी संघका महासचिव तथा कार्यक्रमका संयोजक याम श्रेष्ठ भन्छन् ।

राजधानीभित्र दिनदिनै बढिरहेको लोकगीतको माहोललाई भृकुटीमण्डपमा भइरहेको दोहोरी प्रतियोगिताले झन् बल थपेको छ । देशका ५० वटा दोहोरीसमूहको सहभागिता रहेको दोहोरी प्रतियोगितामा उपस्थित हुने दर्शकको संख्या मात्र बढेको छैन, भृकुटीमण्डपमा घन्किएका गीत सुन्न कान ठाडो पार्दै हिँड्ने बटुवाहरूको संख्या समेत बढेको बताउँछन्, संयोजक याम श्रेष्ठ ।

नेपाल लोकदोहोरी सांस्कृतिक व्यवसायी संघको आयोजनामा टुवोर्ग बियरको प्रस्तुति रहने गरी तीन वर्षअगाडि दसवर्षे सम्झौता भएको थियो । 'गत तीन वर्षको कार्यक्रमको मूल्यांकन गर्ने हो भने यो वर्ष सबैभन्दा सफल देखिएको छ', संयोजक श्रेष्ठ भन्छन् ।

कार्यक्रममा ३ सय लोककलाकारको उपस्थित छ भने नौ दिनसम्म चलेको उक्त कार्यक्रममा एक लाख दर्शकको उपस्थिति हुने जनाइएको छ । प्रतियोगितामा प्रथम हुनेलाई एक लाख नगद पुरस्कार प्रदान गरिनेछ भने क्रमशः द्वितीय, तृतीय र सान्त्वना हुनेलाई ५० हजार, २५ हजार र १० हजारको पुरस्कार प्रदान गरिनेछ । कार्यक्रममा उपस्थित अपांग कलाकारहरूलाई प्रतिव्यक्ति पाँच हजारका दरले नगद पुरस्कार समेत दिइने कार्यक्रमका संयोजक श्रेष्ठले बताएका छन् ।

■ ज्योति देवकोटा/काठमाडौं



दोहोरी गाउँदै युवतीहरू

भास्कर ओझा

# उमेर ९९ भाका १६ वर्षेजस्तो

**९९ वर्षका** वृद्धाले के गीत गाउलान्, धेरैले यसो भन्लान् । तर, नुवाकोटका देवलाल डंगोल उमेर सय टेक्न लागे पनि जोवनका रसिला गीत गाउँछन् । नुवाकोट सामरीका देवलाल गाउँघरमा त गीत गाउँछन् नै, प्रथम नुवाकोट महोत्सव क्रममा सदरमुका विदुर नै आएर उनले सोरठी भाका यसरी घन्काए कि तरुणहरू मारुनी नाच्न थाले । लौरो टेकेर विदुर बजार पसेका यी वृद्ध गायकको तालमा ६ जना युवक-युवती मारुनी नाचेको देखेर हेर्ने-सुन्ने भन्दै थिए, 'बुढ्यौलीमा पनि कति मिठो स्वर ।'

गाउँघरका बिहेबटुला, व्रतबन्ध र भोजभतेरमा गीत गाए पनि औपचारिक कार्यक्रममा पहिलोपल्ट गीत गाएको बताउँछन्, देवलाल । 'यस्ता मञ्च कहाँ पाउनु हाम्रा पालामा, डाँडापाखा, पखेरामा गीत गायो, रमायो', उनी भन्छन् ।

जुँगाका रेखी नबस्दै गीत गाउन थालेका देवलालको जोस अहिले बढेको होला, घटेको छैन । 'बुबाको जोस देख्दा हामी पनि छक्कै पर्छौं', तीस वर्ष कटेका उनका छोरा भरत भन्छन्, 'उहाँको पछि लाग्दालाग्दै म पनि गीत गाउन र नाच्न जान्ने भएको छु ।'

कहिल्यै स्कुल नगएका देवलाल नुवाकोट सामरी क्षेत्रमा गाइने नेवार र मगरमात्र होइन, ब्राह्मण संस्कृतिका गीतहरू पनि मजाले गाउँछन् । सोरठी त भयो नै, असारे, भजन, ठाडोभाका र भ्याउरेमा पनि उनी कम्ता छैनन् । नयाँ पुस्ताले परम्परागत गीतसंगीत भुल्दै गएकोमा चिन्तित देवलालले गाउँघर वरपरका युवालाई पनि आफूले जानेको कला सिकाएका छन् । तर, आधुनिकताको जमानामा परम्परागत संस्कृतिका गानाबजाना सिक्न कम पाएका छन्, उनले ।

'उनको जोसले हामीलाई पनि प्रेरणा मिलेको छ', देवलालका छिमेकी पूर्णमान शाक्य भन्छन्, 'लोप हुनलागेको गीतहरू उहाँबाटै सिकिरहेका छौं ।'

जातले नेवार भए पनि उनी मगर भाषाको सोरठी कसरी यति मिठोसँग भाका हाल्न सक्छन् ? गाउँबाट विस्तारै मगरहरू बसाइँ सर्दै गएकाले गीतसंगीतमा रुचि भएका देवलालले यसलाई निरन्तरता दिएको उनका छिमेकीहरू बताउँछन् । 'अहिले त मगरहरू पनि एक-दुई घरमात्र छन्', सामरीकै रामेश्वर मगर भन्छन् ।

उमेरमा देवलालका गीत सुनेर तरुणीहरू कम आकर्षित भएका होइनन्, तर आफूले कहिल्यै आँखा



गायक देवलाल डंगोल

नलगाएको देवलाल सुनाउँछन् । 'आउँछु भनी मरिहत्ते गर्ने त कतिकति । अनुहार नराम्रो भए पनि गीत गाएपछि मोरीहरू भुतुक्कै', मुजा परेको गालामा बैंसालु हाँसो भर्दै उनले भने, घरमै श्रीमती थिइन्, अन्त कहाँ आँखा लगाउनु !'

■ **विष्णु तारुके/नुवाकोट** (तस्वीर पनि)

# फ्रेममा सुन्दरता

**कानमा लालिगुराँस** सिउरिएका मुगुका महिलाले रारा महोत्वसका बेला गरेको स्वागतबाट प्रभावित अर्थमन्त्री रामशरण महतले भनेका थिए, 'स्वर्गको टुक्रा रहेछ मुगु । सबैले एकचोटि आइदिन पर्‍यो ।' ५० को दशकमा डोल्पाको से-फोक्सुण्डो पुगेका एकजना जर्मनेली विदेशीले त्यहाँको सुन्दरतामाथि इंगित गर्दै भनेका थिए, 'म मेरो मुलुक बिर्सेर यहीं आएर बस्न चाहन्छु ।'

कर्णालीको प्राकृतिक सुन्दरताले मोहित पारेकै कारणले यस्ता भनाइ सार्वजनिक हुन्छन्, तर दूरदराजमा रहेको कर्णालीको सुन्दरता अवलोकन गर्नु सबैका लागि सहज छैन । त्यसैले धेरैलाई सधैं एउटै कौतुहलताले सताउँछ 'साँच्चिकै कर्णाली कस्तो छ ?' यिनै कौतुहलतालाई साम्य पार्ने फोटो समेटेर बालमन्दिरको नाफा हलमा 'मुगुको दर्पण, रारा' नामक एक साताका लागि फोटो प्रदर्शनी सुरु भएको छ ।

रारा, से-फोक्सुण्डो र कर्णालीको धार्मिक, सांस्कृतिक, आर्थिक र विकास सम्भावना समेटिएका दुई सय फोटा प्रदर्शनीमा राखिएका छन् । 'कर्णालीको सुन्दरता देख्न चाहने, तर त्यहाँ पुग्न नसक्नेहरूले यो प्रदर्शनीमार्फत बुझ्न सकून् भन्ने चाहन्छौं', फोटो प्रदर्शनीका संयोजक राजु कार्कीले भने ।

राष्ट्रियस्तरमा कर्णालीलाई अभाव, अपुग र गरिबहरूको क्षेत्रका रुपमा अर्थ्याइएको छ । यो वास्तवमै झूटो प्रचार गरिएको हो । त्यहाँ रहेको सम्भावना, सुन्दरता, सुलभता र उदारता कहिल्यै सार्वजनिक गर्न सकिएको छैन । नाफामा भइरहको फोटो प्रदर्शनीमा यही कुरा प्रत्यक्ष देखाइएको छ । 'कर्णाली सम्पन्न भएर पनि गरिब छ । यो कुरा सबैले थाहा पाउनु पर्छ', कर्णालीको सुन्दरता वर्णन गर्न नाफाको हलमा पुगेका पर्यटनमन्त्री प्रदीप ज्ञवाली भन्दै थिए ।

प्राकृतिक सुन्दरताले कर्णालीलाई जति सम्पन्न बनाएको छ, त्यति नै सम्पन्न यहाँको जनता हुन सक्ने सम्भावना छ । यहाँको प्राकृतिक सुन्दरतालाई सदुपयोग गर्न सक्ने हो भने सुन्दरताभित्र अनेक सम्भावना लुकेका छन्, केवल पहलको खाँचो छ ।



कर्णाली क्षेत्रबारे राजधानीमा भएको तस्वीर प्रदर्शनी

■ **ज्योति देवकोटा/काठमाडौं** (तस्वीर पनि)

# तातियो सम्मेलन केन्द्र

**कुनै बेला** उदितनारायणसँग पुतलीसडकमा बस्दा रेडियो नेपालमा रेकर्ड गरिएको 'साइँली र माइली पोइली गएछन्' बोलको गीतबाट उदितसँगै आफ्नो पहिचानलाई उचाइ दिएका थिए, मधु क्षेत्रीले। त्यसै गीतलाई दुई दशकपछि मधु क्षेत्रीले अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा खचाखच भएका दर्शकमाझ एक्लै पस्के।

दर्शकको तालीले लामो समयसम्म सम्मेलन केन्द्र गुन्जिरहँदा क्षेत्रीले भने, 'यो गीतलाई स्टेजमा गाउँदाको हर्षसँगै सहकर्मी उदितको अभाव पनि उत्तिकै खड्किएको छ, मलाई।'

नेपाली सुगम संगीतको मूलधारमा मधु क्षेत्रीको अलग्गै पहिचान छ। तीसको दशकमा उदाएका उनीसँगैका सहकर्मी दीप क्षेष्ठ, प्रकाश श्रेष्ठ, उदितनारायण, शम्भुजित बास्कोटा जस्ता स्रष्टाहरूले अलग्गै पहिचान मात्र बनाएका छैनन्। यसै पेसाबाट आफूलाई स्थापित समेत बनाए, तर मधु क्षेत्री भने ओझेलमा परिरहे। उनले गाउन थालेको तीन दशक बितिसकेको छ। उनले उति बेला गाएका गीतहरूले अहिले पनि श्रोतालाई जुरुक्क उचाल्ने गर्छन्। यिनै गीतलाई आइतवार साँझ मधु क्षेत्रीले सम्मेलन केन्द्रमा 'मधु क्षेत्री एकल साँझ'मा नयाँ जोसका साथ पोखे।



विकास कार्की

स्टेजबाट विगतमा आफूलाई परिचित गराउने लोकलयका आधुनिक गीतहरू पस्किँदा सबैको प्रशंसा मात्र पाएनन् उनले। 'यस्ता प्रतिभा कहाँ हराउँछन्' भन्ने दर्शकको जिज्ञासासमेत उनले साम्य पारे, 'म तपाईंहरूकै गायक, सधैं तपाईंहरूकै मनमै छु।'

२०३४ सालदेखि रेडियो नेपालमा गाउन थालेका मधु क्षेत्रीले 'साइँली र माइली पोइल गएछन्, पानी खाने निहुँले तिम्रो घरमा आउँला, फूलैफूल मात्र पनि होइन रै'छ जीवनजस्ता गीतहरूले आफ्नो जोसिलो आवाज प्रस्तुत गरेका थिए भने गायिका माण्डवी त्रिपाठी र सरिता घिमिरे उनलाई साथ दिएका थिए।

वीरगन्जमा जन्मिएका क्षेत्रीले २०३३ सालमा रेडियो नेपालबाट 'जालै हान्यो सपक्क दाइले' बोलको गीतबाट आफ्नो सांगीतिक यात्रा सुरु गरेका थिए। मैथली संस्कृतिमा हुर्किए पनि ठेट नेपाली तथा लोकशैलीका गीतहरूमा उनको अनुकरणीय योगदान छ।

'हरेक वर्ष बूढो हुँदै छु, तैपनि उति बेलाका गीत गाउन थाल्ने हो भने तीस वर्ष पहिलेको झ-झल्को आउँछ', आफ्नो ख्यातिप्राप्त लोकशैलीको चिउरी बोटैमा, के साह्रो सुहा'को लाली ओठैमा' गीतको लयलाई गायिका माण्डवी त्रिपाठीसँग मिलाउँदा दर्शकको तालीले सम्मेलन केन्द्र नै तातेको थियो।

■ **ज्योति देवकोटा**


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ट बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

# आवाज हरिदेवीको

**कर्णालीमा** जन्मेको पहिलो सामुदायिक रेडियो 'कर्णाली एफएम'मा कार्यक्रम संचालन सुरु गर्दा उनलाई पत्रकारिताको अर्थ कत्ति थाहा थिएन। तर, यो क्षेत्रमा उनले देखाएको क्षमता र शैलीकै कारण १८ वर्षकै कलिलो उमेरमा बिबिसी नेपाली सेवाका लागि कर्णाली रिपोर्टर छानिएकी छन्, हरिदेवी रोकाया।

मूलधारका सञ्चारमाध्यममा कर्णालीको कमै प्रतिनिधित्व देखिएको बेला जुम्लामै ११ कक्षामा अध्ययनरत हरिदेवीले पाएको सफलता लोभलाग्दो छ। बिबिसी नेपाली सेवाकै पहिलो महिला संवाददाताका रूपमा जुम्ला डेटलाइनमा अब हरिदेवीको आवाज सुनिनेछ। 'पत्रकारिताको 'प' पनि थाहा नभएका बेला सुरु भएको मेरो यात्रा यहाँ पुग्ला भन्ने सोचेकै थिइनँ,' हरिदेवी भन्छिन्। कर्णालीका महिला र बालबालिकाहरूले भोग्दै आएको पीडामा आफ्नो रिपोर्टिङ केन्द्रित हुने उनी बताउँछिन्। 'अहिलेसम्म कर्णालीका समस्या मिडियाले सही रूपमा समेट्न सकेका छैनन्। अभावको मात्र समाचारलाई स्थान दिने मान्यताको अन्त्य रेडियो रिपोर्टिङबाट गर्ने प्रयास गर्नेछु,' कलिली हरिदेवी परिपक्व लवजमा भन्छिन्।

कर्णाली अञ्चलका महिलाहरूले भोग्दै आएका समस्या पनि सञ्चारमाध्यममा अटाउन सकेका छैनन्। यसको एउटा कारण– महिला पत्रकारहरूको अभाव पनि हुनसक्छ। 'सामाजिक, आर्थिक र राजनीतिक रुपमा पछि परेका कर्णालीका महिलाहरूको समस्या बिबिसीमार्फत उजागर गर्नु मेरो महत्त्वपूर्ण जिम्मेवारी हो', हरिदेवी भन्छिन्।

कर्णाली एफएममा दुई वर्षदेखि बाल र महिलासम्बन्धी कार्यक्रम संचालन गर्दै आएकी हरिदेवी आफूले पाएको पछिल्लो सफलताले हर्षित छिन् तर पत्रकारका रूपमा आफूले गर्नुपर्ने कामहरूको संवेदनशीलताप्रति उत्तिकै गम्भीर पनि देखिन्छिन्।

■ ज्योति देवकोटा


समय






युवराज घिमिरे

# सिद्धान्तहीनता र दोहोरो मापदण्डको राजनीति

**संसद्को उन्मुक्तिपूर्ण** चौघेरालाई सदस्यहरूले राज्यका अन्य संवैधानिक निकायहरूलाई अपमानित र लाञ्छित गर्न त प्रयोग गर्न हुँदैन नै, संसद्कै थलोलाई पनि उनीहरूले मर्यादित रुपमा प्रयोग गर्नुपर्छ। यो प्रजातन्त्र र संसदीय व्यवस्थाको न्यूनतम अपेक्षा हो। हालै एकजना सांसदले आफूसँग भएको हतियार खोस्न सरकारलाई चुनौती दिएको घटना एउटा अपवाद मात्र बन्नु पर्छ, यद्यपि संसदीय इतिहासमा त्यो कलंकका रुपमा पनि अंकित हुनेछ। तर, यदि हामीले सिद्धान्तहीनता र दोहोरो मापदण्ड अपनायौं र संसद्को गरिमाप्रति वाणी र व्यवहारमा सचेत भएनौं भने कलंकपूर्ण अनेक घटनाहरू दोहोरिरहनेछन्, राजनीतिका विभिन्न पडावहरूमा।

एउटा कार्यक्रममा सर्वोच्चका एकजना न्यायाधीशले नेकपा एमाले महासचिव माधव नेपालसँग गुनासो गरे-तपाईंहरू धारा १२७ अन्तर्गतको सरकारमा सामेल हुँदा प्रतिगमन नहुने, तर सर्वोच्चले सार्वजनिक सुरक्षा ऐनअन्तर्गत गिरफ्तार एकजना पूर्वमन्त्रीको रिहाइ आदेश गर्दा 'हामी प्रतिगमनको मतियार हुने?' न्यायाधीशहरूले एमालेकै एक सांसदले सर्वोच्चमा 'प्रतिगमनका मतियार' भएको आरोपका साथ संसद्मा अभिव्यक्ति दिएका थिए। राजनीतिमा कानुनको दुरुपयोगद्वारा राजनीतिक प्रतिद्वन्दीहरूलाई सताउने छुट हुन्छ, तर एउटा स्वाभिमानी र व्यवसायिक अनि संविधानप्रति समर्पित सर्वोच्च अदालतसँग त्यो छुट हुँदैन। अहिलेको तरल असहिष्णु कार्यपालिकाको वर्चस्व बढेको अवस्थामा पनि सर्वोच्च अदालतले देखाएको चरित्रलाई त्यसैले सह्रानीय मान्नुपर्छ।

माधव नेपाललाई सर्वोच्चका ती आदरणीय न्यायाधीशले गोप्यरुपमा सोधेको प्रश्न राजनीतिक र सार्वजनिक जीवनका विभिन्न क्षेत्रबाट खुलारुपमा सोधिने सम्भावना प्रशस्त बढेको छ अहिले, खासगरी एमाले सत्ताको एउटा महत्त्वपूर्ण साझेदार हुँदाहुँदै नेपालले दिएका अनेक परस्पर विरोधी मन्तव्यका कारण। सबभन्दा माओवादीलाई सरकारमा सामेल गर्नेबारे उनले दिएका अभिव्यक्तिमा उनको हाले राजनीतिक अस्पष्टता र अपरिपक्वता झल्कन्छ।

माधव नेपाललाई सर्वोच्चका ती आदरणीय न्यायाधीशले गोप्यरुपमा सोधेको प्रश्न राजनीतिक र सार्वजनिक जीवनका विभिन्न क्षेत्रबाट खुलारुपमा सोधिने सम्भावना प्रशस्त बढेको छ अहिले, खासगरी एमाले सत्ताको एउटा महत्त्वपूर्ण साझेदार हुँदाहुँदै नेपालले दिएका अनेक परस्पर विरोधी मन्तव्यका कारण।

संयुक्त राष्ट्रसंघीय टोली नेता इयान मार्टिनले राष्ट्रसंघ मुख्यालयमा दिएको प्रतिवेदन र माओवादीहरूले प्रदर्शन गरेका व्यवहारका कारण उनीहरूलाई तत्काल अन्तरिम सरकारमा सामेल गर्न नहुने तर्क नेपालस्थित विभिन्न कूटनीतिक नियोगका प्रतिनिधिहरूका साथै नेपाली कांग्रेस र कांग्रेस प्रजातान्त्रिकले व्यक्त गरेको आपत्तिलाई एमालेले अस्वीकार गरेको त हैन भन्ने प्रश्न उठेको छ। के माओवादीलाई अन्तरिम सरकारमा सामेल गर्नमा केही पूर्वसर्तहरू आवश्यक छन्? वा माओवादीको आचरणमा सुधार र उनीहरूले जफत गरेका सम्पत्ति फिर्ता हुनु पर्ने जस्ता सर्तहरूलाई एमालेले खासै महत्त्व दिँदैन।

संसदीय व्यवस्थामा माओवादीहरूको प्रतिबद्धता विकसित होओस् र उनीहरूले दिल्ली सम्झौतामा उल्लेख भएजस्तै प्रजातन्त्र, शान्ति र समृद्धितर्फ आफ्ना कमद बढाऊन् भन्ने आमचाहना छ। तर, त्यसको प्रमाण माओवादीहरूले प्रस्तुत गर्नु पर्दैन भन्ने मान्यता एमाले महासचिवले प्रस्तुत गर्दा दलको राजनीतिक इमानदारीमाथि प्रश्न उठ्न सक्छ।

एमालेले विशेषत असोज १८ को शाही कदमपछि नै लगातार ढुलमुले र द्वैध चरित्रको राजनीति प्रदर्शन गर्दै आएको छ। जेठ १९ गतेको दरवार हत्याकाण्डको छानबिन समितिमा बस्ने आश्वासन फिर्ता लिनु परिस्थितिको बाध्यता मान्न सकिएला। तर असोज शासनमा प्रधानमन्त्री दिन दरखास्त दिनु, पछि शेरबहादुर देउवा सरकारमा सामेल भई विरोधीहरूको चरित्र देखाउने जस्ता दोहोरो चरित्र पनि एमालेले प्रस्तुत गरेको हो। तेलको भाउ बढाउन आफ्नै दलका मन्त्रीलाई अनुमति दिने र पछि सडक आन्दोलनमा आउने जस्ता व्यवहार एमालेले प्रदर्शन गरेको थियो, त्यस बेला।

अहिले ठिक त्यही व्यवहारको पुनरावृत्ति भएको छ, एमालेमा। सरकार प्रमुखका साथै राष्ट्र प्रमुखका रुपमा गिरिजाप्रसाद कोइरालालाई स्थापित गर्ने अन्तरिम संविधान निर्माण गर्न भूमिका खेलेको एमाले अहिले आफैंले 'निलम्बित' गरेका राजालाई हटाउन महाभियोगको प्रावधानको वकालत गर्दै छ। जुन संविधानमा सरकार प्रमुखलाई हटाउने व्यवस्था छैन, त्यहाँ कुन आधारमा निलम्बित राजालाई हटाउने? यो महत्त्वपूर्ण विषयमा जनतालाई सामेल नगरी आफूलाई क्रान्तिकारी देखाउन एमाले उद्यत त छैन?

एमाले सरकारमा छ र एमालेका विगतका गल्तीहरू राजाले माघ १९ गते गरेजस्तै त्रुटिपूर्ण नभए पनि, उसलाई जनताले मुलुकको वर्तमान राजनीतिक अवस्थाका लागि कुनै न कुनै रुपमा दोषी ठहर गरेका छन्। प्रधानमन्त्री कोइराला र देउवा अनि माओवादी नेतृत्वबारे पनि जनताले आफ्नो धारणा बनाउँदै आएका छन् र बनाइरहेका छन्। खालि राजालाई दोषी देखाएर आफ्ना अहिलेसम्मका गल्तीहरूका लागि एकतर्फीरुपमा एउटा व्यक्ति तथा संस्थालाई दोषी देखाउने गैरसंसदीय चरित्रले राजालाई बाहेक अरू कसैलाई फाइदा पुर्‍याउनेछैन। आफ्नो दोष र गल्ती स्वीकार नगर्ने दललाई प्रजातान्त्रिक मान्न सकिन्न। अहिले एकातिर तत्काल गणतन्त्र घोषणा गर्नु पर्ने अडान लिँदै माओवादीहरू आठ दलको सहमतिलाई चुनौती दिँदै छन्, आफैं रक्षात्मक राजनीतिक पंक्तिमा उभिएर भने एमाले सबैभन्दा बढी द्विविधापूर्ण राजनीतिको सिकार बनेको छ।

माधव नेपालले आफ्ना राजनीतिक मान्यताहरूलाई स्पष्टसँग अनि शान्ति प्रक्रियाको भावना घोषित प्रतिबद्धताअनुसार राख्ने साहस गरेनन् भने त्यसले व्यक्तिगतरुपमा उनको नेतृत्व र उनको दलकै लागि ठूलो घाटा निम्त्याउनेछ। ■